# नेपालमा अपाङ्गता भएका व्यक्ति/महिलाका पक्षमा बनेका कानूनी तथा नीतिगत बिश्लेषण र सुझावहरु

पेश गर्ने:

निर्मला धिताल

पाउने निकाय:

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र (DHRC)

## **विषय सूची**


शब्दसंक्षेप (ABBREVIATIONS)

सारसंक्षेप (EXECUTIVE SUMMARY)

**परिच्छेद १ : परिचय**

१.१. पृष्ठभूमि

१.२. अध्यायनको उद्देश्य

१.३. अध्ययनको विधि

१.४  अध्ययनको सीमा

१.६  अध्ययनको संरचना

१.७. अध्यायनको लक्षित समूहहरु र प्रयोगकर्ताहरु

**परिच्छेद २ : अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरुको परिचय**

२.१  अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी
२.२. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
२.३. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र, १९६६
२.४. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनतर्राष्ट्रिय अनुबन्धपत्र, १९६६
२.५. महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९
२.६. बाल अधिकार महासन्धि, १९८९
२.७. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६
२.८. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २००६

परिच्छेद ३: **अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि बनेका ऐन, नियमावली, कार्ययोजना र निर्देशिका**

३.१. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४
३.२. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली, २०७७
३.३. अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुनर्स्थापना) नीति, रणनीति तथा १० बर्षे कार्ययोजना २०७३- २०८२
३.४. अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९
३.५. अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र निर्देशिका २०६५ (पहिलो संसोधन २०७३) र कार्यबिधि
३.६. अपाङ्गता समावेशी स्वास्थ्य सेवा राष्ट्रिय निर्देशिका, २०१९

**परिच्छेद ४. राष्ट्रिय ऐन, कानुनमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी व्यवस्था**

४.१. नेपालको संविधान २०७२
४.२. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७४
४.३. जनस्वास्थ्य सेवा ऐन, २०७५
**४.४.** सामाजिक सुरक्षा ऐन, २०७५
४.५. अपराध पिडित संरक्षण ऐन २०७५
४.६. बालबालिका सम्बन्धी ऐन, २०७५
४.७. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
४.८. राष्ट्रिय स्वास्थ्य नीति २०७६
४.९. स्वास्थ्य बिमा ऐन २०७४
४.१०. मुलुकी अपराध (संहिता) ऐन, २०७४
४.११. मुलुकी देवानी (संहिता) ऐन, २०७४

परिच्छेद ५ : **प्रमुख नियमावलीहरुमा अपाङ्गताको आधारमा गरिएको बिभेदकारी व्यवस्थाहरु**

५.१. कारागार नियमावली, २०२०
५.२. धितोपत्र कारोबार नियमावली, २०५०
५.३. राष्ट्र ऋण नियमावली, २०५९
५.४. वैदेशिक रोजगार नियमावली, २०६४
५.५. शिक्षक सेवा आयोग नियमावली, २०५७
५.६. सहकारी नियमावली, २०४९
५.७. सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६०
५.८. सैनिक सेवा नियमावली, २०६९
५.९. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४
५.१०. धनादेश नियमावली, २०३१

**परिच्छेद ६: ऐन र नियमावलीहरुमा सुधार गर्नुपर्ने कानुनी प्रावधानहरु**

६.१. भाषिक विभेद र अपमानजनक शब्दाबली
६.२. अयोग्य ठहरिने व्यवस्था
६.३. पद रिक्त हुने, पदबाट हटाइने, पदमा कायम नरहने, पदमा नियुक्त नहुने
६.४. नाम खारेज गर्ने, दर्ता खारेज गर्ने, दर्ता किताबबाट नाम हटाइने, प्रमाणपत्र रद्द हुने
६.५. भिसा रद्द गर्न सकिने व्यवस्था
६.६. गर्भपतन गराउन सक्ने
६.७. प्रमाण कानुन संग सम्बन्धित व्यवस्था
**६**.८. कारागारमा राख्न सक्ने सम्बन्धि व्यवस्था

परिच्छेद ७: **अन्य ऐनहरुमा भएका अपाङ्गता भएका व्यक्तिलाई गरिएको बिभेदकारी व्यवस्थाको बिश्लेषण र उनीहरुको अधिकार संरक्षणका लागि गर्नुपर्ने कानुनी सुधारहरु सम्बन्धी सुझावहरु**

७.१. नेपालको संबिधान २०७२
७.२. सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५
७.३. घरेलु हिंसा (कसुर सजाय) ऐन २०६६ तथा नियमावली २०६७
७.४. मुलकी अपराध (संहिता) ऐन २०७४
७.५. मुलुकी देवानी (संहिता) ऐन २०७४
७.६. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४
७.७. प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४
७.८. मतदाता नामावली ऐन २०७३
७.९. स्थानिय तह निर्वाचन ऐन २०७३
७.१०. प्रमाण ऐन २०३१
७.११. बालबालिका सम्बन्धि ऐन २०७४
७.१२. बैक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३
७.१३. सवारी यातायत व्यवस्था ऐन २०४९
७.१४. घर जग्गा कर ऐन २०१९

## परिच्छेद ८ः अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि बनेका ऐन, नियमावली र निर्देशिकामा संसोधनका लागि सुझावहरुः

८.१.अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४
८.२. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि नियमावली २०७७
८.३. अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुर्नस्थापना) सम्बन्धि १० बर्षे कार्ययोजना २०७३-२०८२
८.४. अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९
९. सर्न्दभ समाग्रीहरु

## शब्द संक्षेप

OPD- Organizaiton of Person with disabilities

PWDs- Person with Disabilities

WWDs- Women with Disabilities

CWDs- Children with Disabilities

UNCRPD- United Nation Convention on the Persons with Disabilities

DPWA- Person with Disability Welfare Act

CBR- Community Based Rehabilitation

सारसंक्षेप (EXECUTATIVE SUMMARY):

नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्नका लागि बनेका ऐन, नीति नियमहरुको अध्यायन गरि तथ्यहरु पत्ता लगाउने उद्धेश्यका साथ यो अध्यायनको बिश्लेषण गरिएको हो । नेपालको संविधान लगायत अपाङ्गता सम्बन्धि वा अपाङ्गतालाई संम्बोधन गरेका र नगरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र नीति नियमहरुमा भएका सकारात्मक पक्ष, अस्पष्टता, बिभेदकारी व्यवस्था, कमि कमजोरी र चुनौतिहरु के कस्तो छन, कार्यन्वयन गर्नका लागि के गर्ने र परिमार्जन र सुधारका लागि सुझावहरु के हुन सक्छन् भन्ने बारेमा केन्द्रित भई नेपाल अपागं मानव अधिकार केन्द्रले वकालतका लागि दस्तावेज तयार गरि सरकार तथा अन्य सरोकारवाला निकायहरुको ध्यानाकर्षण गर्ने उद्देश्यका साथ यो सामग्री तयार पारिएको हो ।

यस भित्र ८ वटा परिच्छेदहरु छन् जस अर्न्तगत परिच्छेद १ मा परिचय खण्ड, परिच्छेद २ मा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि अन्तराष्ट्रिय कानुनहरुको परिचयको बिश्लेषण, परिच्छेद ३ मा अपाङ्गता भएका व्यक्तिक अधिकार सम्बन्धि बनेका ऐन, नियमावली, कार्ययोजना र निर्देशिकाको बिश्लेषण, परिच्छेद ४ मा रीष्ट्रिय कानुनमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि व्यवस्थाको बिश्लेषण, परिच्छेद ५ मा प्रमुख नियमावलीहरुमा अपाङ्गताका अधारमा गरिएको बिभेदकारी व्यवस्थाहरु, परिच्छेद ६ मा ऐन र नियमावलीमा सुधार गर्नु पर्ने कानुनी प्रावधानहरु, परिच्छेद ७ मा अन्य ऐनहरुमा भएका अपाङ्गता भएका व्यक्तिहरुलाई गरिएको बिभेदकारी व्यवस्थाको बिश्लेषण र उनीहरुको अधिकार संरक्षणका लागि गर्नुपर्ने कानुनी सुधार सम्बन्धि सुझावहरु, परिच्छेद ८ मा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि बनेका ऐन, नियमावली र निर्देशिकामा संसोधनका लागि सुझावहरु**का** बारेमा बिश्लेषण गरिएको छ ।

यस नीतिगत अध्यायनबाट पत्ता लगाईएका कुराहरु र सारसंक्षेप यहा प्रस्तुत गर्न खोजीएको छ ।
अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको आन्दोलन र अवधारणा बिश्वव्यापी रुपमा नै शुरुवालतको समयमा कल्याणकारी सोचको अवधारणा थियो जस्तैः अरुले उनीहरुका लागि दान दक्षिणा दिए हुन्छ आदि । यसै सिलसिलामा समय बिकास क्रम सँगै अपाङ्गतालाई उपचार वा चिकित्साकिय अवधाणाबाट बिकास हुन थाल्यो यसमा अपाङ्गता भएका व्यक्तिहरु रोगी हुन उपचार गरयो भने ठिक हुन्छ भन्ने अवधारणा थियो त्यसपछि समाज बिकास हुने क्रममा अपाङ्गतालाई सामाजिक अवधारणाबाट हेर्न थालियो जसमा अपाङ्गता हुनु भनेको उसको व्यक्तिगत समस्या हैन यो त समाजकै राज्यकै समस्या हो भन्ने अवधारणाको बिकास भयो । त्यसपछि समयको गतिशिलता र बिकास हुने क्रममा हाल अपाङ्गतालाई अधिकारमुखि अवधारणाको सोचबाट हेर्न थालिएको छ । जसमा हरेक कुरालाई उसको अधिकार सँग जोडेर हेर्न थालियो जस्तै खाना, नाना, छाना, शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्चन, खेलकुद, सामाजिक सुरक्षा आदि प्राप्तका लागि उनीहरुको हरेक अवरोधहरु हटाई सकारात्मक सोचका साथ अवसर, पहुँच, सहभागिता गराउदै समाज बिकासको मुल धारमा समाहित गर्दै लैजानु पर्दछ । यसका लागि अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत क्षमता बिकासका साथ साथै राज्यका नीति नियमहरुले अधिकारहरुलाई अंगिकार गर्दै कार्यन्वयन गर्नु पर्दछ अनि मात्र उनीहरुले कानुन र नीतिगत प्रत्यायोजन गरेका अधिकारहरु प्राप्त गर्न सक्छन् भन्ने मान्यता हो । यसै सिलसिलामा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि महासन्धि (सिआरपिडी) २००६, नेपालको संबिधान २०७२, सिआरपिडीलाई अवलम्बन गर्दै अपाङ्गता

भएका व्यक्तिका अधिकार सम्बन्धि ऐन २०७४, यसको नियमावली २०७७ लगायत स्वास्थ्य तथा पुर्नस्थापना सम्बन्धि १० बर्षे नीति तथा कार्ययोजना लगायत निर्देशिका र कार्यबिधिहरु बनाईएका छन् । अन्तरर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय कानुन, नीति र नियमहरुमा उल्लेख भए अनुसार अपाङ्गताको भएकै आधारमा कुनै पनि व्यक्ति विरूद्ध कुनै पनि किसिमको भेदभाव गर्न नपाईने, उनीहरुको जन्मसिद्ध नैसर्गिक मर्यादा तथा वैयक्तिक स्वतन्त्रताको सम्मान गर्नुपर्ने, समाजमा उनीहरुको पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण हुनुपर्ने, मानवीय विविधताका साथ साथै मानवीयताको अङ्गको रूपमा अपाङ्गता भएका व्यक्तिको भिन्नताको स्वीकार्यता हुनुपर्ने, अवसरहरूमा समानता, सेवा सुबिधा, साधनमा पहुँच, पुरूष र महिला बीच समानता, अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान गर्नुपर्ने जस्ता सिद्धान्त अंगिकार गरेको छ । तसर्थ अन्य नागरिक सरह अपाङ्गता भएका व्यक्तिहरूले पनि हक अधिकारको संरक्षण गर्नु राज्य एवं प्रत्येक व्यक्तिको दायित्व हो । त्यसो नगरेमा दण्डभागी हुनुपर्ने समेत कानुनी व्यवस्था छ ।

अपाङ्गता भएका व्यक्तिका सवाललाई नै केन्द्रित गरि बनेका ऐन, नीति नियम, निर्देशिका र अन्तरिम कार्यबिधिहरु बन्नु आफैमा सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । संरचनागत र नीतिगत व्यवस्था हुँदाहुदै पनि तिनका कार्यन्वयन प्रभावकारी नहुनु र व्यवहारीक पक्षमा भने धेरै नै कमी कमजोरी देखिएका छन् अझ अपाङ्गता भित्रको बिबिधतालाई मसिनो सुक्ष्म रुपमा गहिरो गरि अध्यायन भने गरेको पाईदैन । अपाङ्गता भएका महिलाको सवालमा छुटटै धारामा सम्बोधन गरेको पाईदैन प्रायजसो नीति नियम ऐन कानुनले अपाङ्गताको समग्रतालाई समेटन खोजिएको छ, तर सिआरपिडी २००६ र अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि ऐन २०७४ ले भने छुट्टै धाराको व्यवस्था गरि सवाल पहिचान गर्दै बिशेष अधिकारहरु समेटने प्रयास गरेका यो सकारात्मक पक्ष छ ।

अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता भएकै कारण थुपै चुनौतिहरु सामान गर्दै आएका छन जसले गर्दा उनीहरुको जति व्यत्तित्व बिकास हुनु पर्ने हो त्यो हुन नसकेको अवस्था छ अझै पनि अपाङ्गता भएका व्यक्तिहरुलाई दया, माया र बिचराको पात्रको रुपमा, समाजमा हास्यको पात्रको रुपमा हेर्ने र केही गर्न नसक्ने असक्षम व्यक्तिको रुपमा गणना गर्ने, साथै पहिचानको अधिकार समेत गुमेको अवस्था छ । अझै पनि जसले सुरक्षा र संरक्षण गर्छु भनेर पालन पोषण गरिरहेका व्यक्तिहरुबाट हिंसाको शिकार हुनु परेको यर्थाथता हाम्रो सामु छ ।

उनीहरुमा आउने कार्यगत सिमितताका कारण आवागमनमा अवरोध हुनु, उनीहरु बस्ने स्थान वा घरमा नै हेला, घृणा र वेवास्ता गर्नु, अन्य छोराछोरी र नागरिकको तुलनामा परिवार समाज र राज्यबाट नै बिभेदपूर्ण व्यवहार गर्नु, भौतिक देखि सूचना सञ्चार संस्थागत वा नीतिगत अवरोध सोचाईजन्य एवंम संरचनागत अवरोध हुनु, अपाङ्गतामैत्री सूचना तथा सञ्चार नहुनु, अपाङ्गता सम्बन्धिका बिशेषज्ञ डा. को अभाव हुनु, अपाङ्गतामैत्री सेवा सुविधा उपलब्ध नहुनु, औषधि तथा सरसफाईका समाग्रीहरुमा पहुँच नहुनु, प्रकोप पूर्व प्रकोपको समय र प्रकोप पश्चात पुनरउत्थानका कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिका सवाल समेटन नसक्नु र भईरहेका अपाङ्गता भएका व्यक्तिका लागि मात्र बनेका बिद्यमान नीति तथा योजनाको पनि प्रभावकारी कार्यन्वयन र भए नभएको हेर्न अनुगमन नहुनाले सुधार गर्ने कुराहरुमा

ध्यान जान नसकेको आदि जस्ता कुराहरु मुख्य चुनौतिका रुपमा देखा परेका छन । यी कुरामा राज्यका निकायहरु, निजी क्षेत्र, नागरिक समाज, परिवार, राजनीतिक दल लगायत सरोकारवाला निकायहरुको त्यति ध्यान पुग्न सकिरहेको अवस्था छैन जसले गर्दा अपाङ्गता भएका व्यक्ति तथा महिलाको सवाल साझा सवाल र मानव अधिकारको सवाल बन्न सकेको छैन । अपाङ्गता भएका व्यक्तिका हक अधिकार प्राप्तीका लागि जसको सवाल उसैको नेतृत्व भन्ने मुल नारा र अधिकारमुखि अबधारणालाई अंगिकार गर्दै अपाङ्गता भएका व्यक्तिहरुले आफ्ना अभियानहरु सञ्चालन गर्दै आएका छन् । त्यसैको फलस्वरुप महासन्धि, अपाङ्गता अधिकार ऐन, अपाङ्गता अधिकार नियमावली सुचना तथा सञ्चार र भौतिक संरचना सम्बन्धि निर्देशिका, परिचयपत्र कार्यबिधि, सामाजिक सुरक्षा भत्ता सम्बन्धिका व्यवस्थाहरु ल्याउन सफल भएका छौ ।

नेपाल सरकारले उल्लेखित चुनौतिहरुको समाधान गर्नका लागि अन्य नीति नियमहरुबाट अपाङ्गता भएका व्यक्तिहरुलाई गरिएको संस्थागत बिभेदहरु हटाउनका लागि पुराना नीति नियमहरुमा भएका त्रुत्रिहरु संसोधन गर्ने र नया पनि बनाउदै जानुपर्छ । घरपायक पहुँचयुक्त सेवा सुबिधा दिन पर्छ, त्यसैगरि पहुचयुक्त शिक्षा प्रणालीमा सुधार गर्नु पर्ने, अपाङ्गता भएका व्यक्तिलाई सम्मानित शब्द तथा सभ्य भाषाको प्रयोग गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिका आत्म सम्मानका लागि मर्यादित सम्मानित व्यवहार गर्नुपर्ने, सहायक समाग्रीहरुको निर्माण र पहुँचयुक्त बितरण गरिनु पर्ने, अपाङ्गता भएका महिलाको प्रजनन् स्वास्थ्यको अधिकारका लागि जनचेतनाका कृयाकलापहरु सञ्चालन गर्नुपर्ने, नियमित स्वास्थ्य उपचार र स्वास्थ्यका समाग्रीहरु पहुँचयुक्त स्थानमा उपलब्ध गराउनु पर्ने उपचारमा पहिलो प्राथमिकता दिनु, अपागंता अधिकार, ऐन र कानुनका बारेमा व्यक्तिगततहमा तालिम प्रदान गर्नु पर्ने, सहयोगी तथा अभिभावकलाई अपाङ्गता भएका व्यक्तिको हेरबिचार सम्बन्धि तालिम प्रदान गर्नु, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्यमा पहुँच पुर्‍याउन सवै प्रकारका अवरोधहरु हटाउनु पर्ने जस्तै बिश्वव्यापी ढाँचामा लैगिक मैत्री र अपाङ्गतामैत्री भौतिक संरचना निर्माण गर्नु, अपाङ्गतामैत्री प्रबिधि, हिंसा न्यूनिकरणका लागि अपाङ्गता भएका महिलाका लागि बिशेष सम्बोधन गर्नुपर्ने, हिंसा न्यूनिकरणका लागि शुन्य सहिष्णुताको नीति अवलम्बन गर्नुपर्ने, सकारात्मक बिभेदको नीति अवलम्बन गर्नुपर्ने, सूचना तथा सञ्चारको व्यवस्था गर्नु पर्ने, मानवीय स्रोतको बिकासका लागि अपाङ्गताको बिशेषज्ञहरुहरु उत्पादन गर्नु, अपागता भएका अधिकारका क्षेत्रमा नीति तथा कार्ययोजना बनाई लगानीमा बृद्धि गर्नु पर्ने, हरेक अवसरमा पहुँचका लागि आरक्षण सिटको व्यवस्था गर्नु पर्ने, रोजगार र आय आर्जनमा सहभागितामा बृद्धि गर्नु पर्ने, हरेक निकायमा अर्थपूर्ण सहभागिताका लागि पहुँच बिस्तार गर्नुपर्ने, बिपद् पुर्व बिपद्को समयमा र बिपद पश्चातका पुनरउत्थानका योजनाहरुमा अपाङ्गता केन्द्रित भई उनीहरुको सहभागिता गर्नु पर्ने जस्ता कुराहरुमा ध्यान दिनु आजको आवश्यक भएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकार प्राप्तीका लागि सकारात्मक नीतिको अवलम्बन गर्दै उनीहरुको सवाललाई उच्च प्राथमिकतामा राखि कार्यन्वयन गर्दै अधिकार सुनिश्चित गर्न अत्यावश्यक छ । यदि उल्लेखित समस्या वा चुनौतिहरुलाई सम्बोधनका साथै समाधन गर्ने प्रयास गरिएन उनीहरुले गुणस्तरिय र सर्वागिण बिकास हुन सक्दैन । उनीहरुलाई योजना बनाउन देखि कार्यन्वयन र अनुगमन समेत गर्ने

कार्यमा प्रत्यक्ष सहभागिता गराउनु सक्यो भने हरेका क्षेत्रमा समावेशी बिकास हुन सक्छ । उनीहरु पनि अन्य नागरिक सरह यहि समाज र राज्यका अभिन्न अंग हुन त्यसैले अवसरका समानीकरणका लागि बिशेष प्राथमिकता दिन सक्यो भने अन्य नागरिक सरह समाज र राष्ट्रका लागि ठूलो योगदान दिन सक्छन भन्ने सकारात्मक सन्देश फैलाउनु पर्छ ।

सवै भन्दा महत्वपूर्ण कुरा भनेको नीति निर्माण तहमा आसिन व्यक्तित्वहरुको सोचमा सकारात्मक परिवर्तन आउनु पर्दछ साथै नीति नियममा निर्दिष्ट गरेका व्यवस्थाहरुमा बारेमा पूर्ण रुपमा ज्ञान हुन आवश्यक छ त्यसका लागि जनचेतना र अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्दै नीतिगत व्यवस्थाको प्रभावकारी कार्यन्वयन र अनुगमन गरिनु पर्दछ । कसैलाई पनि पछाडि नछाडौ भन्ने दिगो बिकास २०३० को मूल मर्म अनुसार बिद्यमान नीति, नियम र कार्यहरुमा परिमार्जन गर्दै उनीहरुको हरेक क्षेत्रमा पहुँच बिस्तार गर्दै लैजानु पर्छ अनिमात्र उनीहरु पनि बिकासको मुल धारमा समावेश हुन सक्छन् । अन्य नागरिक सरह समान आधारमा व्यवहारमा समता गर्दै समाबेश गर्नु राज्यको आफ्नो दायित्व हो । अपाङ्गता भएका व्यक्तिको अधिकार स्थापित गर्न र उनीहरुको पहुँचमा बृद्धि गर्न अपाङ्गता अधिकारको क्षेत्रमा काम गर्ने संघ संस्था र नागरिक समाजले पनि सरकारसँग साझेदारी गर्दै निरन्तर रुपमा अधिकार प्राप्तिका लागि वकालत तथा पैरवी गर्नु आजको आवश्यकता भएको कुरा निष्कर्षको रुपमा यो दस्तावेजले अंगिकार गरेको छ ।

# परिच्छेद- १

# परिचय

## १.१ अपाङ्गताको पृष्ठभूमी र वर्तमान अवस्था:

सन २०११ मा विश्व वैंक र विश्व स्वास्थ्य संगठनले प्रकाशन गरेको अपाङ्गता सम्बन्धि विश्व प्रतिवेदनका अनुसार संसारको कुल जनसंख्याको १५% मानिसहरूमा कुनै न कुनै रूपमा अपाङ्गता रहेको छ । अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसंख्याको ८० % गरिब तथा अल्पविकसित देशमा वस्छन् जसमध्ये २० % भन्दा बढी गरिवीको रेखामुनी रहेका छन ।

सन् १९४८ को मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भए सँगै अन्तर्राष्ट्रिय परिवेशमा अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई पनि कुनै न कुनै रूपमा स्वीकार गर्न थालिएको हो । यसै सन्दर्भमा सन १९७१ मा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि घोषणापत्र ल्याइयो भने १९७५ मा अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई प्रवर्द्ध गर्न छुट्टै घोषणापत्र जारि गरियो । अपाङ्गता भएका व्यक्तिका अधिकारका पक्षमा कामहरूलाई थप प्रभावकारी बनाउन राष्ट्र संघले सन १९८१ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा घोषणा गर्यो र सन १९८२ मा अपाङ्गता भएका व्यक्तिहरूका विकास र सशसक्तिकरणको लागि काम गर्न विश्व कार्य योजना (The world Program of Action Concerning Disabled Persons) जारि गरियो । १९८३ देखि १९९२ को

अवधिलाई विभिन्न कार्यक्रमहरू सहित अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दशकको रूपमा मनाउने घोषणा भयो। सन १९८९ मा संयुक्त राष्ट्रसंघले पारित गरेको बालअधिकार सम्बन्धी महासन्धीमा अपाङ्गता भएका बालबालिकाका समेत केहि अधिकारहरू समेटिए भने १९९० मा थाइल्याण्डको जोमटिएनमा भएको सबैको लागि शिक्षा सम्बन्धी विश्व सम्मेलनले जारी गरेको घोषणापत्र र सन २००० मा सेनेगलको डकारमा भएको शिक्षा सम्बन्धी विश्व सम्मेलनले अवलम्बन गरेको १५ वर्षे कार्ययोजनाले अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकारलाई पनि सम्बोधन गर्यो । १९९३ मा राष्ट्र संघले पुनःअपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूलाई थप सम्बोधन गर्दै अवसर समानिकरण सम्बन्धि प्रामाणिक नियमहरू जारी गर्यो जुन एक प्रकारको नरम प्रकृतिको कानुन थियो । यस कानुनले पहिलो पटक अपाङ्गता भएका व्यक्तिहरूलाई विकासका वाहक तथा लक्षित समुह दुवैको रूपमा परिभाषित गर्‍यो ।

उल्लेखित घोषणापत्र, कार्यक्रम र नियमहरूले विकसित देशहरूमा अपाङ्गता भएका व्यक्तिका अधिकार सुनिश्चितताको लागि र उनीहरूलाई समानरूपमा मानव अधिकारको प्रत्याभूति गर्न राम्रो काम गरेको भएतापनि विकासशील, विकास्वन्मुख, अविकसित तथा अल्पविकसित देशहरूमा भने आशातित रूपमा परिणामहरू आउन सकेनन् । मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा संझौताहरूले सबैलाई समान रूपमा अधिकारहरू प्रदान गरेको भएतापनि उक्त अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूको हकमा वास्तविक जीवनमा चरितार्थ हुन सकेनन् । फलस्वरूप अपाङ्गता भएका व्यक्तिकहरूको अधिकारहरूलाई अझ प्रष्ट पार्न र विश्व समुदायलाई अपाङ्गता भएका व्यक्तिका अधिकारहरू प्रति जिम्मेवार बनाउन छुट्टै र बाध्यकारी अन्तर्राष्ट्रिय कानुनको आवश्यकता महसुस गरियो । यसै आवश्यकतालाई मध्यजनर गरि सन २००६ को डिसेम्बर १३ मा संयुक्त राष्ट्रसंघले "अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि" पारित गरयो भने २१ औँ सताब्दीकै पहिलो मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको रूपमा आएको यो महासन्धि ३ मे २००८ देखि विश्वभर लागू भएको छ। नेपालको व्यवस्थापिका संसदले यस महासन्धीलाई २००९ को डिसेम्बर २७ मा अनुमोदन गरेको हो भने संयुक्त राष्ट्र संघको महासभामा २०१० मे ७ मा अनुमोदन भएको थियो ।

यसैगरि अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धनको लागि एशिया तथा प्रशान्त क्षेत्रमा छुट्टै नीति, योजना र रणनीतिहरू निर्माण गरि काम गर्न १९९२ देखि सुरू गरिएको हो । यसै क्रममा २३ एप्रील १९९२ मा १९९३ देखि २००२ सम्मको अवधिलाई यस क्षेत्रका लागि विभिन्न कार्यक्रम र नीतिहरू सहित अपाङ्गता सम्बन्धी पहिलो क्षेत्रीय दशकको रूपमा घोषणा गरियो । यसैगरि सन २००२ मा "अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी, अवरोधमुक्त र अधिकारमा आधारित समाज" भन्ने नाराका साथ नयाँ नीति र कार्ययोजना सहित पुन २००३ देखि २०१२ को अवधिलाई एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको विस्तारित दशकको रूपमा घोषणा गरियो ।

अपाङ्गता अधिकारका लागि छुट्टै महासन्धिको आगमन सँगै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र सम्बर्द्धनमा नयाँ आयाम थपिए पछि विश्वव्यापी रूपमा महासन्धीको प्रभावकारी कार्यान्वयन र यसको अनुगमन आजको प्रमुख मुद्दा बनेको छ । यसै सन्दर्भलाई आत्मसात गरि युएन स्क्यापको आयोजनामा एशिया तथा प्रशान्त क्षेत्रका सदस्य र सह सदस्य राष्ट्रका सरकार प्रमुख र नागरिक समाजका प्रतिनिधिहरू को सम्मेलन गरि दक्षिण कोरियाको इन्च्योन शहरमा सन २०१२ मा २००३ देखि २०१२ सम्मको क्षेत्रीय दशकको कार्यान्वयनको समिक्षा गरे । सोहि सम्मेलनले आगामी समयमा महासन्धिको कार्यान्वयनलाई मुख्य उद्देश्य बनाइ सन २०१३ देखि २०२२ सम्मको अवधिका लागि १० वर्षे क्षेत्रीय

रणनीतिको घोषणा गरिएको छ । "Make the Rights Real" भन्ने मुख्य नाराका साथ घोषणा गरिएको यस रणनीतिलाई इन्च्योन रणनीति भनेर नामाकरण गरिएको छ। युएन स्क्यापको सदस्य राष्ट्रको हैसियतले नेपालले पनि एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता सम्बन्धी हरेक क्षेत्रीय नीति, कार्यक्रम र रणनीतिहरूमा आफ्नो पूर्ण प्रतिवद्धता जनाउँदै आएको छ र सम्बन्धित हरेक सम्मेलनहरूमा सकृय सहभागिता पनि जनाउँदै आएको छ ।

नेपालमा भने बिडम्बनाको कुरा के छ भने अपाङ्गता भएका व्यक्तिहरुको बारेमा बिस्तृत खण्डिकृत तथ्याङ्क उपलब्ध छैन । हरेक १० बर्षमा गरिने गरेको राष्ट्रिय जनगणनामा २०५८ सालबाट पहिलो पटक तथ्यांक लिन सुरु गरिएको सो तथ्याङ्कका एकदमै न्यून संख्यामा ०.४५% अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक आएको थियो तर सन् २०११ मा विश्व वैक र बिश्व स्वास्थ्य संगठनद्धारा प्रकाशित अपाङ्गता सम्बन्धि बिश्व प्रतिवेदनका अनुसार संसारको कुल जनसंख्याको १५ % मानिसहरु कुनै न कुनै रुपमा अपाङ्गता व्यहोरी रहेका छन् । त्यसैगरि संयुक्त राष्ट्र संघक २००७ को प्रतिवेदन अनुसार अपाङ्गता भएका व्यक्तिहरुको कुल जनसंख्याको ८० प्रतिशत गरिव तथा अल्पबिकसित देशमा बस्छन् ती मध्ये २० प्रतिशत भन्दा बढी गरिवीको रेखामुनि रहेका छन । त्यसको झण्डै आधा हिस्सा अपाङ्गता भएका महिलाहरु रहेको तथ्य उल्लेख गरेको छ ।

यसैगरि २०६८ **राष्ट्रिय जनगणना** दोस्रो पटकको तथ्यांकले **देखाए अनुसार नेपालको कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् ।** कुल अपाङ्गता भएका व्यक्तिको जनसंख्यामा अपाङ्गता भएका महिलाहरु करिव ४५% रहेका छन् । २०६८ सालको राष्ट्रिय जनगणनामा भने अपाङ्गताको प्रकार अनुसार खण्डीकृत तथ्याङ्क संकलन प्रारम्भ गरिएको थियो । अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी पाइएको छ । तथ्यांकका आधारमा ८९% अपाङ्गता भएका व्यक्तिहरु ग्रामीण क्षेत्रमा रहेका छन् ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरू लामो समयदेखि सामाजिक विभेदमा परेको र सेवा सुविधा र अवसरमा ज्यादै कम पहुँच भएको समुहको रूपमा चिनिन्छन् । समान आधारमा समावेशी शिक्षा, पहुँचयुक्त स्वास्थ्योपचार र सेवा, रोजगारी, स्वरोजगारी, तालिम, अपाङ्गतामैत्री सार्वजनिक सेवा तथा संरचना, पुनर्स्थापना, सहायक सामग्री र सहयोगी सेवा, अपाङ्गतामैत्री कानुन र निर्णय प्रकृयाहरू, विशेष सामाजिक सुरक्षा, सामाजिक भेदभावबाट मुक्ति, निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता जस्ता विषयहरू हाल नेपालमा अपाङ्गता अधिकारको सन्दर्भमा उठिरहेका मुख्य सवालहरू हुन ।

नेपालमा सरकारले अपाङ्गताका सवालहरूलाई अलग्गै कानुन बनाइ सम्बोधन गर्न २०३९ सालदेखि थालेको हो । राष्ट्रसंघले सन १९८१ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्ष घोषणा गरे सँगसँगै नेपालले “अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९“ लागू गरि यसको सुरूवात गरेको भएतापनि यस अघि नै गैर सरकारी स्तरमा अपाङ्गता भएका व्यक्तिहरूका लागि केहि कामहरूको सुरूवात भै सकेको थियो । २०२१ सालदेखि दृष्टिविहीनहरूको लागि, २०२३ सालदेखि सुस्तश्रवणहरूका लागि र २०२६ सालदेखि शारीरिक अपाङ्गता भएकाहरूका लागि शिक्षा दिनसंस्थागत प्रयासहरू सुरु भैसकेका थिए । यसैगरि २०३० सालमा सरकारी स्तरमा विशेष शिक्षा परिषदको स्थापना गरि अपाङ्गता भएका व्यक्तिहरूलाइ शिक्षामा पहुँच पुर्‍याउने थप प्रयासहरू भएका थिए ।

“नेपाल अधिराज्यको सम्बिधान २०४७“ ले पहिलो पटक अपाङ्गता भएका व्यक्तिका केहि अधिकारहरूलाई निर्देशक सिद्दान्तहरूमा उल्लेख गर्‍यो । २०३९ सालमा बनेको कानुनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने लामो समयसम्म बन्न नसकेको नियमावली “अपाङ्ग संरक्षण तथा कल्याण नियमावली“ २०५१ सालमा बन्यो । २०५३ सालमा विशेष शिक्षालाई प्रवर्द्धन गर्नको लागि छुट्टै विषेश शिक्षा नीति निर्माण गरियो जसले विशेष शिक्षा परिषदमा अपाङ्गता क्षेत्रको प्रतिनिधित्व समेत सुनिश्चित गर्यो ।

२०४७ सालको राजनैतिक परिवर्तन पछि बनेको नयाँ सम्बिधानले जनतालाई आफ्ना वर्गीय, पेशागत र सामुहिक सवालहरूमा स्वयम सकृय र संगठित भई काम गर्न अधिकार प्रदान गर्‍यो । यस अवसरको उपयोग गरि अपाङ्गता भएका व्यक्तिहरू पनि गैर सरकारी स्तरमा आफ्नो अधिकारको लागि संस्थागत रूपमा संगठित हुन थाले । २०५० सालमा राष्ट्रिय अपाङ्ग महासंघको स्थापना भयो । राष्ट्रिय अपाङ्ग महासंघको स्थापना सँगै अपाङ्गताको अधिकारमुखी र सामाजिक अवधारणाको विस्तारै प्रचार र प्रसार हुन थाल्यो । १९९३ मा संयुक्त राष्ट्रसंघले जारी गरेका अवसर समानीकरण सम्बन्धी प्रामाणिक नियमहरूले अपाङ्गतालाई सामाजिक र विकासको दृष्टिकोणबाट व्याख्या गर्यो । यसले अपाङ्गता कुनै व्यक्तिगत रोग, समस्या वा असक्षमता नभएर सामाजिक विभेद र विभिन्न अवरोधहरूबाट सृजित एक अवस्था हो जसबाट व्यक्तिलाई मुक्त गरि समाजमा समान हैसियतमा सकृय र उत्पादनशील जीवन ज्यून सक्ने बनाउन सकिन्छ भन्ने वृहत दृष्टिकोण अघी सार्दै अपाङ्गता दान, दया र पुण्यको विषय नभई विकास प्रकृया र मानवअधिकारसँग आवद्ध गरेर सम्बोधन गर्नुपर्ने विषय हो भन्ने मान्यता स्थापित गर्यो । यस मुल्य र मान्यतालाई नेपालमा स्थापित र प्रचार प्रसार गर्न अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित गैर सरकारी संस्था, अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने गैर सरकारी संस्था, अपाङ्गता अधिकार कर्मी र मानवअधिकार कर्मीहरूको पहल निकै राम्रो रहेको छ भने यस नयाँ अवधारणालाई नेपाल सरकारले पनि क्रमश संस्थागत गर्दै लगेको छ ।

नेपालमा अपाङ्गता क्षेत्रमा काम गर्ने संघ संस्थाहरूको सकृयता सँगै राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई क्रमश नीति र कार्यक्रमहरूमा पनि सम्बोधन गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र दिने कामको सुरूवात २०५७ सालदेखि गरियो भने वदलिँदो चाहना र अपाङ्गताको वदलिँदो अवधारणालाई आत्मसात गरि नेपाल सरकारले २०६३ सालमा अपाङ्गताको परिभाषा र वर्गीकरणलाई पुनःपरिभाषित गर्‍यो । सोहि साल तत्कालिन मन्त्रालय महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना समेत निर्माण गरि लागू गर्यो । अपाङ्गताको नयाँ परिभाषा र वर्गीकरण अनुसार परिचयपत्रलाई अपाङ्गताको गम्भीरताको आधारमा चार प्रकारमा वर्गीकरण गरि महिला तथा बालबालिका कार्यालयबाट उपलब्ध गराउने व्यवस्था गरियो र परिचयपत्र वितरण सम्बन्धी निर्देशिकालाई थप विस्तृत बनाइयो । अपाङ्गतालाई अन्य सवालसँग सँगसँगै जाने सवाल (Cross Cutting issue) को रूपमा ग्रहण गरि केहि सेवा सुविधाहरू शिक्षा ऐन, स्थानीय स्वायत्व शासन ऐन, सार्वजनिक यतायात सम्बन्धी ऐन, भवन निर्माण आचारसंहिता, निजवामति सेवा ऐन तथा नियमावलीमा उल्लेख गरिएको छ । हाल अपाङ्गता भएका व्यक्तिहरूलाई निजामति सेवामा ५% सिट आरक्षण गरिएको छ भने सरकारी विद्यालय तथा कलेज दुवैमा शिक्षा निःशुल्क गरिएको छ । हवाइ तथा स्थलका सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूलाई भाडामा ५०% छुट दिएको छ भने आयकरको दायरा अपाङ्गता भएका व्यक्तिको हकमा ५०% ले फराकिलो पारिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको पुनःर्स्थापनाको लागि राष्ट्रिय अपाङ्ग कोषको व्यवस्था गरिएको छ भने महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयमार्फत ७५ वटै जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको छ । अपाङ्गता भएका बालबालिका र व्यक्तिहरूलाई पनि अन्य बालबालिका

सरहनै समावेशी वातावरणमा शिक्षा दिनुपर्छ भन्ने पछिल्लो मान्यतासँगै नेपालमा पनि शिक्षा विभागले समावेशी शिक्षाको अवधारणालाई आत्मसात गरेको छ । गैर सरकारी निकायहरूसँग साझेदारी गरि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयलये अपाङ्गताको सवालमा जनचेतना, पुनःस्थापना र शसक्तिकरणका कामहरू गर्दै आएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत अपाङ्गता भएका व्यक्तिहरूलाई मासिक रु ३०० देखि १००० सम्म भत्ताको व्यवस्था गरिएको थियो भने हाल स्थानिय निकायहरुबाट नै निलो कार्ड भएकालाई मासिक रु. १६०० र रातो कार्ड भएकाहरुलाई ३००० सम्म भत्ता दिने व्यवस्था रहेको छ। २०६९ सालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक संरचना र सञ्चार सेवा पहुँचयुक्त बनाउन मन्त्रीपरिषदबाट छुट्टै निर्देशिका पारित गरि लागू गरिएको छ ।

नेपाल सरकारले अपाङ्गताको सवाल हेर्न तत्कालिन महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा २०७१ साल देखि एउटा छुट्टै अपाङ्गता अधिकार प्रवर्द्धन शाखा गठन गरेको छ भने प्रधानमन्त्री कार्यालय लगायत अन्य केहि मन्त्रालयहरूले पनि अपाङ्गताको सवाल हेर्न छुट्टै डेस्कको व्यवस्था गरेका छन् । बि.स. २०७७ सालमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा मन्त्रिको अध्यक्षतामा अपाङ्गता अधिकार ऐनमा व्यवस्था भए बमोजिम १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व गराएर  राष्ट्रिय निर्देशन समिति गठन गरेको छ। बि.स. २०६२/०६३ को जनआन्दोलन र यसले ल्याएको परिवर्तन पश्चात निर्माण गरिएको अन्तरिम संविधानमा अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई थप समावेश गरिएको छ भने सोहि संविधान अन्तर्गत गठन भएको संविधान सभामा २ जना अपाङ्गता भएका व्यक्तिहरू सभासदको रूपमा समेत मनोनित भएका थिए। हाल पछिल्लो समयमा १ जना राष्ट्रिय सभामा अपाङ्गता भएका व्यक्ति निर्वाचित हुनु भएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीको अनुमोदन पश्चात नेपाल सरकार विद्यमान कानुन र नीतिहरूलाई सो महासन्धी अनुकुल हुने गरि सुधार र संशोधन गर्ने कार्यहरूमा लागेको छ।

अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि ऐन, २०७४ ले अशक्तताको गाम्भिर्यताको आधारमा पूर्ण अशक्त अपाङ्गतालाई रातो परिचयपत्र, अति अशक्त अपाङ्गतालाई निलो परिचयपत्र, मध्यम अपाङ्गतालाई पहेंलो परिचयपत्र तथा सामन्य अपाङ्गतालाई सेतो परिचयपत्र प्रदान गरेको छ। यसैगरि उक्त ऐनले शारीरिक अंङ्ग प्रणालीमा भएको समस्या तथा कठिनाईको आधारमा अपाङ्गता भएका व्यक्तिलाई १० प्रकारमा बर्गिकरण गरेको छ जस अनुसार शारीरिक अपाङ्गता, दृष्टि सम्बन्धि अपाङ्गता, सुनाई सम्बन्धि अपाङ्गता, श्रवण दृष्टिबिहिन अपाङ्गता, स्वर र बोलाई सम्बन्धि अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशिय रक्तश्राव (हेमोफेलिया) सम्बन्धि अपाङ्गता, अटिजम सम्बन्धि अपाङ्गता र बहुअपाङ्गता रहेका छन्।

विगतका केहि बर्ष यता अपाङ्गता भएका व्यक्तिको लागि नयां कानुन, नीति नियमहरु बनेका छन, यो सकारात्मक पक्ष हो । अपाङ्गता भएका व्यक्तिहरु जोखिमयुक्त व्यक्तिहरुको सुचीमा पर्छन् । त्यस्तैगरी महिलाहरु पनि जोखिमयुक्त समुदाय हो । तसर्थ कुनैपनि किसिमको अपाङ्गता भएका महिलाहरु दोहोरो जोखिमतामा छन् भनी सहजै दाबी गर्न सकिन्छ। नेपालमा अपाङ्गता भएका व्यक्तिहरु लामो समयदेखि सामाजिक विभेदमा परेका र सेवा सुविधा तथा अवसरमा ज्यादै कम पहुँच भएको वर्गको रुपमा रहेको हुँदा उनीहरु सामाजिक वहिष्करण र उपेक्षा सहन बाध्य छन्। सामाजिक बिभेद तथा उपेक्षा, आधारभूत सेवा सुबिधामा न्यून पहुँच, अवरोधयुक्त भौतिक संरचना प्रणाली र सुबिधाहरु, मानव अधिकारहरुको उपयोगमा अवरोध, बिभेदकारी नियम, कानून र अभ्यासहरु र निर्णय प्रकृयामा सहभागि हुन नपाउने

अवस्था अपाङ्गता भएका व्यक्तिका साझा सवालहरु हुन् । अपाङ्गता भित्रको बिबिधता केलाउने हो भने अपाङ्गता भएका महिलाहरु त पहुँचमा झनै पछाडि छन् । अझ त्यसमा पनि बिद्यमान महासन्धि, ऐन, कानुन, नीति, नियम, निर्देशिका आदिले पनि प्रभावकारी रुपमा समेट्न सकेको अवस्था छैन ।

नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन गरिसकेको छ त्यस मध्ये अपाङ्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी र यसको इच्छाधिन आलेखलाई सन् २०१० मा अनुमोदन गरि पक्षराष्ट्र भएको छ । नेपाल पक्षराष्ट्र भएपछि ती सन्धि सम्झौताहरुको कार्यान्वयन गर्न विभिन्न राष्ट्रिय कानुन तथा नीति नियमहरु तर्जुमा गरि लागु गर्नुपर्दछ । ती कानुन तथा नीति नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न राज्यले उपयुक्त संयन्त्र निर्माण गर्नु पर्दछ र त्यसको प्रगति विवरण सम्बन्धीत समितिमा आवधिक प्रतिवेदन पेश गर्नु सरकारको दायित्व रहन्छ ।

अपाङ्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी २००६ को धारा ६ मा अपाङ्गता भएका महिलाहरुको विशेषाधिकारको बारेमा उल्लेख गरिएको छ । जसमा महिलाहरु बहुविभेदको मारमा परेकाछन् भन्ने कुरालाई स्वीकार गर्दै उनीहरुको मानवअधिकार र आधारभूत स्वतन्त्रता सुनिश्चित गर्नुपर्ने लगायत उनीहरुको पूर्ण विकास, प्रगति र शसक्तिकरणको लागि आवश्यक सवै उपाय अवलम्बन गर्नुपर्ने उल्लेख गरिएको छ । यहि महासन्धिले प्रत्याभुत गरेका अधिकारहरुलाई कार्यान्वयनगर्ने सिलसिलामा विगतका वर्षहरुमा नेपाल सरकारले विभिन्न कानुन तथा नीति नियम तर्जुमा गरि लागू गरिसकेको अवस्था छ ।

विभिन्न कानुन, नीति नियमको तर्जुमा सकारात्मक कदमहरु हुँदाहुदै पनि यसको कार्यान्वयनको पाटो धेरै चुनौतीपूर्ण छ । साथै महिलाको लागि गर्नुपर्ने विशेष व्यवस्थाहरुको बारेमा पर्याप्त व्यवस्था हुनसकेको छैन । अपाङ्गता भएका व्यक्तिहरुको हक एवं अधिकार रक्षाको लागि कानुनहरु त बनाइए तर अपाङ्गता भएका महिलाहरुको जोखिमपुर्ण अवस्थालाई ति कानुनी दस्तावेजहरुले समेट्न भने सकेको छैन । यस अध्ययनले अहिले भइरहेकाका कानुन तथा नीति नियममा भएका राम्रा प्रावधानहरुको बारेमा उल्लेख गर्नुको साथै विशेष गरि अपाङ्गता भएका महिलाहरुको विशेष सवाललाई कसरी सम्वोधन गर्न सकिन्छ भन्ने बारेमा सरकारलाई सुझाव दिन मद्दत मिल्ने आशा गरिएको छ ।

## १.२) अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

- बिद्यमान नेपाली कानुनहरुले प्रदान गरेको अपाङ्गता भएका महिलाहरुको अधिकारहरुको अध्ययन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्ताबेज र नेपाली कानुनहरु तथा नीतिहरुको बिच तुलनात्मक अध्ययन गर्ने,
- विद्यमान नेपाली कानुनमा अपाङ्गता भएका महिलाहरुको अधिकारको प्रत्याभूतिको लागि आवश्यक सुझावहरु दिने ।

## १.३) अध्ययनको बिधिः

यो अध्ययन मूलतः द्वितीय स्रोतको पुनरावलोकनको आधारमा गरिएको अध्ययन हो । यस अध्ययनको लागि निम्न विधिहरु अवलम्बन गरिएको छ :

**(क) कानुनहरु मापन**

नेपालको विद्यमान कानुनहरुको मापन गरी अपाङ्गता भएका व्यक्तिको अधिकारसँग सम्बन्धित व्यवस्थाहरु रहेका कानुनहरु छनौट गरिएको छ । जसअन्तर्गत, निम्न कानुनहरु छनौट गरिएका छन् :

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानुनी व्यवस्था र महिलासम्बन्धी भएका राज्यका नीतिहरूको अपाङ्गता भएका महिलाको सन्दर्भमा विश्लेषण गरिएको छ । मापन गरिएको कानुन तथा नीतिहरूमा रहेको सकारात्मक पक्ष साथै कमी कमजोरीलाई पत्ता लगाउने प्रयास गरिएको छ । नेपालको विद्यमान कानुनहरुको मापन गरी अपाङ्गता भएका व्यक्तिको अधिकारसँग सम्बन्धित व्यवस्थाहरु रहेका माथि उल्लेखित संबिधान, नीति, नियमावली, निर्देशिका र कार्ययोजनाहरु छनौट गरिएको छ ।

**(ख) अध्ययन/तथ्यांकको संकलन**

अध्ययनको प्रयोजनका लागि शिक्षा, स्वास्थ्य, अर्थ, राष्ट्रिय महिला आयोग, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र विभिन्न संघ/संस्थाहरूद्वारा प्रकाशित पुस्तक, प्रतिवेदन, वेवसाइट मार्फत प्रकाशित बिभिन्न सम्बन्धीत दस्ताबेजहरुको संकलन गरिएको छ । मुलत महिला एवं अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसंग सम्बन्धी ऐन, नियम, कानुन लगायत सोहीसंग सम्बन्धी पुस्तक, लेख रचना, प्रतिवेदनहरुको अध्ययन गरी यो अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

**ग) तुलनात्मक अध्यायन र बिश्लेषण**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि कानुनी व्यवस्था र महिला सम्बन्धि भएका राज्यका नीतिहरुको अपाङ्गता भएका महिलाको सर्न्दभमा तुलनात्मक अध्यायन र बिश्लेषण गरिएको छ । यस अध्यायनमा मापन गरिएका कानुन तथा नीतिहरुमा रहेको सकारात्मक पक्ष साथै कमी कमजोरीहरुलाई पत्ता लगाउने प्रयास गरिएको छ ।

**१.४) अध्ययनको सीमा**

यो अध्ययन अपाङ्गता भएका महिलाहरुको अधिकारको बिषयमा केन्द्रीत छ । यस अध्ययनमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि २००६ सँग नेपालका बिद्यमान कानुनी प्रावधानहरुको अध्ययन गरिएको छ । यो अध्ययन मापन गरिएको कानुनहरु र संकलित अध्ययन तथ्यांकको गुणात्मक विश्लेषणमा आधारित छ ।

**१.५) अध्ययनको संरचना**

यस दस्तावेजमा ८ वटा खण्ड वा परिच्छेदमा बिश्लेषण गर्न खोजिएको छ जस अर्न्तगत परिच्छेद १ मा परिचय खण्ड, परिच्छेद २ मा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि अन्तराष्ट्रिय कानुनहरुको परिचयको बिश्लेषण, परिच्छेद ३ मा अपाङ्गता भएका व्यक्तिक अधिकार सम्बन्धि बनेका ऐन, नियमावली, कार्ययोजना र निर्देशिकाको बिश्लेषण, परिच्छेद ४ मा रीष्ट्रय कानुनमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि व्यवस्थाको बिश्लेषण, परिच्छेद ५ मा समस्या बिश्लेषण र अपाङ्गता

भएका महिलाहरुको पक्षमा बनेका नीतिगत कमी कमजोरीको बिश्लेषण, परिच्छेद ५ मा प्रमुख नियमावलीहरुमा अपाङ्गताका अधारमा गरिएको बिभेदनकारी व्यवस्थाहरु, परिच्छेद ६ मा ऐन र नियमावलीमा सुधार गर्नु पर्ने कानुनी प्रावधानहरु, परिच्छेद ७ मा अन्य ऐनहरुमा भएका अपाङ्गता भएका व्यक्तिहरुलाई गरिएको बिभेदकारी व्यवस्थाको बिश्लेषण र उनीहरुको अधिकार संरक्षणका लागि गर्नुपर्ने कानुनस सुधारा सम्बन्धि सुझावहरु, परिच्छेद ८ मा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि बनेका ऐन, नियमावली र निर्देशिकामा संसोधनका लागि सुझावहरु**का** बारेमा बिश्लेषण गरिएको छ र अन्त्यमा सन्दर्भ समाग्रीहरु राखिएको छ ।

## परिच्छेद -२

# मानव अधिकार सम्बन्धि अन्तराष्ट्रिय कानुनी दस्तावेजहरुको बिश्लेषण

## २.१) मानव अधिकार समम्बन्धि बिश्वव्यापी घोषणापत्र १९४८:

दोश्रो विश्व युद्ध समाप्त भएपछि २४ अक्टोबर सन् १९४५ मा संयुक्त राष्ट्र संघको विधिवत स्थापना भएको थियो । तर त्यस भन्दा अगाडि ५० मुलुकका प्रतिनिधिहरुले बृहत छलफल तथा परामर्श गरि २६ जुन १९४५ मा संयुक्त राष्ट्र संघको चार्टरमा हस्ताक्षर गरेका थिए । विश्व युद्धको विभिषिकाबाट पाठ सिकेर फेरि त्यस्ता खालका विभिषिका नदोहोरिउन भन्ने हेतूले र संयुक्त राष्ट्र संघको चार्टरलाई थप प्रभावकारी बनाउन मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको मस्यौदा गरियो । संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९४८ को डिसेम्बर १० मा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भयो । उक्त घोषणापत्रलाई सबै राष्ट्रहरुले एक मतले निर्विवाद स्वीकार गरेको दस्तावेज भएकोले हालसम्म सर्वस्वीकार्य छ । यो घोषणापत्र बाध्यकारी कानुन नभए पनि यसले मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड निर्माण गरेको छ । उक्त घोषणापत्रले कुनै पनि व्यक्तिको मानव अधिकारलाई जन्मसिद्ध एवं नैसर्गिक अधिकारको रुपमा व्याख्या गरेको छ । यो घोषणापत्रले हरेक मानिस स्वतन्त्र भएर जन्मने हुंदा मानवको स्वतन्त्रता, मर्यादा, अधिकार, आत्मसम्मान र हक अधिकारमा सबै समान हुन्छन् भनी उल्लेख गरेको छ । यो दस्तावेजले नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सवै अधिकार सबैका लागि समान हुन्छन् भन्ने कुराको उजागर गरेको छ साथै जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार, सम्मान पूर्वक बाँच्न र कुनै भेदभाव तथा अवरोधविना प्रत्येक व्यक्तिको बैयक्तिक अधिकारको निर्वाध ढंगले उपभोग गर्न पाउनु पर्दछ भन्ने मान्यता राख्दछ । सबै प्रकारका भेदभाव बिरुद्धको अधिकार यस दस्तावेजको मूलभूत सिद्धान्त हो भन्ने कुरालाई जोड दिएको छ । सो घोषणापत्रका ३० वटा धाराहरु रहेका छन् । सोही घोषणापत्रका आधारमा सबैजसो राष्ट्रहरुले आआफ्नो सम्बिधान तथा मूल कानुनको निर्माण गरि व्यक्तिको जन्म सिद्ध मौलिक हक तथा अधिकारहरुको प्रत्याभूत गरेका छन् । उक्त घोषणापत्र ५०० भन्दा बढि भाषामा अनुवाद गरिएकोछ ।

## २.२) आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्द-पत्र १९६६

यो अनुबन्धपत्रले सबैका लागि आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको सुनिश्चितता गरेको छ र राज्यलाई जिम्मेवार बनाएको छ । नेपाल यस दस्तावेजलाई अनुमोदन गरेको छ र यो नेपालको कानुन सरह लागु हुने दस्तावेज हो त्यसैले यो पनि नेपालको लागि एउटा बाध्यकारी दस्तावेज हो । यस दस्तावेजले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोगमा राज्यले लैगिंकताको आधारमा समान व्यवहार गरिने कुरा सुनिश्चित गरेको छ । प्रत्येक व्यक्तिलाई काम गर्न पाउने, काम गरे बापत यथोचित ज्याला वा तलव पाउनु पर्ने, आफनो स्वतन्त्र मन्जुरीमा बिवाह गर्न पाउनु पर्ने, सामाजिक सुरक्षा हुनु पर्ने, शारीरिक र मानसिक तथा प्रजनन् स्वास्थ्यको अधिकार, शिक्षाको, उचित आवासको, सुरक्षित बास तथा खानाको अधिकार, स्वास्थ्यको अधिकार, साँस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार, उचित जिवनयापन लागायतका अधिकारहरू सुनिश्चित गरेको छ । यी सवै अधिकारहरु महिलाको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने अधिकारहरु हुन । यसले कसैलाई पनि बलजफती बासबाट निकाला गर्न नहुने, कारणबिना रोजगारीबाट हटाउन नहुने, स्वास्थ्य शिक्षा आवास लगायतका सेवा प्रदान गर्नेक्रमा भेदभाव गर्न नहुने जस्ता कुराहरू पनि उल्लेख छन् ।

## २.३) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६

यो अनुबन्ध पत्र एक बाध्यकारी दस्तावेज हो। यसले प्रत्येक व्यत्तिको नागरिक तथा राजनीतिक अधिकारका बारेमा व्यवस्था गरेको छ । सबैका लागि जीउज्यानको सुरक्षाको अधिकार, भेदभाव विरुद्दको अधिकार, गोपनियताको अधिकार, विचार र अभिव्यक्ति, को स्वतन्त्रताको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार, संगठित हुन पाउने र भेला हुन पाउने स्वतन्त्रताको अधिकार, हिड्डुल गर्न पाउने स्वतन्त्रताको अधिकार, स्वच्छ पूर्पक्षको अधिकार जस्ता धरै प्रावधानहरु महिलाका लागि महत्वपूर्ण मान्न सकिन्छ साथै कुनै पनि व्यक्तिको नागरिक तथा राजनीतिक अधिकारलाई अनुशरण गर्दा कुनै पनि देशमा जन्मिएका व्यक्तिले त्यस देशको नागरिकको हैसियतले स्वाभिमानपूर्वक बाँच्न आवश्यक पर्ने अधकारलाई नागरिक ता राजनीतिक अधिकारको रुपमा व्याख्या गरिएको छ ।
यो अनुबन्धलाई अनुमोदन गर्ने देशमा कुनै पनि व्यक्तिलाई लैगिंक वा अन्य बिभेदका आधारमा हक अधिकार उपभोग गर्नबाट बन्चित गर्न नहुने, कसैलाई पनि दासत्वमा राख्न नहुने, बलजफती श्रममा लगाउन नहुने जस्ता अधिकारहरुको व्यवस्था गरेको छ। नेपालले पनि यस दस्तावेजलाई अनुमोदन गरेको छ र यसलाई नेपालमा कानुन सरह लागु गर्नु पर्ने कुरा बाध्यकारी रुपमा लागु गर्नु पर्ने हुन्छ।

## २.४) महिला बिरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धी १९७९

मानव अधिकार सम्बन्धी बिभिन्न बाध्यकारी कानुनी दस्तावेजहरु बनाई कानुनी रुपमा अधिकार प्रदान गरेता पनि बिश्वभरी नै लैगिंकताको आधारमा वा महिला बिरुद्ध भेदभाव कायम नै रहेको हुनाले यो दस्तावेजको आवश्यकता भएको हो । यो महासन्धिले महिला बिरुद्धको भेदभाव समाजमा रहेको तथ्यलाई स्वीकार्दै  यस्तो व्यवहार सामाजिक व्यवहारको उपज हो भनेको छ । लैगिकताका आधारमा आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, राजनीतिक लगायत समाजका विविध पक्षमा फरकपन छ, व्यवहारमा असमानता छ र भेदभाव पनि छ र बिशेष गरि महिलारु ऋधिकारको उपभोग गर्नबाट बन्चित रहेका छन् भन्ने कुरालाई अंगिकार गर्दै यो महासन्धीले सबै लिंगका बीच कानुनमा मात्रै समानता नभएर व्यवहारमा पनि समानता सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । त्यसैले यो दस्तावेजले बिशेष गरि समाजमा व्याप्त साँस्कृतिक, आर्थिक बिभेद, राजनीतिक बिभेद, नागरिक अधिकार र सामाजिक बिभेदको अवस्थाबाट महिलालाई मुक्त गर्न उपायहरुको व्यवस्था र लिगंको आधारमा गरिने बिभेद बीचको खाडललाई परिपूर्ति गर्न खोजेको छ ।

यो महासन्धीले महिलाहरूका लागि भेदभाव गर्न नहुने, समानता र महिलाको विकासका लागि अस्थाई रुपमा विशेष व्यवस्था (कोटा वा आरक्षणको व्यवस्था) गर्नुपर्ने, राज्यले हानीकारक साँस्कृतिक व्यवहारलाई राज्यले परिवर्तन गर्न पहल गर्नुपर्ने, बेचबिखन तथा यौन हिंसा विरुद्दको अधिकार, राजनीतिक अधिकार,  राष्ट्रिय र अन्तराष्ट्रिय सार्वजनिक मञ्चमा सहभागि हुन पाउने अधिकार, राष्ट्रियता सम्बन्धी अधिकार, शिक्षा तथा स्वास्थ्यको अधिकार, विवाहसम्बन्धी विषयवस्तु लगायतका अधिकारहरूको व्यवस्था गरेको छ। शहरका महिलाको तुलनामा ग्रामिण महिलाको फरक आवश्यकता हुन्छ र सोही अनुरुप उनीहरूको हकअधिकारलाई सुनिश्चित गरिनुपर्छ भन्ने कुरालाई यो महासन्धीले उल्लेख गरेको छ।

यो महासन्धी महिला समानता र बिकास सम्बन्धी सवै आयामहरु समेटि महिलाको मानव अधिकारलाई बैधानिक मान्यता दिएको एक महत्वपूर्ण दस्तावेज हो । त्यस्तै, यो महासन्धिलाई अनुमोदन गर्ने प्रत्येक

राष्ट्रका लागि यो आफ्नै देशको कानुन सरह लागु हुन सक्ने कानुनी दस्तावेज पनि हो । यस दस्तावेजमा उल्लेख गरिएको महिलाका निम्ती गरिएका बिशेष प्रावधानलाई भेदभाव रुपमा नमानी सकारात्मक बिभेदका रुपमा व्याख्या गरिएको छ ।

### २.५) बाल अधिकार सम्बन्धि महासन्धि, १९८९:

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी २००६ ले अपाङ्गता भएका बालबालिकाको अधिकारलाई धारा ७ मा सुनिश्चित गरेको छ । बालअधिकार महासन्धी संसारभरिका बबालबालिकाको हक अधिकार सुनिश्चित गर्नका लागि भनेर निर्माण भएको हो । बालअधिकार महासन्धीले भेदभाव रहितपना, जीवन र विकासको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार (बालबालिकाको विचार र भावनाको कदर) तथा बालबालिकाको सर्वोत्तम हित जस्तो आधारभुत सिद्दान्तहरु समेटेको छ । तसर्थ अपाङ्गता भएका बालबालिकाको अधिकारका लागि यि दुइ महासन्धीलाई सँगै हेरिनुपर्छ ।

मानव अधिकार सम्बन्धी बिभिन्न बाध्यकारी कानुनी दस्तावेजहरुहरुमा अधिकारहरु प्रत्यायोजन गरेता पनि बिश्वभरी नै बालबालिकाहरुलाई भेदभाव कायम नै रहेको हुनाले यो दस्तावेजको आवश्यकता भएको हो । यो महासन्धिले सबै बालबालिकाको नाम र राष्ट्रियताको अधिकार, आमाबुवा सँग बसोबास गर्न पाउने अधिकार, पारिवारिक पुर्नमिलनको अधिकार, बालबालिकाको बिचार प्रकट गर्न पाउने र बिचारले उचित मान्यता पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, बिचार बिवेक र धर्म सम्बन्धी स्वतन्त्रताको अधिकार, संगठन सम्बन्धी स्वतन्त्रताको अधिकार, नीजिपन संरक्षणको अधिकार, उचित जानकारुी प्राप्तीको अधिकार, अपाङ्गता भएका बालबालिकाहरुको अधिकार, स्वास्थ्य र स्वास्थ्य सेवाको अधिकार, सामाजिक सुरक्षाको अधिकार, शिक्षाको अधिकार, अल्पसंख्यक वा आदिवासी जनताका बालबालिकाले पाउनु पर्ने अधिकार, फुर्सद, आराम र साँस्कृतिक क्रियाकलापहरु गर्न पाउने अधिकार, लागु पद्धार्थको दुरुप्रयोगबाट संरक्षण पाउने अधिकार, यौन तथा अन्य शोषणकोबाट संरक्षण पाउनु पर्ने अधिकार, सशस्त्र संघर्षका बेला बालबालिकालाई प्रयोग गर्न नदिन राज्यले अपनाउनु पर्ने कदमका बारेमा समेतका व्यवस्थाहरु उल्लेख गरेको छ । यसैगरि राज्यले बिभेद, शोषण, दुर्व्यवहार उपेक्षाबाट बालबालिकाहरुलाई संरक्षण गर्ने दायित्व समेत उल्लेख गरेको छ ।

बाल अधिकार महासन्धिले निर्दिष्ट गरेका विभिन्न अधिकारका प्रावधानहरुलाई ब्यबहारिक कार्यान्वयनका दृष्टिकोणबाट विभिन्न ढंगले वर्गिकरण गर्ने गरिएको पाइन्छ ।

***बाँच्न पाउने अधिकार :*** सबै बालबालिकाहरुको बाँच्न पाउने अधिकार छ । कुनै पनि कारणले बालबालिकाहरुको मृत्यु हुनबाट रोक्नु हामी सबैको कर्तब्य हो । यस अन्तर्गत बालबालिकाहरु स्वस्थ र सुरक्षित जन्मनका लागि गर्भवती आमाको सुरक्षा र स्याहार, जन्मेपछी रोगहरुसँग लड्नका लागि खोप तथा आवश्यकता परेको समयमा उचित औषधी उपचार पाउने अधिकारहरु पर्दछन् । यस अधिकारलाई बाल अधिकारसम्बन्धि महासन्धिको धारा ६, ८ र २७ मा उल्लेख गरिएको छ ।

***बिकास गर्न पाउने अधिकार :*** कुनै पनि भेदभाव बिना नै बालबालिकाहरुले आफ्नो शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा नैतिक विकास गर्ने अवसरहरु पाउनुपर्दछ । यसका लागि सबै बालबालिकाहरुले शिक्षा पाउने, आफुले जानेको र रुची राख्ने खेलकुदमा क्षमता अनुसार सहभागी हुन पाउने, मनोरञ्जन गर्न पाउने, सिप सिक्न पाउनुपर्दछ । यसैलाइ बालबालिकाको बिकास गर्न पाउने अधिकार भनिन्छ । यस अधिकारलाई बाल अधिकारसम्बन्धि महासन्धिको धारा १८,१९,२८,२९,३० र ३१ मा उल्लेख गरिएको छ ।

***संरक्षण पाउने अधिकार :*** बालबालिकाहरु शारिरिक तथा मानसिक हिसाबले हुर्कदै गरेको अवस्थाका व्यक्तिहरु भएकाले उनीहरुलाई हाम्रो समाज घर तथा विश्वमा थुप्रै अप्ठचारा तथा खतराहरु आइपर्न सक्छन् । ती सबै अप्ठचारा परिस्थितीबाट उनीहरुलाई सुरक्षित गर्नुपर्दछ । यस अन्तर्गत उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा लाग्न बाट जोगाउने, बेचबखिन, यौन दुर्व्यबहार, यौन शोषण, हिंसा, लडाइ झगडा, गरिबी, प्राकृतिक प्रकोप र यसबाट उत्पन्न भएका अप्ठचाराहरु, कुलत, दुर्व्यसन आदिबाट उनीहरुले सुरक्षा पाउनुपर्ने अधिकार पर्दछन् । यसरी उनीहरुलाई विभिन्न जोखिमहरुबाट संरक्षण गर्न सरकारले कानून बनाएर लागु गर्नुपर्ने कुरा पनि यसै अन्तर्गत पर्दछ । यस अधिकारलाई बाल अधिकारसम्बन्धि महासन्धिको धारा ९, २०, २१, २२,२३,२६,३२,३३,३४,३५,३६,३७,३८,३९ र ४० मा उल्लेख गरिएको छ ।

***सहभागिताको अधिकार :*** बालबालिकाहरुले आफ्नो जिवनमा असर पार्ने विषय र गतिविधिहरुमा र त्यस सम्बन्धि निति निर्णयहरु गर्दा आफु सहभागी हुन र आफ्नो बिचार राख्न पाउनुपर्दछ । यसैलाई बालबालिकाको सहभागीताको अधिकार भनिन्छ । बालबालिकाहरुले आफ्नो घर, टोल समाज, विद्यालय, संस्था, समुह राष्ट्र र अन्तर्राष्ट्रिय तहमा पनि बालबालिकाका बिषयमा हुने छलफल, कुराकानी तथा नियम कानून र कार्यक्रमहरु बनाउँदा आफ्नो बिचार ठीक तरिकाले ठिक ठाउँमा राख्न पाउने अधिकार नै यस अधिकार भित्र पर्दछ । यस अन्तर्गत बालबालिकाहरुले सूचना पाउने र प्रदान गर्ने तथा आफ्नो सँगठन र समूहहरु बनाएर बाल अधिकारको संरक्षण र लागु गर्ने काम पनि गर्न सक्छन् । यस अधिकारलाई बाल अधिकारसम्बन्धि महासन्धिकौ धारा १२, १३, १४ र १५ मा उल्लेख गरिएको छ ।

**२.६) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६** (United Nations Convention on the Rights of Persons with Disabilities)

यस महासन्धिमा नेपाल सरकारले ३ जनवरी २००८ मा हस्ताक्षर गरि पक्ष राष्ट्रको हैसियत प्राप्त गरिसकेकोछ । उपर्युक्त महासन्धिमा हस्ताक्षर गरि अनुमोदन गर्ने राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूलाई विना कुनै भेदभाव मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धतापत्रहरूमा उल्लिखित सबै अधिकारका साथ साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रदान गर्दै उनीहरुलाई त्यस्ता अधिकार र स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रत्याभूति दिनु पर्ने हुन्छ ।

यो महासन्धिले अपाङ्गता भएका व्यक्तिको मर्यादा, सम्मान, सहभागिता, समावेशीकरण, समान अवसर सम्बन्धी समान अधिकारका आधारभूत सिद्धान्तहरुलाई आत्मासाथ गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुले पनि अन्य व्यक्ति सरह सबै प्रकारका मानव अधिकारहरु समान रुपले उपभोग गर्न पाउने व्यवस्था गरेको छ । अन्य नागरिकहरुलाई जस्तै अपाङ्गता भएका व्यक्तिहरुका बिशेष अधिकारहरुको बिषयमा उल्लेख गर्नुको साथै अधिकार दिलाउन बिभिन्न कानुनी व्यवस्था गर्न जोड दिएको छ । यसले अपाङ्गता भएका व्यक्तिहरुका लागि कस्तो सुबिधा उपलब्ध गराउनु पर्छ र बिभिन्न प्रकारका भेदभाव, उपेक्षा, दूर्व्यवहार र हिंसाहरु अन्त्य गर्न र उनीहरुले भोगिरहेका बिभिन्न समस्या र पीडाहरुबाट मुक्त गर्न सरकारले चाल्नु पर्ने कदमहरुको बारेमा समेत उल्लेख गरको छ । जसमा अपाङ्गता भित्र पनि अपाङ्गता भएका महिलाहरु बहुबिभेदको मारमा परेका छन भन्ने कुरालाई स्विकार्दै उनीहरुको मानव अधिकार र आधारभूत स्वतन्त्रताको सुनिश्चित गर्नु पर्ने कुरालाई बिशेष गरि छुट्टै धारामा अपाङ्गता

भएका महिलाको अधिकारलाई जोड दिदै उनीहरुको पुर्ण बिकास, प्रगति र सशक्तिकरणको लागि आवश्यक सबै उपायहरु अवलम्बन गर्नु पर्ने कुरा स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

यस महासन्धिमा अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा आफ्नो बासस्थान छनौट गर्ने अधिकार हुन्छ र कुनै खास किसिमको बसोबास व्यवस्थामा बस्नका लागि उनीहरूलाई बाध्य पार्न पाईदैन । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई बस्न र समुदायमा समावेश हुन तथा समुदायबाट एक्ल्याउने र अलग्याउने कार्य गर्न पाईदैन । सर्वसाधारणलाई उपलब्ध सामुदायिक सेवा तथा सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समान आधारमा उपलब्ध गराउनु पर्ने कुराम बिशेष जोड दिएको छ ।

त्यसैगरि यस महासन्धिले अपाङ्गताको बिबिधताको आधारमा आवश्यकता अनुसार उपयुक्त अनुकुलताको व्यवस्था गर्नु पर्ने कुरा स्पष्ट सँग व्याख्या गरेको छ । यस महासन्धिको धारा २ मा “उपयुक्त अनुकूलता” भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्ति सरह समान अधिकारमा सम्पुर्ण मानव अधिकार तथा आधरभूत स्वतन्त्रताहरुको उपयोग वा प्रयोगको सुनिश्चितता गर्नका लागि कुनै निश्चित अवस्थामा भएकोमा असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिने आवश्यक र उपयुक्त सुधार वा अनुकूलता सम्भनु पर्छ भनी परिभाषित गरेको छ । भौतिक अवसर हटाउन तथा सूचना सञ्चारमा पहुँचयुक्तताको अधिकार, जनचेतना अभिबृद्धि गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिलाई मानव बिबिधता भित्रको बिबिधतामा स्विकार्यता आदिलाई अवलम्बन गर्ने कुरामा बिशेष जोड दिएको छ ।

यसैगरि अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकतम स्वतन्त्रता, पूर्ण शारीरिक, मानसिक, सामाजिक र व्यवसायिक सक्षमता हासिल गर्न तथा जीवनका सबै पक्षहरूमा पूर्णरूपले समावेश हुन सक्षम तुल्याउन स्वास्थ्य, शिक्षा, रोजगारी, राजनीतिक, खेलकूद र सामाजिक सेवाका क्षेत्रहरूमा विस्तृत वासस्थान र पुनर्स्थापना सम्बन्धी सेवा तथा कार्यक्रमहरू सुदृढिकरण तथा विस्तार गर्नुपर्ने उल्लेख छ । साथै अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिहरू सरह समान आधारमा काम गर्न पाउने अधिकारलाई पक्ष राष्ट्रहरूले स्वीकार गर्नुपर्ने र त्यस्तो अधिकारमा श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्रता पूर्वक छनौट गरेको काम गरी खुला, समावेशी तथा पहुँच योग्य वातावरणमा जीवन निर्वाह गर्न पाउने अवसर उपलव्ध गराउनपर्नेछ । पक्ष राष्ट्रहरूले, उक्त कार्यहरू गर्नको लागि कानून निर्माण लगाएत उपयुक्त उपायहरू अवलम्बन गरी रोजगारीको क्रममा अपाङ्गता बेहोरेका व्यक्तिहरू लगायत अपाङ्गता भएका अन्य व्यक्तिहरूको कामको अधिकार उपभोगको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने उल्लेखछ । यो महासन्धि पनि नेपाल सरकारले अनुमोदन गरिसकेको दस्तावेज भएकाले नेपालमा यो दस्तावेजका प्रावधानहरु कानुन सरह लागु गर्नु पर्ने छ ।

**२.७) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २००६** (Optional Protocol to the Convention on the Rights of Persons with Disabilities)

प्रस्तुत इच्छाधिन आलेख एउटा अतिरिक्त सन्धि हो र यो आलेख (Protocal) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि अर्थात UNCRPD को अविभाज्य अङ्ग हो । संयुक्त राष्ट्र संघले प्रस्तुत

इच्छाधिन आलेख तयार पारि लागू गर्नुको मुख्य उद्देश्य प्रस्तुत ईच्छाधिन आलेखको कुनै पनि पक्ष राष्ट्रले महासन्धिका व्यवस्थाहरूको उल्लघंन हुनेगरि कुनै अपाङ्गता भएका व्यक्तिको मानव अधिकार हनन गरी पीडित तुल्याएको खण्डमा त्यस्तो भएको भनी दावी गर्ने त्यस्तो पक्ष राष्ट्रको क्षेत्राधिकार भित्रको व्यक्ति, व्यक्तिहरू वा त्यस्ता व्यक्तिहरूको समूहको तर्फबाट वा तेश्रो पक्षबाट सूचना प्राप्त गर्ने र सो सम्बन्धमा विचार गर्ने अधिकार र कानुनी उपचारका लागि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिमा निहित रहने कुरा उल्लेख गरिएको छ ।

## परिच्छेद - ३

# अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी राष्ट्रिय कानुन, नीति, ऐन र नियमावलीको बिश्लेषण

नेपालमा बि.सं २०३९ मा पहिलो पटक नेपाल सरकारले अपाङ्गता सम्बन्धी कानुनको व्यवस्था गरेको थियो भने "नेपाल अधिराज्यको संबिधान २०४७" ले पहिलोपटक अपाङ्गता भएका व्यक्तिहरुका केही अधिकारहरुलाई निर्देशक सिद्धान्तहरुमा उल्लेख गरेको थियो । २०३९ सालमा बनेको ऐनको प्रभावकारी कार्यान्वयन गर्न नियमावलीको आवश्यकता पर्दछ, जुन लामो समयको अन्तरालमा वि.सं २०५१ सालमा "अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१" जारी भयो । २०५३ सालमा बिशेष शिक्षालाई प्रवर्द्धन गर्नको लागि छुट्टै बिषेश शिक्षा नीति निर्माण गरियो जसले शिक्षा परिषदमा अपाङ्गता क्षेत्रको प्रतिनिधित्व समेत सुनिश्चित गर्‍यो ।

यी सबै कुरालाई मध्यनजर राख्दै अपाङ्गता भएका व्यक्ति तथा महिलाहरुको सारभूत समानताका लागि र न्यायमा पहुँच अभिबृद्धि गरी मर्यादित जीवन बाँच्ने आधार तयार गर्नका लागि नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको पहलमा अपाङ्गता भएका व्यक्ति सँग सम्बन्धित व्यवस्थाको विद्यमान ऐन, कानुन एवं नीतिहरुको पुनरावलोकन गर्ने कार्य गरिएको हो । यस अध्ययनमा समेटिएका ऐन, नियम एवं नीतिहरुको बिश्लेषण निम्नानुसार गरिएको छ :

## ३.१) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ :

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ लाई खारेज गरी २०७४ असोज २९ बाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लागू भएको छ । यस ऐनको पहिलो संशोधन २०७५ असोज २ गते गरिएको थियो । अपाङ्गता भएका व्यक्तिहरुको संवैधानिक अधिकारहरुको रक्षा गर्न साथै अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी महासन्धि २००६ (सिआरपिडि) का अधिकारहरुलाई पूर्ण रुपमा सुनिश्चित गर्नका लागि राज्यलाई परिपालन गर्न जिम्मेबारी बनाउन सिआरपिडीको मूल मर्मलाई अंगिकार गरि यो ऐन जारी भएको छ । उक्त ऐनमा ६३ धारा र १३ परिच्छेद १ अनुसुचि रहेका छन् । यस ऐनका प्रमुख बिशेषताहरु भनेका अधिकारमुखी अवधारणा, सिआरपिडि र नेपालको संबिधान २०७२ को भावना र मर्म अनुरुप छ ।

यस ऐनका मुख्य बिशेषताहरुका रुपमा अपाङ्गताको आधारमा गरिने भेदभावलाई केन्द्रित गरि बिभेद गरे बापत दण्ड सजायको व्यवस्था गर्ने कुरा उल्लेख गरिएको छ साथै आफ्नो परिवार वा संरक्षकसँग वा आफूले छनौट गरेको बासस्थानमा बस्ने अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी लगायत भौतिक संरचना, सूचना तथा सञ्चार आदिमा समान पहुँचको व्यवस्था गरेको छ । साथै अपाङ्गता सम्बन्धि काम गर्न निर्देशन समिति तथा समन्वय समितिको गठन गर्नेछ, जस अनुसार संघियमा महिला बालबालिका तथा जेष्ठ नगारिक मन्त्रालयका मन्त्रिको अध्यक्षतामा अपाङ्गता राष्ट्रिय निर्देशन समिति, प्रदेशमा प्रदेश स्तरिय सामाजिक बिकास मन्त्रिको अध्यक्षतामा प्रादेशिक अपाङ्गता समन्वय समिति र स्थानिय स्तरमा गाउँपालिका र नगरपालिकको प्रमुखको अध्यक्षतामा अपाङ्गता समन्वय समिति गठन गरि काम गर्ने व्यवस्था गरिएको छ । यसर्थ यस ऐनमा संघिय व्यवस्थालाई आत्मासाथ गरिएको छ । अपाङ्गता भएका व्यक्तिलाई घृणा, हेला वा तिरस्कार गर्न र भिक्षा माग्न लगाएको ठहरिएमा निजलाई कसुर तथा सजायको व्यवस्था गरेको छ भने परिचयपत्र झुठ्ठा बिवरण दिई परिचयपत्र बनाएको ठहरिएमा र त्यसको पदका लागि दुरुप्रयोग भएको ठहरिएमा पद प्राप्तका लागि योग्यता ढाँटेको कसूर गरेको मानी प्रचलीत कानून कमोजिम सजाय गर्ने व्यवस्था गरिएको छ ।

यस ऐनले अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी व्यवस्थाहरुले प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउने, बाच्न पाउने अधिकार, न्यायमा पहुँचको अधिकार, भेदभाव विरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार, राजनीतिक सहभागिताको अधिकार, नीति निर्माणमा सहभागिताको अधिकार, संस्था खोल्ने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, सेवा सुविधा तथा न्यायमा पहुँचको अधिकार, सामाजिक सुरक्षाको अधिकार, सूचना तथा जानकारीको अधिकार र आवत जावतको अधिकार हुने ब्यवस्था गरिएको छ ।

उक्त ऐनले अपाङ्गता भएका व्यक्तिलाई "अपाङ्गताको आधारमा भेदभाव" वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ । कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना गर्दा, बैङ्क तथा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिँदा वा अन्य वित्तीय कारोबार गर्दा, कुनै रोजगारीका लागि छनौट गर्दा वा शुल्क लिई वा नलिई सार्वजनिक रुपमा उपलब्ध गराईएका कुनै पनि सेवा, सुविधा प्रदान गर्दा अपाङ्गताका आधारमा कुनै पनि प्रकारका भेदभाव गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ । यस्तै अपाङ्गता भएका व्यक्तिलाइ निजको परिवारका कुनै सदस्य वा संरक्षकल अपाङ्गता भएको आधारमा पालन पोषण, खानपान, हेरचाह, सम्पत्ति बाँडफाँड वा अन्य कार्यमा कुनै प्रकारका भेदभाव गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ । यस्तै ऐनले कुनै दस्तुर बुझाई वा नबुझाइ सर्वसाधारण व्यक्तिले प्रयोग वा प्रवेश गर्न पाउने गरी खुला गरिएका कुनै भवन वा स्थानका प्रयोग वा प्रवेशमा अपाङ्गता भएका आधारमा कुनै व्यक्तिलाइ निषेध गर्न वा थप शर्त वा दायित्व राख्न पाइने छैन भन्ने व्यवस्था गरेको छ ।

यस ऐनको नयाँ पक्ष भनेको अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान रुपमा आफ्नो परिवार वा संरक्षकसँग वा आफूले छनौट गरेको बासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिने छैन भन्ने व्यवस्था गरेको छ। यस्तै अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्न तोकिए बमोजिम सहायक सामग्री तथा सामुदायिक सहायता सेवा पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ। यस्तै सो ऐनले अपाङ्गता भएका व्यक्तिलाई परिवार, संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।

यसैगरी उक्त ऐनले अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र संघर्ष, सङ्कटकाल वा विपद् परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्धार तथा संरक्षण पाउन अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ। अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाइ पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउनेछ भन्ने व्यवस्था समेत गरेको छ ।

यस्तै ऐनमा अपाङ्गता भएका व्यक्तिलाई असर पार्ने प्रकृतिका महत्वपूण नीति निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्ति स्वयं वा निजसँग सम्बन्धित संघ, संस्था मार्फत सहभागी हुने अधिकार प्रदान

गरेको छ। ऐनले नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरको विचारलाई सान्दर्भिकताको आधारमा उचित स्थान दिइने व्यवस्था गरेको छ।

यस्तै ऐनमा अपाङ्गता भएका व्यक्तिलाइ प्रचलित कानून बमोजिम संघ वा संस्थाका स्थापना, सञ्चालन र व्यवस्थापन गर्न पाउने अधिकार प्रदान गरेको छ। ऐनमा अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक, नाटचशाला, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवा, कला, साहित्य, सङ्गीत लगायतका सांस्कृतिक कार्यक्रम वा सेवा र मनोरञ्जनमा पहुँचयुक्त ढाँचा र विधिमा सहभागी हुने अधिकार प्रदान गरेको छ। यस्तै ऐनमा अपाङ्गता भएका व्यक्तिलाई सिर्जनशील, कलात्मक, बौद्धिक, व्यावसायिक, पेशागत तथा आन्तरिक क्षमताका विकास र उपयोग गर्ने अधिकार सुनिश्चित गरेको छ । अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा साङकेतिक भाषा, बहिरा संस्कृति लगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानका मान्यता र सहायता पाउने अधिकार प्रदान गरेको छ।

ऐनले अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय सञ्चार सेवा लगायत सर्वसाधारणलाइ खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरूमा सहज पहुँचको अधिकारलाई प्रत्याभूत गरेको छ। ऐनमा अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायताको अधिकार प्रदान गरेको छ। यस्तै ऐनले तोकिएका अपाङ्गता भएका व्यक्तिलाइ नेपाल सरकारबाट तोकिए बमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ। साथै अपाङ्गता भएका व्यक्तिले कुनै पनि अवसरको प्राप्ति र उपभोग गर्दा निजले प्रयोग गर्ने सहायता सेवामा भएका अतिरिक्त व्ययभारका सोध भर्ना पाउने अधिकार सुनिश्चित गरेको छ।

उक्त ऐनले अपाङ्गता भएका व्यक्तिलाइ सार्वजनिक सञ्चारका माध्यमबाट अपाङ्गतामैत्री तथा पहुँचयुक्तताका आधारमा सूचना तथा जानकारी पाउने अधिकार प्रदान गरेको छ। यसको लागि सार्वजनिक सञ्चारका विद्युतीय प्रसारण संस्थाले नेपाल सरकारले तोक बमोजिमको सङख्यामा साङ्केतिक भाषामा समाचार तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। अपाङ्गता भएका व्यक्तिलाई सवसाधारणका लागि लक्षित गरिएका सूचना थप शुल्क वा दस्तुर बिना पहचयुक्त ढाँचा र प्रविधिमा प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ। ऐन अनुसार टेलिफोन तथा इन्टरनेट लगायतका सञ्चार सेवा प्रदायकले आफूले प्रदान गर्ने सेवा नेपाल सरकारले तोकिदिएको अवधिभित्र अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त ढाँचा र प्रयोग गर्न मिल्ने गरी उपलब्ध गराउनु पर्नेछ। अपाङ्गता भएका व्यक्तिलाइ अन्य व्यक्ति सरह आफ्नो सहायक सामग्री र आफूले रोजेको सहयोगीका साथ आवत जावत गर्ने अधिकार प्रदान गरेको छ।

नेपाल सरकारले अपाङ्गता भएका महिलाका अधिकारका संरक्षण गर्न तथा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नु पर्नेछ र अपाङ्गता भएका महिलाका विशेष अवस्थालाइ ध्यानमा राखी उनीहरुको स्वास्थ्य तथा प्रजनन् अधिकारका संरक्षणका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ।

उक्त ऐनले अपाङ्गता भएका बालबालिकालाइ आफ्ना मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रबर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतीत गर्ने अधिकार प्रदान गरेको छ। अपाङ्गता भएका बालबालिकालाइ समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका

अवसर प्राप्त गर्ने अधिकार समेत प्रदान गरेको छ । यस्तै अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह समान आधारमा निजलाइ प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र उनीहरुका धारणालाइ उमेर र परिपक्वताको आधारमा उचित सम्मान दिइनेछ । अपाङ्गता भएका बालबालिकालाइ निजको सवात्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजका घर परिवारबाट अलग गरिने छैन भन्ने व्यवस्था गरेको छ । ऐन अनुसार नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाइ सम्बोधन गर्न पाठचक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायतका विषयमा उपयुक्त व्यवस्था गर्नेछ । अपाङ्गता भएका बालबालिकालाइ तोकिए बमोजिमका विशेष संरक्षणका अधिकार हुनेछ ।

ऐन अनुसार अपाङ्गता भएका व्यक्तिलाइ नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा नेपाल सरकारबाट अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा निःशुल्क रुपमा उच्च शिक्षा उपलब्ध गराइनेछ । यस्तै अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउनेछ । अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुन प्रकारका शुल्क लिन पाइने छैन । अपाङ्गता भएका व्यक्तिलाई तोकिए बमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।शिक्षण संस्थाले आफ्नो संस्थाका अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीका वितरण र पहुँचमा अपाङ्गता भएका व्यक्तिलाइ भेदभाव गर्नु हुँदैन ।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरुको आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङकेतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ । नेपाल सरकारले दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, श्रवण दृष्टिविहीन भएका अपाङ्गता भएका व्यक्तिलाइ उपयुक्त भाषा तरिका, लिपि, पाठयक्रम, पाठयपुस्तक, लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिए बमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ । नेपाल सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताका गम्भीरता समेतका आधारमा तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधा सहितका शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ । यस्तै अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त अनुकूलता प्रदान गरी व्यावसायिक तथा प्राविधिक शिक्षा, प्रौढ शिक्षा, व्यवहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाइनेछ । नेपाल सरकारले अपाङ्गताका वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपाङ्गता भएका विद्यार्थीका परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा छुट्ट व्यवस्था गर्नेछ । शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाइ दृष्टिगत गरी अपाङ्गतामैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्नेछ । शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिका पहुँच सुनिश्चित हुने गरी मन्त्रालयल निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय भवन तथा अन्य भौतिक संरचनाका निर्माण गर्नु पर्नेछ ।निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले नेपाल सरकारले निर्धारण गरिदिए बमोजिमको सङख्यामा अपाङ्गता भएका विद्यार्थीलाइ निःशुल्क अध्ययनका सुविधा उपलब्ध गराउनु पर्नेछ ।

ऐन अनुसार नेपाल सरकारले अपाङ्गता भएका विद्याथीलाइ निःशुल्क नगरिएको शिक्षाको लागि तोकिए बमोजिम शैक्षिक छात्रवृत्ति उपलब्ध गराउनेछ । नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका विद्यालयको भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाको विकासका लागि तोकिए बमोजिम आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

ऐन अनुसार नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रबर्द्धन गर्नका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ। नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाइ अध्यापन गराउने शिक्षक तथा अपाङ्गता भएका शिक्षकका लागि विशेष तालिमको व्यवस्था गर्नेछ। नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाइमा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयलाई तोकिए बमोजिमका शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउनेछ।

ऐन अनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिबृद्धि गरी व्यावसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यावसायिक तालिम उपलब्ध गराउनेछ। नेपाल सरकारले विभिन्न पेशा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाइ निजमा रहेका सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावका आधारमा तोकिए बमोजिम सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ। कुनै प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरुद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुन विषयमा भेदभाव गर्न पाइने छैन। नेपाल सरकारले कुनै रोजगारीका हकमा सा उपदफा बमोजिमको व्यवस्था लागू नहुने गरी छुट दिन सक्नेछ। प्रतिष्ठानले अपाङ्गता भएका कामदार वा कर्मचारीका लागि सहज ढङ्गले काम गर्न सक्न व्यवस्था मिलाउनु पर्नेछ। कसैले पनि अपाङ्गता भएका कारणले मात्र कुन व्यक्तिलाई बढुवाको अवसरबाट बञ्चित गर्न वा बढुवा गर्न इन्कार गर्न पाउने छैन। प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रोजगारी दिने निकाय तथा संस्थाले रोजगारीका सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाइ रोजगारीबाट हटाउने वा पदबाट घटुवा गर्न पाइने छैन। ऐन अनुसार अपाङ्गता भएका कर्मचारीको सन्दर्भमा देहाय बमोजिम गर्नु पर्नेछ :

- त्यस्ता कामदार वा कर्मचारी आफूले गरी आएका पदको काम सम्पादन गर्न नसक्ने गरी अपाङ्गता भएका अवस्थामा निजलाइ समान तलब, सुविधा भएका अका पदमा काम गर्ने गरी तोक्न,
- त्यस्ता कामदार वा कर्मचारीलाई अर्को पदमा काम गर्ने गरी तोक्न सम्भव नभएमा निजलाई मिल्ने अर्को पद सृजना गर्न वा निज अवकाश नभए सम्मका लागि अतिरिक्त पद कायम गरी राख्न।

ऐनमा उल्लेख भए अनुसार नेपाल सरकारले कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिका शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म कुन खास सङख्यामा अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्न पर्ने गरी तोक्न सक्नेछ। यसरी तोकिएका प्रतिष्ठानले अपाङ्गता भएका व्यक्तिलाई तोकिएका प्राथमिकताका आधारमा नियुक्ति गर्नु पर्नेछ। प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिको सङख्या, निजलाई उपलब्ध गराईएका सुविधा तथा तोकिए बमोजिम अन्य विवरण समेतका अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ। यसरी राखिएका अभिलेख प्रतिष्ठानले स्थानीय तह समयभित्र निरीक्षण गर्न चाहनेका लागि निरीक्षण गर्न खुल्ला राख्नु पर्नेछ।

ऐन अनुसार नेपाल सरकारले तोकिए बमोजिमका आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारका लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ। नेपाल सरकारले अपाङ्गता भएका कारणल खानुपर्ने औषधि तथा अनुवशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर तोकिएका आधारमा निःशुल्क उपलब्ध गराउनेछ।नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिका स्वास्थ्योपचारका लागि अस्पतालसम्म पहुँचका लागि रहेका अवरोधहरु हटाउन आवश्यक व्यवस्था गर्नेछ।

अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ । सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शैयाभन्दा बढी शैया भएका अस्पतालमा कम्तीमा दुई शैया अपाङ्गता भएका व्यक्तिलाइ सुरक्षित राख्नु पर्नेछ । नेपाल सरकारले निरोध वा निवारण हुन सक्न अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारक तत्वहरू पत्ता लगाइ त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ । नेपाल सरकारले अपाङ्गताबाट सृजना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि नजिकको अस्पतालबाट उपचार प्रदान गर्न आवश्यक व्यवस्था गर्नेछ ।

ऐन अनुसार नेपाल सरकारले पूण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाइ पुनर्स्थापना गर्नेछ । अपाङ्गता भएका व्यक्तिलाइ उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुनर्स्थापना गर्ने प्रयोजनका लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ । कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यका लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ । पुनर्स्थापना केन्द्रलाई नेपाल सरकारले तोकिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

ऐन अनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिका सशक्तीकरण र सेवा सुविधामा पहुँच अभिबृद्धि गर्न तथा अपाङ्गतामैत्री सेवा, सुविधा र प्रविधिको विकासका लागि आवश्यक अनुसन्धान गर्न, गराउनु पर्नेछ ।

यस्तै ऐन अनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्न गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिका योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रुपमा देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ :-

- सुरक्षा तथा स्वास्थ्य सेवासहितका सामुदायिक आवास सुविधा विकास गर्न,
- असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,
- जीवन बीमा, स्वास्थ्य बीमा र दुर्घटना बीमा गराउन,
- औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,
- तोकिएका आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा बृद्ध भत्ता उपलब्ध गराउन,
- तोकिएका अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,
- अपाङ्गता भएका व्यक्तिका विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न,
- तोकिए बमोजिमको अन्य सेवा सुविधा उपलब्ध गराउन ।

ऐनमा उल्लेख भएअनुसार नेपाल सरकार तथा स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न  तथा निजलाइ मनोरञ्जन सम्बन्धी क्रियाकलापमा अन्य व्यक्ति सरह सहभागी हुने अवसरका सिर्जनाका लागि देहायको व्यवस्था गर्नेछ :-

- अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, कला, प्रतिभा तथा साहित्यप्रतिका रुचीको सम्मान र विकासका लागि आवश्यक छात्रवृत्ति, सुविधा तथा सहयोग उपलब्ध गराउने,
- सेवा सुविधा तथा पूर्वाधारलाइ अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने,
- अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघसंस्थालाइ सहयोग गर्ने,
- अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहन गर्ने,

ऐनमा व्यबस्था भए अनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आवश्यकता अनुसार विशेष व्यवस्था गरी खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउनका लागि आवश्यक व्यवस्था गर्नेछ। खेलकुदका विकास तथा प्रतियोगिता आयोजना गर्ने संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाइ खेलकद सम्बन्धी प्रतियोगितामा संलग्न गराई खेलकुदको विकास तथा प्रबर्द्धन गर्नु पर्नेछ। खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा सहभागी गराउन देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछन :-

- अपाङ्गता भएका व्यक्तिका पहुँच र समावेशी सहभागिता रहन गरी खेलकुदका पाठयक्रम तथा कार्यक्रमको पुनरावलोकन गर्ने,
- अपाङ्गता भएका व्यक्तिका पहुँच र सुविधा हुने गरी खेलकुद मैदान तथा भौतिक पूर्वाधारका पुनः डिजाइन गर्ने,
- अपाङ्गता भएका व्यक्तिका खेलकुद्प्रतिको प्रतिभा तथा क्षमतालाई उजागार गन आवश्यक प्रविधिको विकास तथा प्रयोग गर्ने,
- अपाङ्गता भएका व्यक्तिलाई समावेश गरी खेलकुद् प्रतियोगिता आयोजना गर्ने,
- खेलकुद्सँग सम्बन्धित अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका संयन्त्रमा अपाङ्गता भएका व्यक्तिलाई प्रभावकारी रूपमा प्रतिनिधित्व गराउने,
- विद्यालयस्तरमा सञ्चालन गरिने खेलकुद् तथा अतिरिक्त क्रियाकलापमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकालाई सहभागी गराउने तथा उनीहरुलाई अपाङ्गताका प्रकृतिका आधारमा विकास गरिएका खेलकुद्मा सहभागी गराउन उपयुक्त प्रशिक्षण, तालिम, प्रतियोगिता र सोका लागि स्रोतको व्यवस्था गर्ने,

ऐन अनुसार नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारका कुनै सदस्य वा संरक्षकल छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउन व्यवस्था मिलाउनेछ। नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधि र परामश सेवा निःशुल्क उपलब्ध गराउनेछ। नेपाल सरकारले घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुर्नस्थापना गर्ने वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था मिलाउनेछ।

ऐनले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानसिक वा मनोसामाजिक अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार वा संरक्षणका नाममा कारागारमा नराखिने व्यवस्था गरेको छ । तर फौजदारी कसूरमा कारबाही चलिरहेका वा सजाय पाएका अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम कारागारमा राख्न बाधा पर्ने छैन भन्ने उल्लेख गरेको छ ।

ऐन अनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ । सवारी साधनका धनी वा सञ्चालकले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाइ बस, रेल, हवाईजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गदा यात्रु भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिल प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिका शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पाटपूर्जा तथा कच्चा पदार्थमा प्रचलित कानून बमोजिम भन्सार, अन्तःशुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूण वा आंशिक रूपमा छुट् दिन सक्नेछ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गतामैत्री बनाउन विशेष रुपमा फेरबदल वा पार्टपूजा जडान गर्दा भएका खर्चमा तोकिए बमोजिम कर छुट दिन सक्नेछ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षा दिने संस्थागत विद्यालयलाइ सो वापतको रकम करमा छुट दिन सक्नेछ ।

नेपाल सरकारले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिका छोरा छोरीहरुलाई तोकिए बमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्नेछ । ऐनमा उल्लेख भए अनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीका व्यवस्था गरिदिन सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा ऋण दिलाउने व्यवस्था गर्न सक्नेछ । अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएको भन्दा बढी सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिलाइ रोजगारी दिने प्रतिष्ठानलाइ नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानून बमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पन उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

यसका अतिरिक्त बिशेष अधिकारका रुपमा अपाङ्गता भएका ब्यक्तिलाई परिवार, संरक्षक वा अन्य ब्यक्तिबाट हुने सबै किसिमका हिंसा, दुर्व्यवहार शोषण वा अमानवीय ब्यवहार विरुद्ध संरक्षण पाउने अधिकार पनि सुरक्षित गरिएको छ । साथै आपतकालमा उद्धार गर्दा र सुरक्षा दिदा प्राथमिकता दिने, लैङ्गिक हिंसा लगायत शोषण र दुर्व्यवहारका घटनाको जानकारी लिने र अभिलेख राख्ने समेत ब्यवस्था गरेको छ । 1

अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षण गर्न तथा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोग गर्न उपयुक्त वातावरण निर्माणका लागि आवश्यक व्यवस्था गर्ने कुरा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनमा उल्लेख छ । 2 अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरुको स्वास्थ्य तथा प्रजनन् अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नुपर्ने पनि यसमा

[ज] अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्वन्धी ऐन, दफा १०

[द] अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, दफा १९

उल्लेख छ । यसै ऐनले अपाङ्गता भएका महिलाका विशेष अवस्थालाई ध्यानमा राख्दै उनीहरुको स्वास्थ्य र प्रजनन् अधिकार संरक्षणका लागि आवश्यक व्यवस्था गर्ने कुरा पनि उल्लेख छ ।3

उक्त ऐन अनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई लैङ्गिक हिंसा लगायत सबै प्रकारको शोषण, हिंसा र दुर्व्यवहारबाट संरक्षण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गरेको छ :

- अपाङ्गता भएका व्यक्ति विरुद्ध भएको शोषण, हिंसा र दुर्व्यवहारजन्य, लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाका जानकारी लिने तथा अभिलेख राख्ने,
- शोषण, हिंसा तथा घटनाका विरुद्धमा यस ऐन तथा प्रचलित कानून बमोजिम प्रभावकारी कानूनी कारबाही गर्ने,
- त्यस्ता घटनाबाट पीडितको तत्काल र प्रभावकारी रुपमा सुरक्षा, उद्धार, संरक्षण तथा पुनर्स्थापना गर्ने,
- त्यस्ता घटना हुन नदिनका लागि उपयुक्त व्यवस्था गर्ने,
- त्यस्ता घटनाका विरुद्धमा सामुदायिक स्तरमा सचेतना तथा परामश कार्यक्रम सञ्चालन गर्ने ।

यो ऐनले अपाङ्गता भएका बालबालिकाहरुको मान प्रतिष्ठा सुनिश्चित गर्ने तथा सम्मानजनक जीवनयापन गर्ने अधिकारलाई आत्मसात गरेको छ । त्यसका लागि शिक्षा, स्वास्थ्य, तालिम लगायतका आवश्यक व्यवस्था सहितको अधिकारको व्यवस्था गरेको छ ।4 उनीहरुको विशेष संरक्षणको अधिकार पनि यो ऐनमा रहेको छ ।

**यस ऐनमा भएका कमी कमजोरीहरुलाई केलाउदा** भेदभाव बिरुद्धको अधिकार र समानता सम्बन्धी सिद्धान्तहरुको बिश्लेषण गरिएको छ ।

**भेदभाव विरुद्धको अधिकारः**
अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तिकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्नका लागि यो ऐनको निर्माण भएको हो । अपाङ्गता भएका ब्यक्तिहरुलाई अपाङ्गताकै आधारमा राजनैतिक, आर्थिक, सामाजिक वा साँस्कृतिक क्षेत्रका अधिकार उपयोग गर्नबाट बञ्चित नगर्ने गरी भेदभाव विरुद्धको अधिकारलाई अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्वन्धी ऐनले ब्यवस्था गरेको छ ।5

---

[घ] ऐ दफा १९(२)

[ङ] ऐ दफा २०

[छ] अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्वन्धी ऐन, दफा ८

सो ऐनको प्रस्तावनामा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराइ स्वावलम्बी र सम्मानजनक जीवनयापनका वातावरण सुनिश्चित गर्ने व्यवस्था गरेको छ । यस ऐनमा “अपाङ्गताका आधारमा भेदभाव” लाई परिभाषा खण्डमा परिभाषित गरिएको छैन । सो शब्दावलीलाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको खण्डमा स्पष्टिकरणमा उल्लेख गरेको छ । साथै दफा ८ मा भेदभाव बिरुद्धको अधिकारको प्रावधान उल्लेख गरिएको छ तर सो दफाले “महिला र पुरुष” बिचमा हुन सक्ने विभेदको उल्लेख गरेको छैन । यस दफा ८ मा अपाङ्गता भएका महिला र पुरुष बिचमा पनि कुनै भेदभाव गर्न नहुने प्रावधान उल्लेख गरिनुपर्छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि २००६ ले धारा ३ मा उल्लेखित आधारभूत सिद्धान्तहरुमा सो कुरा प्रष्ट उल्लेख भएर पनि यस ऐनले सो कुरा उल्लेख गरेको पाइएन ।

अपाङ्गता भएका महिलाको मानव अधिकार तथा आधारभुत स्वतन्त्रता उपभोग गर्न यस ऐनले स्पष्ट व्यवस्था गरेको पाइदैन । अपाङ्गता भएका महिला र पुरुषका बिचमा पनि विभेद हुनसक्छ भन्ने वास्तविकतालाई यस ऐनले समेट्न सकेको पाइएन् । अन्य व्यक्तिहरु सरह समान आधारमा विवाह, परिवार, पितृत्व वा मातृत्व र नाता सम्वन्धहरुसँग सम्वन्धित सवै कुराहरुमा अपाङ्गता भएका महिला विरुद्ध भेदभाव हटाउने कुनै प्रावधान भएको पाइएन ।

त्यस्तै गरी महासन्धिको धारा ५ मा अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक समानताको गति बढाउन वा प्राप्त गर्न आवश्यक पर्ने बिशेष उपायहरुलाई विभेद मानिने छैन भनि उल्लेख गरिएको छ र सोही अनुरुप गर्नु पर्छ । तर यस ऐनले बिशेष उपायहरुलाई अपनाउने प्रावधान उल्लेख गरेको छैन । साथै धारा ६ मा अपाङ्गता भएका महिला तथा बालिकाहरु विविध भेदभावको भागीदार भएका छन् भनी स्वीकार गर्छन् तथा यस सम्बन्धमा उनीहरुले सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण र समान उपभोग गरेको सुनिश्चित गर्न उपायहरु अवलम्बन गर्नेछन् भनि उल्लेख गरेकोले ऐनमा बालिका र महिलाको सारभूत  समानता प्रदान गर्ने बिशेष प्रावधानहरु राख्न आवश्यक छ ।

अपाङ्गता भएका महिला र पुरुषका बिचमा पनि विभेद हुन सक्छ भन्ने वास्तविकतालाई यस ऐनले समेट्न सकेको पाइएन । नेपाली समाज तथा समुदायमा हेर्ने हो भने अपाङ्गता भएका पुरुषहरु भन्दा महिलाहरु अझ जोखिममा परेको, विभेद, शोषण र हिंसाको सिकार भएको पाउँछौं ।

दफा ८ को स्पष्टिकरणमा “उपयुक्त अनुकूलताको अस्वीकारको विभेदलाई समेत जनाउँछ” भनि उल्लेख गरिए पनि सिआरपिडिमा जसरी उपयुक्त अनुकूलताको भने परिभाषा दिइएको छैन । यस ऐनले पनि “उपयुक्त अनुकूलता” लाई परिभाषित गर्नु पर्ने हो तर गरेको पाईदैन् ।

साथै दफा ३६ मा मानसिक वा मनोसामाजिक आपाङ्गता भएको व्यक्तिलाई कारागारमा नराख्ने प्रावधान पनि उल्लेखनिय छ । तर कारागारहरु अपाङ्गता मैत्री नभएसम्म अपाङ्गता भएका व्यक्तिलाई कारागारमा नराखिने व्यवस्था गर्न आवश्यक छ । यस्तै बाल बिज्याईं गरेका अपाङ्गता भएका बालबालिका लाई पनि कुनै पनि किसिमको सजाय दिन नहुने वा बाल सुधार गृहमा राख्ने जस्ता फैसला गर्न समेत नहुने भन्ने प्रावधान राख्नु आवश्यक छ ।

### ३.२) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली, २०७७ :

अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी नियमावली २०७७ मन्त्रि परिषदले २०७७।५।०१ गते पारित गरि लागू भएको हो । यस नियमावलीमाले पूर्ण र अति अशक्त अपागता भएका व्यक्तिहरुको हक अधिकार, संरक्षण र सम्वर्द्धनका लागि गरिएको प्रयास केही हद सम्म स्वागत योग्य छ । अपाङ्गता भएका व्यक्तिहरुको सहजता तथा सुविधाका लागी सरकारी भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, धार्मिक स्थल, कार्यस्थल, सार्वजनिक सडक, सडक पेटी, यात्रु प्रतिक्षालय, पार्किङ्ग स्थल, मनोरञ्जन स्थल, सभा सम्मेलन केन्द्र, सिनेमा हल जस्ता सार्वजनिक स्थल र सर्वसाधरणलाई खुला गरिएका व्यावसायिक तथा आवासिय भवन, होटल, रेष्टुरेण्ट, एटिएम बैङ्किङ सेवा जस्ता सार्वजनिक भौतिक संरचनामा हुने अवरोध हटाई अपाङ्गता भएका व्यक्ति लगायत सबैको समान पहुँच सुनिश्चित गर्न मापदण्ड अनुसार उपयुक्त उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था सहित अवरोधमुक्त बनाउने समाधान र मापदण्डको समेत व्यवस्था गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ ले तोकेका बिशिष्ट बिषयहरु, नेपालको संबिधान २०७२ मा भएका उत्कृष्ट व्यवस्थाहरु, अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि महासन्धि २००६ मा भएका प्रावधानहरु, दिगो बिकासका लक्ष्यहरु, नेपाल सरकारलको नियमिति नीति तथा कार्यक्रम बजेट र पहिले देखि नै गर्दै आएका राम्रा कामहरुको राम्रा अभ्यासलाई पूर्ण रुपमा समेटन सकेकोछ छैन । ऐनले समेटेको अधिकारहरु जस्तै राजनीतिक सहभागिताको अधिकार, नीति निर्माण तहमा सहभागिताको अधिकार, संस्था खोल्ने अधिकार, न्यायमा पहुँचको अधिकार, सूचना तथा जानकारीको अधिकार, निशुल्क उच्च शिक्षा, छात्रबृति, स्वास्थ्य, खेलकूदमा सहभागिता, कारागारमा राख्न नहुने, नेपाल सरकार बादी हुने, बिमा तथा कर छुट सम्बन्धी महत्वपूर्ण सवालहरु ऐनमा उल्लेखीत हुँदा हुदै पनि यो नियमावलीले समेटन सकेको छैन ।

ऐनको मर्म अनुसार नियमावलीले समेटन नसकेका सवै प्रकारका अपाङ्गता बर्गको बिकास प्रकृयामा समावेशीकरण, निर्णय प्रकृयमा सहभागिता, सशक्तिकरण गर्ने, पहुँचयुक्तता प्रर्वद्धन (सार्वजनिक स्थल तथा संरचना, सेवा सुबिधा, यातायत, सूचना तथा सञ्चार प्रणाली) जस्ता सम्बन्धीत बिषयहरुमा नियमावलीले एकदमै कम वास्ता  गरको छ भने सामाजिक सुरक्षा, समावेशी शिक्षा, स्वास्थ्य, सीप तथा रोजगार जस्ता व्यक्तिका जीवनका सवैभन्दा महत्वपूर्ण सवालमा पहुँच सुनिश्चित गर्ने बिषयमा ऐन अनुसार नियमावलीले समेटन सकेको छैन ।

## ३.३) अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुनर्स्थापना) नीति, रणनीति तथा १० बर्षे कार्ययोजना २०७३- २०८२ :

कुष्ठरोग नियन्त्रण महाशाखालाई स्वास्थ्य मन्त्रालयको अपाङ्गता सम्बन्धी कार्य गर्नका लागि सम्पर्क ईकाई तोकेपछि यस महाशाखाले राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय दायित्व पूरा गर्दै आम नागरिकलाई अपाङ्गता हुनबाट बचाउन एवंम अपाङ्गता भएका नागरिकहरुलाई अन्य नागरिक प्रर्वद्धनात्मक स्वास्थ्य सेवा, रोकथाम उपचार तथा पुनर्स्थापना सेवा योजनाबद्ध रुपमा उपलब्ध गराउने उद्देश्य लिदै यो नीति रणनीति तयार पारिएको हो । यसमा ५ वटा उद्देश्यहरु, १२ वटा लक्ष्य, १८ वटा रणनीतिहरु रहेका छन भने ६ खण्डमा बिभाजन गरिनुको साथै १ अनुसुचि रहेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुका आवश्यकतालाई मध्य नगर गरी कानुनी तथा नीतिगत व्यवस्थाहरु भएता पनि अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवा र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालित नभएका कारण अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यको स्थिति ज्यादै नाजुक रहेको थियो त्यसैले

सम्बन्धीत निकायले यो कार्ययोजना बनाउन तदारुकता देखाई यो दस्तावेज बन्नु आफैमा सकारात्मक पक्ष हो ।

बिद्यमान अवस्थामा स्थानिय स्तरमा समयमै अपाङ्गताको पहिचान गरि उपयुक्त परामर्श दिन सक्ने, प्रारम्भिक व्यवस्थापन र पुर्नस्थार्पनाका कामहरु गर्न सक्ने र प्रषण सेवा दिन सक्ने ज्ञान र सीपको कमी हुनुको साथै पर्याप्त मानव स्रोतको अभाव पनि त्यतिकै मात्रमा छन् ।

केन्द्रिय स्तरका केही अस्पताल बाहेक अधिकांश अस्पतालहरुमा सुधारात्मक शल्यक्रियाहरु गर्ने व्यवस्था छैनन् । अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको शारीरिक वा मानसिक अवस्थाको कारणले भविश्यमा अन्य थप समस्याहरु आउन नदिनको लागि आवश्यक मनो सामाजिक परामर्श, उपचारका अन्य परामर्श र स्वास्थ्य सेवाहरु दिने व्यवस्था छैनन् । स्वानीय स्तरमा रहेका अस्पताल र स्वास्थ्य चौकीहरुमा थेरापी, शारीरिक तथा मानसिक क्रियाशिलतामा अभिवृद्धि गराउन गरिने पुनर्स्थापना सम्बन्धी सेवाहरु उपलब्ध छैनन् । अपाङ्गता भएकै कारण नियमित रुपमा औषधि सेवन गर्नु पर्ने व्यक्तिहरुलाई सहज रुपमा औषधिहरु उपलब्ध छैनन् । स्वास्थ्यका प्रवृर्धनात्मक कार्यक्रमहरुमा एकातिर अपाङ्गता भएका व्यक्तिहरुको पहुँच न्यून छ भने अर्कोतिर स्वस्थ्य सम्बन्धी जनचेतनामुलक सामग्रीहरु अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त छैनन् । स्वास्थ्य सम्बन्धी जानकारी र सूचनाहरु राखिएका सरकारी वेवसाईटहरु अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त छैनन् । प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी, सूचना र परामर्श सेवाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको लागि औषधि उपचार र फ्याक्टरको अभावको साथै असाध्यै महँगो छ । अपाङ्गता भएका बालबालिकाहरु अपाङ्गताको आधारमा गरिने बिभेदका कारणले थप कुपोषणको मारमा रहेका छन भने गम्भिर प्रकृतिको शारीरिक वा मानसिक अवस्थामा रहेका अपाङ्गता भएका बालबालिकाको मृत्यु दर पनि उच्च रहेको छ । अपाङ्गता भएका व्यक्तिहलाई प्रभावकारी सेवाहरु उपलब्ध गराउनका लागि कमी रहेको छ । यसैगरि बिकासका क्षेत्रहरुमा कार्यरत निकायहरुले अपाङ्गता क्षेत्रलाई प्राथमिकतामा खासै राखेको पाईदैन । तसर्थ नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा बिभाग, कुष्ठरोग नियन्त्रण महाशाखाले यो १० बर्षे कार्ययोजनाको आवश्यकता महसूस गरि यो कार्ययोजना निर्माण गरिएको हो ।

**यसमा उल्लेखित उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।**

१. प्रवृर्धनात्मक सेवा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम र स्वास्थ्य सम्बन्धी सूचना तथा जानकारीहरु (प्रवर्धनात्मक, रोग/अवस्था पहिचान, उपचार पुनर्स्थापना तथा अन्य स्वास्थ्य सेवाहरु समेत) मा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिबृद्धि गर्ने ।

२. अपाङ्गता रोकथाम तथा न्यूनिकरण सम्बन्धी स्वास्थ्य कार्यक्रमहरुलाई समन्वयात्मक एवम्र प्रभावकारी बनाई सञ्चालन गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरुलााई अन्य व्यक्तिहरु सरह समान आधारमा आधारभूत स्वास्थ्य, आवश्यकता अनुासरको बिशिष्टिकृत स्वास्थ्य र पुनस्थार्पना सेवामा पहुँच पुर्याउने ।

४. अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम समुदाय स्तरसम्म क्रमशः बिस्तार गर्ने ।

५. अपाङ्गता व्यवस्थापनमा लागेका गैरसरकारी संस्थालाई मूल्यांकन गरेर सञ्चानलमा आवश्यक टेवा पुर्याउने ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको प्रर्वधनात्मक स्वास्थ्य सेवा, औषधोउपचार, रोकथाम र पुर्नस्थापना, सहायक सामग्री, मानव संशोधन, सूचना तथा तथ्यांक, अवरोध र पहुँचयुक्ततामा मुख्य केन्द्रित गरि रणनीतिहरु बनाई यस दस्तावेजलाई स्रोत साधन, व्यवहार र आवश्यकताका अध्यायन गरि बिश्लेषण गरिएको छ ।

**३.४) अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९:**

अपाङ्गता क्षेत्रमा बिद्यमान राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन एवंम नीतिगत व्यवस्था अनुरुप यस क्षेत्रमा रहेका बिभिन्न अवरोधहरुलाई राज्यको तर्फबाट हटाउदै गर्नु पर्ने दायित्वलाई आत्मसा तगर्दै अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका तयार गरिएको हो । अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि ऐन २०७४, नेपालको संबिधान र अन्य प्रचलित कानुनद्धारा प्रद्धत्त नागरिक, राजनीतकि, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार र सुबिधा उपयोग गर्न सक्षम बनाई निजहरुलाई बिकास प्रकृयामा पूर्ण र प्रभावकारी रुपमा सहभागि बनाउन उद्देश्यका साथ यो निर्देशिका बनाएको हो जसमा ५ वटा परिच्छेदहरु रहेका छन ।

जन स्वास्थ्य सेवा ऐन २०७५ कार्यान्वयन गर्नका लागि नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ बनाई लागू गरेकोछ । उक्त नियमावलीले निम्न कुराहरु समेटेकोछ :

१. अपाङ्गता भएका व्यक्तिको सबै स्वास्थ्य चौकि वा अस्पतालमा निःशुल्क उपचार सेवा,
२. अपाङ्गता भएका व्यक्तिको लागि ५० शैया भन्दा बढि क्षमता भएका अस्पतालमा २ वटा शैया छुट्याएको हुनुपर्ने,
३. अपाङ्गता भएका बृद्ध तथा असहाय व्यक्तिलाई सरकारी अस्पतालमा निःशुल्क उपचार सेवा दिनुपर्ने,
४. अपाङ्गता भएका व्यक्तिहरुलाई लागि निःशुल्क स्वास्थ्य जांच तथा उपचार सेवा र शैया उपलब्ध गराउन निजी अस्पतालहरुलाई सरकारले सहयोग गर्नपर्ने,
५. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री उपलब्ध गराउनपर्ने,
८. अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, तालीम, स्वास्थ्योपचार र पुःनस्थापनाका लागि आर्थिक सहायता उपलब्ध गराउन पुःनस्थापना कोष स्थापना गर्ने ।

यस नियमावलीलाई अपाङ्गता भएका व्यक्तिका पक्षमा बिश्लेषण गर्दा पहिलाको नियमावली भन्दा केही सकारात्मक र प्रगतिशिल नै देखिन्छ । अझ गहिरीएर हेर्दा पूर्ण र अति अशक्त अपाङ्गताको हकमा भने ज्यादै उत्कृष्ठ देखिन्छ । सहयोगी सेवा, सामुदायिक सेवा लगायत थुपै नया प्रावधानहरु पनि रहेका छन् । तर मध्यम र सामान्य अपाङ्गताको हकमा भने स्वास्थ्यको उपचार र सेवा सुबिधा लगायत केही अधिकारहरु संकुचित देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूकोलागि मैत्रीपूर्ण बातावरण भित्र अपाङ्गता मैत्री सार्वजनिक भौतिक संरचना, यातायात सेवा र सञ्चार सेवा मुख्य रूपमा पर्न आउँछन् । नेपालमा सार्वजनिक संरचनाहरू लगायत यातायात तथा सञ्चार सेवाहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि मैत्रीपूर्ण बनाइनुपर्छ

भन्ने धारणाको विकास बिकास भने सिआरपिडि अनुमोदन भए पछि नै हो त्यसैको फलस्वरुप राज्यको स्तरबाट **अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९** लागू हुन शरु भएको पनि ८ बर्ष भै सकेको छ तर नीति, निर्देशिका, मापदण्ड र आचारसंहिताहरू विद्यमान हुँदा हुँदै पनि अझै सम्म यीनिहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको अवस्था छैन ।

नेपालको नयाँ संविधान २०७२ को भाग ४ मा उल्लेखित राज्यका निर्देशन सिद्दान्त, नीति र दायित्वमा धारा ५१ को राज्यका नीतिहरू अन्तर्गत (ज) १४ मा यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता अनुकुल बनाउने भनिएको छ । नेपाल सरकार मन्त्री परिषदले २०६९ सालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक बातवरण र सञ्चार सेवालाई मैत्रीपूर्ण बनाउनको लागि स्पष्ट मापदण्ड सहितको निर्देशिका लागू गरेको छ । नेपालको भवन निर्माण आचार संहिता २०६० ले पनि सार्वजनिक भवनहरूमा मुल प्रवेशद्वारहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि ह्वीलचियर ऱ्याम्प अनिवार्य राख्नुपर्ने व्यवस्था गर्दै त्यसको मापदण्ड समेत तोकेको छ । योजना आयोग, सर्वोच्च अदालत, शिक्षा विभाग, स्थानीय विकास मन्त्रालय लगायतका निकायहरूले आफ्ना स्थानीय निकायहरूलाई स्थानीय कार्यालय भवनहरूमा अनिवर्य रूपमा ह्वीलचियर ऱ्याम्पको व्यवस्था गर्न परिपत्र जारी गरेको छ । केहि सरकारी भवन र मन्त्रालयहरूले आफ्ना मुल प्रवेश द्वारहरूमा ह्वीलचियर ऱ्याम्पहरू बनाएका छन् भने नयाँ बन्ने केहि ठूला सडकहरूमा कतै कतै मापदण्डहरू पालना गरेको देखिन्छ । सवारी सम्बन्धी ऐनमा कुनै पनि सार्वजनिक सवारी साधनले यात्रु इन्कार गर्न नपाइने भन्ने व्यवस्था छ भने अपाङ्गता भएका व्यक्ति, महिला, अशक्त व्यक्तिहरूको लागि केहि सिट आरक्षण गरिएको छ ।

त्यसैगरि दैनिक जीवनमा सूचना र सञ्चार सबैको लागि अत्यावश्यक कुरा हो । त्यसैले सञ्चारका माध्यमहरू सबै मानिसहरूले उपयोग गर्न मिल्ने हुनु जरूरी छ । नेपालमा खास गरेर वहिरा व्यक्ति, बौद्धिक अपाङ्गता भएका व्यक्ति, अटिज्म प्रभावित व्यक्तिहरू र दृष्टिवीहीन व्यक्तिहरूका लागि सञ्चारमा निकै कठिनाइ हुने गरेको तथ्यलाई उजागार गर्दै उक्त निर्देशिका लागू भएको हो । नेपालमा बहिरा व्यक्तिहरूले नेपाली सांकेतिक भाषामा सञ्चार गर्छन । हालसम्म करिव ५००० शब्दावलीहरू ज्यादै सिमित संख्यामा सांकेतिक भाषामा उल्था गरिएको छ । हप्ताको एक पटक साङ्केतिक भाषामा नेपाल टेलीभिजनबाट समाचार प्रसारण गरिन्छ । विभिन्न विद्यालयहरूमा रहेका स्रोत कक्षाहरूमा बहिरा विद्यार्थीहरूलाई पढाउने शिक्षकलाई १ महिनाको नेपाली साङ्केतिक भाषाको तालिम दिने गरिएको छ । विशेष विद्यालयहरूमा तालिम प्राप्त शिक्षकहरूद्वारा बहिरा बालबालिकाहरूलाई साङ्केतिक भाषामा पठनपाठन गराइन्छ ।

नेपालमा गैर सरकारी निकायहरूबाट ब्रेल पुस्तक र सामग्रीहरूको उत्पादन र आपुर्ति गर्ने गरिएको छ । हाल देशका केहि स्थानहरूमा अडियो वुक उत्पादन गर्ने र टकिङ लाइव्रेरीको स्थापना गर्ने काम सुरू गरिएको छ । दृष्टिविहीन व्यक्तिहरूका लागि कम्प्युटरमा Text to Speech (TTS) र Optical Character Recognizer (OCR),को माध्यमबाट अंग्रेजी भाषामा अरू व्यक्तिहरू सरह काम तथा सञ्चार गर्न मिल्ने प्रविधि प्रयोगमा आइसकेको छ भने नेपाली लिपीमा नै पढ्न र लेख्ने सक्ने प्रविधिमा पनि केहि आधारभूत विकासहरू भैसकेका छन् । युनिकोडको प्रयोगमा भएको वृद्धिले दृष्टिविहीन व्यक्तिहरूलाई सूचना र सञ्चारमा केहि सहज र थप पहुँच प्राप्त भएको छ ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्धारा तयार गरिएको र तत्कालिन मन्त्रिपरिषदद्धारा २०६९ साल फागुन ६ गते स्वीकृत गरि लागू गरिएको यो निर्देशिकामा समेटिएका बिषयबस्तुको

समिक्षा गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास अनुरुप मन्त्रालयले एक समिक्षक कार्यदल गठन गरि यसलाई थप परिमार्जन गर्नु पर्ने अत्यान्त जरुरी छ । जुन समितिले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, शहरी बिकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायत मन्त्रलय, संघिय मामला तथा स्थानिय बिकास मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, अपाङ्गता भएका व्यक्तिहरुको वर्गिय महासंघ, अपाङ्गता भएका व्यक्तिहरुको संघ संस्थाका प्रतिनिधि, स्वतन्त्र बास्तुकर (आर्कीटेक्ट) हरुको समन्वय र सहकार्यमा यो निर्देशिका संसोधन गर्नु पर्ने देखिन्छ ।

यो निर्देशिकामा र्याम्पको साईज, ट्वाईलेटको लम्बाई चौडाई, रेलिंग, पार्किङ्ग, गाईडिंङ्ग व्लक, व्रेल लिपीको नक्शांकन बाहेक अधिकांश भागमा चित्र र नक्साकंन दिईएको छैन त्यसैले कत्रो र कस्तो भौतिक संरचना बनाउनु पर्ने भन्ने बारेमा नमूना नक्साको स्पष्ट चर्चा गरिएको छैन । त्यसैगरि निजी भवन कसरी पहुँचयुक्त बनाउने भन्ने बारेमा निर्देशिकामा उल्लेख गरिएको छैन बिद्यालय भवनहरुको बारेमा पनि बिस्तारमा उल्लेख गरिएको छैन । ग्रामिण क्षेत्रमा स्थानिय सामग्रीको प्रयोग गरि कसरी पहुँचयुक्त संरचना बनाउन सकिन्छ भन्ने बारेमा पनि निर्देशिका मौन छ । शौचालयको नमूना नक्सा, पहुँचयुक्त बिद्यालय, मतदान स्थल, पार्क आदि सार्वजनिक महत्वका संरचनाहरुको नमूना नक्सा राखिएको छैन । पहुँचयुक्तताका सर्वव्यापी सिद्धान्तहरुलाई यो निर्देशिकाले समेटन सकेको देखिदैन ।

### ३.५) अपाङ्गता समावेशी स्वास्थ्य सेवा राष्ट्रिय निर्देशिका, २०१९ः

यस निर्देशिकालेको अपाङ्गता  समावेशि स्वास्थ्य सेवामा स्वास्थ्य कर्मीहरुले के कस्तो व्यवस्था गरि कसरी स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने भनि सम्बन्धित निकायहरुलाई निर्देशन गर्ने उद्देश्यले बनाएको निर्देशिका हो । यसमा निम्न कुराहरु समेटिएका छन ।

- अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सम्बन्धी अधिकार प्रदान गर्न स्वास्थ्य कर्मिहरुलाई आफ्नो कानुनी दायित्व पुरा गर्न,
- अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्वक स्वास्थ्य सेवा प्रदान गर्न कर्मिहरुलाई व्यवहारिक सूचना उपलव्ध गराउन र अपाङ्गता  भएका व्यक्तिहरुले स्वास्थ्य सेवा प्राप्त गर्न बेहोर्न पर्ने बाधा व्यवधान तथा झन्झट कम गर्न,
- प्राथमिक स्वास्थ्य सेवा उपलव्ध गराउंदा अपाङ्गता  समावेशी स्वास्थ्य सेवा उपलव्ध गराउन स्वास्थ्य कर्मिहरुलाई निर्देश गर्न,
- स्वास्थ्य सेवा उपलव्ध गराउंदा अपाङ्गता  समावेशी स्वास्थ्य सेवाका साथै स्वास्थ्य सम्बन्धी पुनःर्स्थापना सेवा उपलव्ध गराउन द्वितिय र तृतीय तहका अस्पतालहरुलाई पनि दिशा निर्देश गर्न ।
- अपाङ्गता  समावेशी स्वास्थ्य सेवा, पहूंच र सेवा ग्राहि केन्द्रित स्वास्थ्योपचारका लागि शिक्षा तथा तालीमको व्यवस्था गर्न र
- अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवा सम्बन्धी आवश्यकता पुरा गर्न स्वास्थ्य सम्बन्धी व्यवस्थापनलाई साधन श्रोत उपलव्ध गराई सहयोग गर्न ।

उक्त निर्देशिकाले उपयुक्त ढंगले अपाङ्गता समावेशी स्वास्थ्य सेवा सम्बन्धी सिद्धान्त र अभ्यासको थालनी गर्ने जमर्को गरेकोछ । यो निर्देशिकाले अपाङ्गता समावेशी स्वास्थ्य सेवा कसरी उपलब्ध गराउने र स्वास्थ्य सेवा प्रदायकहरुले अपाङ्गता सम्बन्धी कानुन तथा नीति मुताबिक कसरी सेवा प्रवाह गर्ने भन्ने सम्बन्धमा दिशा निर्देश गरेकोछ। यदि यसले गरेको दिशानिर्देश अनुसार कार्यान्वयन हुन सक्यो भने पक्कै पनि अपाङ्गता भएका व्यक्तिहरुको पनि स्वास्थ्य सेवा पहुँच पुग्न सक्ने थियो भन्ने कुरा सुनिश्चित गर्न सकिन्छ ।

## ३.५) अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र निर्देशिका २०६५ (पहिलो संसोधन २०७३), कार्यबिधि २०७५

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को परिच्छेद-१३ दफा ६१ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले कार्यविधि जारी गरेको छ ।

दफा ६१. मा कार्यविधि तथा निर्देशिका बनाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्न मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

### क) अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र बितरण कार्यबिधि २०७५

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि - २००६ (Convention on the Rights of Persons with Disabilities -CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि बनाउन बाञ्छनिय भएकोले,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले देहायको नमूना कार्यविधि जारी गरेको छ ।

### ख) परिचय-पत्र वितरणका मापदण्ड देहाय बमोजिम रहेका छन् :

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचीमा प्रकृतिका आधारमा अपाङ्गतालाई १० (दश) प्रकारमा वर्गीकरण गरिएको छ । उत्त अनुसूचीमा उल्लेखित गाम्भीर्यता आधारमा गरिएको अपाङ्गताको वर्गीकरण गरी देहायका चार समूहका परिचय-पत्र वितरण गरिनेछ ।

**अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण :**

**(१) पूर्ण अशक्त अपाङ्गता :**

- व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरूको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति,
- सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने,
- तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु,

- तीव्र रुपमा अटिज्म प्रभावित व्यक्ति,
- पूर्ण रुपमा श्रवणदृष्टिविहिन व्यक्तिहरु,
- दुई वा सोभन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,
- निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू ।

**(२) अति अशक्त अपाङ्गता :**

- शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगायत हिडडुल र संचार गर्न कठिनाइ हुने ब्यक्तिहरु,
- मष्तिस्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी  दैनिक आवागमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू,
- दुवै हात कुमदेखि वा पाखुरादेखि मुनी पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको माग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू,
- दृष्टिविहिन र पूर्ण दृष्टिविहीनको परिभाषा अर्न्तगत पर्ने व्यक्तिहरू,
- संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरू

**(३) मध्यम अपाङ्गता :**

- कृत्रिम अङ्ग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने,
- विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिँडडुल गर्नसक्ने,
- कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,
- दुवै हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका,
- दुवै गोडाको कुर्कुच्चाभन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,
- मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,
- सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरु ,
- श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्नसक्ने सुस्तश्रवण व्यक्तिहरू
- शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका ब्यक्तिहरु

- ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका ब्यक्तिहरु,
- बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्याउने समस्या तीव्र भएका भकभके व्यक्तिहरू,
- तीन फिट भन्दा मुनिका होचापुड्का व्यक्तिहरू,
- चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,
- अनुवशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँडडुलमा कठिनाइ हुने व्यक्तिहरु,
- मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

**(४) सामान्य अपाङ्गता :**

- शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयम सम्पादन गर्न सक्ने
- हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केला भन्दा मुनी नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केलामुनिका कम्तीमा बूढीऔंला र चोरीऔंला भएका ब्यक्तिहरु,
- ठूलो अक्षर पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू,
- दुवै गोडाको सबै औंलाका भागहरु नभएका,
- श्रवणयन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू,

**ग) परिचय पत्र ढाँचा र समन्वय समिति**

समन्वय समिति सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गाउँपालिका र नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिका/नगरपालिकाको उपाध्यक्ष वा उपप्रमुख | संयोजक |
| (ख) गाउँपालिका/नगरपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिका वा नगर पालिकाले तोकेको महिला सदस्य | सदस्य |
| (ग) गाउँपालिका वा नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँ पालिकाको अध्यक्ष वा नगर पालिकाको प्रमुखले तोकेको व्यक्ति | सदस्य |
| (घ) गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक | सदस्य |

(ड.) स्थानीय प्रहरी कार्यालयको प्रमुख सदस्य

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय सदस्य

स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँ पालिकाको अध्यक्ष वा

नगर पालिकाको प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि

(छ) गाउँपालिका र नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सदस्य

सम्वन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख

(झ) गाउँ पालिका वा नगरपालिकाको उपाध्यक्ष वा उपप्रमुखले सदस्य

तोकेको गाउँ पालिका वा नगरपालिकाको कर्मचारी

(२) स्थानीय समन्वय समितिले अपाङ्गता परिचय पत्र वितरणका लागि सिफारिस गर्ने कामका साथै ऐनको दफा ४३ को (च) बमोजिम परिचय-पत्र सम्वन्धी कानुनी, संरचनागत तथा अन्य सुधार गर्नुपर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायमा लेखि पठाउँनु पर्दछ ।

**घ) परिचय-पत्र वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :**

(क) अपाङ्गता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं निजका अभिभावक वा संरक्षकले अनुसूची १ बमोजिमको ढाँचामा परिचय-पत्र प्राप्तिका लागि सबै पुष्ट्याई गर्ने कागजातहरु २ प्रति समावेश गरी निवेदन दिनुपर्नेछ ।

(ख) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपी, पासपोर्ट साइजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरी खिचिएको) फोटो, असक्तताको गाम्भीर्यता अवस्था र शरीरका अंगहरुले गर्ने काममा आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संलग्न हुनुपर्नेछ ।

यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण-पत्र वा नागरिकताको प्रमाण-पत्र वा जग्गा धनी प्रमाण पुर्जा वा शैक्षिक योग्यताको प्रमाण-पत्र वा मतदाता परिचय पत्र वा अपाङ्गताको आधारमा कुनै जागिर गरिरहेको भए नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाण वा जि.प्र.का.मा दर्ता भएका अपाङ्गता सम्बन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै बिश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखितलाई आधार मानिनेछ ।

(ग) रित पुगी आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढीमा ३ दिनभित्र निवेदकले पेश गरेका कागजातहरुको एक प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति गाँउपालिका वा नगरपालिकामा पठाउनु पर्दछ ।

(घ) सम्बन्धित व्यक्तिले पेश गरको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचयपत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई ३ दिन भित्रमा जानकारी दिनु पर्दछ ।

(ङ.) वडा कार्यालयले सिफारिस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नबुझे सूचना पाएको १५ दिन भित्रमा सम्वन्धित स्थानीय तह समक्ष निवेदन दिन सक्नेछ ।

(च) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखि स्थानीय समन्वय समितिको बैठकमा पेश गर्नु पर्दछ । निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनि स्थानीय समन्वय समितिले शिफारिस गरेमा निजलाई परिचय पत्र वितरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्दछ ।

(छ) परिचयपत्रका लागि सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालयले चिकित्सक/विशेषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिसँग राय परामर्श लिन सक्नेछ ।

(ज) सामान्यतया अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचयपत्र बुझिलिनु पर्दछ । अति अशक्त वा पूर्ण अशक्त अपाङ्गता भएको कारणले परिचय पत्र बुझिलिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको बसोबास गर्ने स्थानीय निकायका पदाधिकारीले निजलाई बुझाउने गरी बुझिलिन सक्नेछन् ।

(झ) परिचय-पत्र प्राप्त व्यक्तिहरूको वर्गीकृत लगत स्थानीय तहले कम्प्युटराइज गरी आफ्नो कार्यालयमा राखी चौमासिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

(ञ) समन्वय समितिले परिचयपत्र दिन भनी ठहर गरेका व्यक्तिलाई स्थानीय तहको कार्यालयले अनुसूची २ बमोजिमको परिचय-पत्र (अपाङ्गता भएका व्यक्तिहरूलाई) निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ट) परिचयपत्रमा गाँउपालिका/नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानूनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ठ) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षतिको हकमा परिचय-पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयुक्त परिचय-पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ड) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपाङ्गता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसका आधारमा परिचय पत्र वितरण गर्नु पर्नेछ ।

(१) परिचय-पत्र हराइ, नासिइ वा बिग्रिई परिचय-पत्रको प्रतिलिपि लिनु पर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्दछ ।

(२) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिब देखिएमा परिचय-पत्रको प्रतिलिपी उपलब्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि वडा कार्यालयमा राखी निवेदकले पेश

गरेको सक्कल कागजात सहित सिफारिस गरी गाउपालिका नगरपालिका स्थानीय तहमा पठाउँनु पर्दछ ।

(३) स्थानीय तहले सिफारिस सहित प्राप्त भएको निवेदन अपाङ्गताको प्रकृती अनुसार सोझै वा स्थानीय समन्वय समितिमा पेश गरी समितिको निर्णय अनुसार  अपाङ्गता परिचय-पत्रको प्रतिलिपी निःशुल्क उपलब्ध गराउँनु पर्नेछ ।

(४) प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका बिषयमा सो परिचय पत्र बाहक व्यक्तिले पहिले प्राप्त गरेको परिचय पत्रमा हेरफेर गर्नुपर्ने देखिएमा स्थानीय सिफारिस समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्दछ ।

**ङ) अन्य स्थानीय तहबाट परिचयपत्र वितरण गर्नेः**

स्थानीय ठेगानामा बसोबास नभएका र विभिन्न अवरोध तथा शारीरिक वा मानसिक अवस्थाको गम्भीर्यताको कारण आफ्नो स्थाई वसोवास भएको जिल्लामा गई अपाङ्गता परिचय पत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरुका लागि निजको स्थायी बसोबास भएको स्थानको सम्बन्धित स्थानीय तहबाट परिचय पत्र नलिएको सुनिश्चत भएमा दफा ५ को प्रक्रिया पुरा गरी परिचय पत्र प्रदान गरेर सम्बन्धित स्थानीय तहलाई जानकारी गराउन सकिनेछ ।

## ३.६) अपाङ्गता समावेशी स्वास्थ्य सेवा राष्ट्रिय निर्देशिका, २०१९

अपाङ्गता भएका व्यक्तिलाई सम्पूर्ण स्वास्थ्य तथा पुनर्स्थापना सम्बन्धी सेवाहरू समान आधारमा उपलब्ध गराउन र स्वास्थ्य तथा पुनर्स्थापना सम्बन्धी सेवालाई समावेशी बनाउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो निर्देशिका जारी गरेको हो । अपाङ्गता भएका व्यक्तिले पाउने स्वास्थ्य तथा पुनर्स्थापना सम्बन्धी सेवालाई विस्तृत व्याख्या गरिएको यो निर्देशिकाको प्रभावकारी कार्यान्वयनले अपाङ्गता भएका व्यक्तिको जीवनमा दुरगामी प्रभाव पार्न सक्ने विश्वास गर्न सकिन्छ । यस निर्देशिकाले अपाङ्गतालाई अन्तर्राष्ट्रिय महासन्धीको दृष्टिकोणबाट परिभाषित गरेको छ । अपाङ्गता भएका व्यक्तिले भोग्ने अवरोधहरूलाई गहन तरिकाले विश्लेषण गरेको छ । निर्देशिका सन २०१९ देखि २०३० सम्मको अवधिका लागि निर्माण गरिएको र यस अवधिमा हासिल गरिने उपलब्धीलाई विभिन्न तीन चरणमा विभाजन गरिएको छ । पहिलो चरणको अवधि २०१९ देखि २०२२ सम्मको हो जसमा स्वास्थ्य सेवा र सुविधामा अपाङ्गताको समावेशीकरणका लागि आधार तयार गर्ने भनिएको छ । यस अन्तर्गत मर्यादित संचार, प्राथमिक तहको स्वास्थ्य सेवामा अपाङ्गताको समावेशीकरण र क्षमता विकासलाई जोड दिइएको छ । दोस्रो चरणको अवधि २०२३ देखि २०२६ सम्मको हो जसमा स्वास्थ्य सम्बन्धी जिल्ला तथा प्रादेशिक तहका सेवाहरूमा अपाङ्गताको समावेशीकरण गराउने र अपाङ्गतासँग सम्बन्धित विशेषज्ञ सेवालाई सवलिकरण गर्ने भनिएको छ । यसैगरि तेस्रो चरणको अवधि २०२७ देखि २०३० सम्मको तोकिएको छ जसमा सम्पूर्ण स्वास्थ्य प्रणालीमा राम्रा अभ्यासलाई लागु गराउने भन्ने रहेको छ । निर्देशिकाले पुनर्स्थापना सम्बन्धी सेवालाई पनि तीन चरणमा लागू गर्ने गरि उल्लेख गरेको छ ।

# परिच्छेद - ४

# राष्ट्रिय कानुनहरुमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको दृष्टिकोणबाट बिश्लेषण

## ४.१) नेपालको संविधान २०७२ :

नेपालको संविधान २०७२ प्रगतिशिल संविधान रहेको छ। बिभिन्न आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुलाई पनि मौलिक हकको रुपमा प्रत्याभूत गर्नु आफैमा पनि सराहनिय बिषय हो । यस संबिधानले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार पहिलो चोटी सुनिश्चित गर्ने प्रयास गरेको छ। यस संविधानको प्रस्तावनामा नै "सबै प्रकारको विभेद र उत्पीडन अन्त्य गर्दै वर्गीय, जातीय, क्षत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारको छुवाछुत अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीमूलक सिद्धान्तको आाधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै" भन्ने व्यहोरा उल्लेख भएको छ ।

यस्तै संविधानका धारा १८ को समानताको हक अन्तर्गत सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वन्चित नगरिने प्रत्याभूति गरेको छ। यस्तै सामान्य कानुनको प्रयोगमा लिङ्ग, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था लगायतका यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने व्यहोरा उल्लेख गरेको छ। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति लगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सक्ने व्यवस्था समेत रहेको छ ।

संविधानको धारा ३१ को शिक्षा सम्बन्धी हक अन्तर्गत अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकतलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। यस्तै दृष्टिविहिन नागरिकले ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ ।

संविधानको धारा ३८ को  महिला हक अर्न्तगत समानता, शोषण विरुद्धको हकको कुरा उल्लेखित छ,यस्तो हक उल्लघंन गर्ने लाई दण्डनियबनाउनुको साथै क्षतिपुर्तिको व्यवस्था गर्नुराम्रो कुरा हो । समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागीता, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमाविशेष अवसरप्राप्तगर्ने हक,सम्पति तथा परिवारिक मामिलामा दम्पतीको समान हकको व्यवस्था हुनु आफैमा राम्रो पक्ष हुन् ।

यस्तै संविधान धारा ३९ को बालबालिकाको हक अन्तर्गत अपाङ्गता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने व्यवस्था गरेको छ ।

धारा ४२ सामाजिक न्यायको हक अर्न्तगत उपधारा ३ मा अपाङ्गता भएका नागरिकलाई विविधता सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको

हक हुने, आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, अपाङ्गता भएका व्यक्ति लगायतलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ । यस्तै यस हक अन्तर्गत अपाङ्गता भएको नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मिानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरेको छ ।

संविधानको धारा २५८ ले संवैधानिक निकायको रुपमा राष्ट्रिय समावेशी आयोग गठनको व्यवस्था गरेको छ । राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकारमा अपाङ्गता भएका व्यक्ति लगायतका समुदायका हक अधिकार र संरक्षणको लागि अध्ययन तथा अनुसन्धान गर्ने, अपाङ्गता भएका व्यक्ति लगायतका समुदायको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुझावको लागि नेपाल सरकारलाई सुझाव दिने, अपाङ्गता भएका व्यक्ति लगायतको समुदायको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी यस्तो समुदायको प्रतिनिधित्वको लागि गरिएको विशेष व्यवस्थाको पुनरावोलाकन गर्न नेपाल सरकारलाई सुझाव दिने, अपाङ्गता भएको व्यक्ति लगायतको समुदायको संरक्षण, सशक्तिकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलोकन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने रहेका छन् ।

धारा ८४ मा प्रतिनिधि सभाको गठन, धारा ८६ मा राष्ट्रिय, धारा १७६ मा प्रदेश सभाको गठन सम्बन्धी व्यवस्था अर्न्तगत अपाङ्गता भएका व्यक्तिका राजनीतिक अधिकारलाई समावेशी र समानुपातिक सिद्धान्तका आधारमा सम्बोधन गरेको छ तर निर्वाचन प्रकृयामा कसरी समावेश गर्ने भन्ने बारे नियमावलीले प्रष्ट पार्न सकेको छैन । जव सम्म निर्वाचनमा सम्बन्धी कानुन होस वा नियमावलमा अपाङ्गताका सवालहरु ज्वलन्त रुपमा समावेश भईं अपाङ्गतामैत्री कानुन वा नियमावली बन्दैन तवसम्म अपाङ्गता भएका व्यक्तिहरुको राजनीति अधिकार सुनिश्चित होला जस्तो लाग्दैन । जस्तो मतदान केन्द्रहरुमा अपाङ्गता मैत्री नहुनु, मतदाता नामावलीमा नाम दर्ता गराउन नसक्नु, मतदाता शिक्षा तालिमबाट बन्चित, राजनीतिक दल र निर्वाचन अभियानबाट बन्चित, पर्यवेक्षक, कर्मचारी व्यवस्थापना र राजनीतिक दलमा पहुँच अभिबृद्धि हुन नसक्नुले पनि अपाङ्गता भएका व्यक्तिहरु राजनीतिक अधिकारबाट बन्चित भएको अवस्था छ ।

### ४.२ ) **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५**

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले सुरक्षित मातृत्वको अधिकार, प्रसूति सेवा सम्बन्धी अधिकार, गर्भनिरोधको साधन प्रयोगको अधिकार, सुरक्षित गर्भपतनको अधिकार, गर्भवती तथा सुत्केरी महिलालाई पोषण र हेरचाहको अधिकार, प्रजनन स्वास्थ्य रुग्णताको उपचारको अधिकार एवम् रुग्णताको आधारमा हुने हिंसा र भेदभावविरुद्धको अधिकार प्रदान गरेको छ । यस ऐनको दफा २८ ले यस ऐन अन्तर्गत परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतको सेवा प्रदान गर्दा अपाङ्गता मैत्री हुनुपर्ने व्यवस्था गरेको छ । यस्तै यस ऐनको दफा २९ ले कसैलाई पनि अपाङ्गता लगायतको अवस्थामा वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायत महिनावारी स्वास्थ्य प्राप्त गर्ने अधिकारमाथि कुनै किसिमको भेदभाव गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ ।

## ४.३.) जनस्वास्थ्य सेवा ऐन, २०७५:

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुच स्थापनाको गर्नका लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ लागू भएको छ । उक्त ऐनको दफा १२(१) ले ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरेको छ । यस्तै दफा १२(३) ले कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको अपाङ्गता लगायतको आधारमा उपचारमा भेदभाव गर्नु, गराउनु हुँदैन भन्ने व्यवस्था गरेको छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुच स्थापनाको गर्नका र कुनै पनि नेपाली नागरिकलाई स्वास्थ्य सेवाबाट बन्चित हुन नपरोस भन्नका लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ लागू भएको छ । उक्त ऐनको दफा १२ (१) ले ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरेको छ । यस्तै दफा १२ (३) ले कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको अपाङ्गता लगायतको आधारमा उपचारमा भेदभाव गर्नु, गराउनु हुँदैन भन्ने व्यवस्था गरेको छ । यसैगरी दफा ३ (४) मा निशुल्क स्वास्थ्य उपचार अर्न्तगत शारीरिक अपाङ्गता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य उपचार गर्ने कुरा उल्लेख गरेको छ । उक्त ऐनमा अपाङ्गता  भएका व्यक्तिहरुलाई निःशुल्क उपचार गर्नुपर्ने, अपाङ्गता  मैत्री संरचना र साइकल लेनको प्रबन्ध मिलाउनुपर्ने समेत व्यवस्था छ ।

जनस्वास्थ्य सेवा ऐनको बिश्लेषण गर्दा केही हद सम्म अपाङ्गता भएका व्यक्तिलाई पनि पहिचान गर्न खोजेको छ तर शारीरिक अपाङ्गता (Phsycial Disability) को भन्ने शब्दले स्वास्थ्य सेवा प्रदायक र सेवा लिने व्यक्तिहरुको बीचमा केही दुबिधा वा अलमल हुने जस्तो लाग्न सक्छ जसले गर्दा अपाङ्गताको सवालमा निशुल्क उपचारको सर्न्दभमा केही संकुचित भएको हो की जस्तो देखिन्छ । यद्धपी यो ऐनलाई अपाङ्गताको पक्षमा वकालत गर्ने सामग्रीको रुपमा लिन सकिन्छ र तर यसको कार्यान्वयन पक्ष भने एकदमै कमजोर अवस्थामा छ । राज्यका निकायहरुलाई समेत यसमा भएको व्यवस्थाको बारेमा सचेतीकरण गर्दै गराउदै कार्यान्वयन गराउनका लागि शासन सत्तामा रहेका व्यक्तिको आचरण, व्यवहार र आम नागरिकको दवावले पनि निर्धारण गर्न सक्दछ । यद्यपि यो ऐनलाई अपाङ्गताको पक्षमा प्रगतिशिल र सकारात्मक नै भएको मान्न सकिन्छ ।

## ४.४.) सामाजिक सुरक्षा ऐन, २०७५

नेपाल संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न सामाजिक सुरक्षा ऐन, २०७५ लागु गरेको छ । यस ऐनको दफा २(ख) ले "अपाङ्गता भएका" को परिभाषा गरेको छ जसअनुसार शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालिन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य सामान्य व्यक्तिसरह समान आधारमा सामाजिक जीवनमा सहभागी हुन बाधा भएका दफा ८ बमोजिमका व्यक्ति सम्झनु पर्छ । यस्तै दफा २(ङ) ले "आफ्नो हेरचाह आफै गर्न नसक्ने"

को परिभाषा गरेको छ जसअनुसार अल्जामाइर्स, पार्किन्सन, स्पाइनल कर्ड इन्जुरी, ब्रेन ह्यामरेज, सुस्त मनस्थिति, पक्षघात, सिकल सेल एनिमिया, मानसिक अवस्था ठिक नभएको, अटिजम जस्ता रोगबाट ग्रसित भै आफ्नो हेरचाह आफै गर्न नसक्ने अवस्थामा रहेका भनी चिकित्सकहरुबाट प्रमाणित भएका व्यक्ति सम्झनु पर्छ । ऐनको दफा ३ ले "अपाङ्गता भएका" र "आफ्नो हेरचाह आफै गर्न नसक्ने" नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकारको व्यवस्था गरेको छ । यस्तै ऐनको दफा ८ ले पूर्ण अशक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको अपाङ्गता भत्ता पाउने व्यवस्था गरेको छ । यस्तै ऐनको दफा ११ ले आफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरेको छ । ऐनको दफा २७ ले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको हेरचाहको लागि तोके बमोजिम हेरचाह केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ ।

### ४.५.) अपराध पीडित संरक्षण ऐन, २०७५


फौजदारी न्यायिक प्रक्रियाको अभिन्न अंगको रुपमा रहेका अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी संरक्षण समेत गर्ने उद्देश्यले अपराध पीडित संरक्षण ऐन, २०७५ जारी भएको छ । यस ऐनले पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुने व्यवस्था गरेको छ । यस्तै ऐनको दफा ५ ले फौजदारी न्यायिक प्रक्रियामा पीडितको शारीरिक वा मानसिक अस्वस्थता वा अपाङ्गताका् आधारमा कुनै भेदभाव गर्न नहुने व्यवस्था गरेको छ । तर, शारीरिक वा मानसिक रुपले अशक्त पीडित व्यक्तिको खास आवश्यकतालाई फौजदारी न्यायिक प्रक्रियाको रोहमा विचार गर्नुपर्ने भएमा सम्भव भएसम्म यस्ता पीडितप्रति विशेष व्यवहार गर्न रोक लगाएको नमानिने व्यवस्था गरेको छ ।

### ४.६.) बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालअधिकारको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ । यस ऐनको दफा ५ ले कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको शारीरिक वा मानसिक अवस्था वा अपाङ्गता लगायतको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरेको छ । यस्तै ऐनको दफा ७(४) ले अपाङ्गता भएको बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुने व्यवस्था गरेको छ । यस्तै ऐनको दफा १२ मा अपाङ्गता भएको बालबालिकाको विशेष अधिकारको व्यवस्था गरेको छ जसअनुसार अपाङ्गता भएका बालबालिकालाई तोकिए बमोजिमको विशेष संरक्षणको अधिकार हुने व्यवस्था गरेको छ । अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार हुने व्यवस्था गरेको छ । अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुर्नस्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ । अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुने व्यवस्था गरेको छ । ऐनको दफा ४८ ले गम्भिर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भिर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबु आमा वा परिवारबाट उपचार व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिन भएको बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएको बालबालिकाको रुपमा परिभाषा गरेको छ । विशेष संरक्षणको आवश्यकताको भएको बालबालिकालाई आवश्यकता अनुसार

उद्धार अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुर्नमिलन, पुर्नस्थापना, वैकल्पिक हेरचाह, पारिवारिक सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सहयोग र सेवा तोकिए बमोजिम हुने व्यवस्था गरेको छ ।

## ४.७.) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नियमावली २०७७




घरेलु हिंसा नियन्त्रण गर्ने उद्देश्यले ऐन बन्नु आफैमा यस ऐनको राम्रो पक्ष हो । प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्देश्य अनुरुप घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ जारी भएको छ । यस ऐनले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसाको रुपमा परिभाषित गरेको छ । नेपालको कानूनमा घरेलु हिंसालाई हिंसाको प्रकृतिका आधारमा दुनियाँवादी र सरकारवादी दुवैअन्तर्गत राखेको पाइन्छ । घरेलु सम्बन्धभित्रको कुनै व्यक्तिले अर्को व्यक्तिविरूद्ध अङ्गभङ्ग गरेको तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, वा घसी जीउमा शरीरमा पीडा पुर्‍याएको  शरीरका कुनै अङ्ग कुरूप पारिदिने गरी भएको शारीरिक यातना र यौनजन्य यातना दिएको अवस्थामा उक्त कसूरलाई फौजदारी कानूनअन्तर्गत मुद्दा चलाउने व्यवस्था गरिएको छ ।  सामान्य कुटपिट तथा मानसिक हिंसालाई ब्यक्तिवादी  फौजदारी मुद्दा अन्तर्गत र आर्थिक यातनासम्बन्धी मुद्दालाई भने देवानी मुद्दाका रूपमा हेरिएको छ । घरेलु हिंसा सम्वन्धी कसूरका सम्बन्धमा पीडितले प्रहरी, स्थानीय तह, राष्ट्रिय महिला आयोग वा सीधै अदालतमा उजूरीदिन सक्ने व्यवस्था गएिको छ ।

यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि ऐनमा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्नसक्ने व्यवस्था गएिको छ ।  यसैगरी उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्ने, पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइ दिन, पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेवा केन्द्र सञ्चालन गर्नकोलागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्ने लगायतका महत्वपूर्ण व्यवस्था गरिएको  छ ।  आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. ८६ मा बोक्सी, दाइजो, तिलक, बालविवाह, छाउपडी जस्ता कुप्रथा अन्त्यका लागि संघ, प्रदेश र स्थानीय तहबाट सचेतना अभियान सञ्चालन गरिनेछ भन्ने उल्लेख भएको छ ।

घरेलु हिंसाको परिभाषा गर्दा शारीरिक, आर्थिक, मानसिक र यौनजन्य यातनाहरु सबै पर्छन् भनि भनिएको छ । शारीरिक, आर्थिक, मानसिक र यौनजन्य हिंसालाई समेट्नु सकारात्मक पक्ष हो । यसैगरि यातनाको विस्तृत परिभाषा, उजुरीसम्बन्धी व्यवस्था, अन्तरिम संरक्षणको व्यवस्था (दफा ६), पीडितलाई क्षतिपूर्ति

दिने व्यवस्था (दफा १०), पुनर्स्थापना केन्द्रको व्यवस्था, तेस्रो पक्षले उजुरी दिन सक्ने, बन्द इजलाशको व्यवस्था (दफा ७), घरेलु हिंसा सम्बन्धी मुद्दालाई प्राथमिकता दिनुपर्ने, मेलमिलाप तथा समन्वय गर्नुपर्ने व्यवस्था, उपचारको खर्च पीडकले व्यर्होनु पर्ने (दफा ९),सेवा केन्द्रको व्यवस्था (दफा ११) सेवा कोष ( दफा ११) जस्ता प्रावधानहरु सकारात्मक रहेका छन् । यि प्रावधानले केही हदसम्म हिंसामा परेका महिलाहरुलाई राहत दिन सक्छ ।

सजाय गर्न जारी गरिएको यस ऐनले घर परिवार भित्र वा घर परिवारसंग गाँसिएर हुने हिसांजन्य कार्यलाई दण्डनिय बनाउनुको साथै यस्तो कार्य नियन्त्रण गर्ने र संरक्षणगरि न्याय प्रदान गर्ने उद्देश्य राखी जारी गरिएको कुरा सराहनिय पक्ष हो ।

**घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ तथा नियमावली २०६७ को कार्यान्वयन पक्ष अत्यन्तै कमजोर रहेको अवस्था छ निम्न अनुसार बिश्लेषण गरिएको छः**

कानुनको बारेमा जानकारीको अभाव, प्रहरी महिला सेल सबै जिल्लामा स्थानीय स्तरमा नहुनु, महिला आयोग केन्द्रिकृत हुनु, सबै जिल्ला र क्षेत्रमा सेवा केन्द्र र कोषको स्थापना नहुन, घरेलु हिंसाका उजुरी मूलतः ठाडो निवेदनको रुपमा मात्र आउने, अधिकांश उजुरीमा मिलापत्र गराईनु, अदालतमा अत्यन्तै न्यून मुद्दा पेश भएका, स्वास्थ्य मन्त्रालय स्थानीय विकास मन्त्रालयलाई दिएको आदेश कार्यान्वयन भए नभएको जानकारी नभएको, हालसम्म कानुन निर्माणतर्फ पहल नभएको, अदालतद्धारा प्रमाणित बयान अदालतले प्रमाणमा लिनसक्ने व्यवस्था वाध्यकारी नभएको, क्षतिपूर्तिको अधिकारलाई जरिवानामा मात्र सीमित राखी राज्यलाई उत्तरदायी नबनाएको, पीडितले के प्राप्त गर्ने ? भन्ने व्यवस्था नरहेको, उजुरी गरेपछि झन पीडामा पर्ने अवस्था, बहुविवाहमा अंश नै कम हुने, बहुविवाहमा पीडितलाई क्षतिपूर्ति दिनुपर्छ भन्ने अनुमान नै नगरेको अवस्था आदि कुराहरु कमी कमजोरीको रुपमा देखिन्छन् ।

**घरेलु हिंसा ऐन, कार्यविधिगत अस्पष्टताः**

- अनुसन्धान तथा कारवाही गर्ने तीनवटै निकायमा उजुरीमा  समन्वयको अभाव देखिनु ।
- मौखिक उजुरीलाई सम्बन्धित निकायले लिखित रुपमा आफै लेखि लेखाई लिनु पर्ने वाध्यात्मक व्यवस्थाको कार्यान्वयनमा चुनौती ।
- अरु व्यक्तिले उजुरी गर्दा उसले चाहेमा उजुरी कर्ताको नाम गोप्य राख्ने वा नराख्ने स्पष्ट नहुनु ।
- सरकारवादी हुने मुद्दा बाहेक अदालतमा दायर भएको मुद्दाको बहस पैरवी प्रतिरक्षामा स्पष्टता नहुनु ।
- अदालतमा गर्नु पर्ने उजुरी कसले कसरी कुन ढाँचामा गर्ने स्पष्टताको अभाव ।
- सिधै अदालतमा गएमा प्रमाणको संकलन प्रकृयामा अस्पष्टता ।
- घरेलु हिंसा कानुनले नसमेटेको अन्य महिला विरुद्धको हिंसा, घरेलु सम्बन्ध भित्रको सदस्यले गरेको अवस्थामा घरेलु हिंसा अन्तर्गत तत्काल वा अन्तरिम संरक्षणको व्यवस्थामा स्पष्टता ल्याउने पर्ने ।
- अनुसन्धानको लागि थुनेर कारवाही गर्न सक्ने अधिकारको सुनिश्तिता गर्नु पर्ने ।
- गोपनियताको संरक्षणको अस्पष्टता ।

## ४.८.) राष्ट्रिय स्वास्थ्य नीति २०७६:

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक, र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि प्रस्ट व्यवस्था गरिएको छ । त्यसैगरी प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। यी संवैधानिक व्यवस्थाहरू मौलिक हक अन्तर्गत गरिएको हुँदा राज्यले आफ्ना सबै नागरिकहरू (अपाङ्गताभएका व्यक्तिहरू) लाई सेवा प्रदान गर्ने र ती सेवाहरूमा पहुँचको ग्यारेन्टी गरेको प्रस्ट छ ।

यसका नीति अर्न्तगत ६ (५) स्वास्थ्य सर्ववव्यापी पहुँचु (universal health coverage) को अवधारणा अनरूप प्रर्वद्दनात्माक, प्रतिकारात्मक, उपचारात्मक, पर्नस्थापनात्मक तथा प्रशासन सेवालाई एकीकृति रुपमा बिकास र बिस्तार गरिनेछ। यसैगरि ६(१७) मा मानसिक स्वास्थ्य मुख, आँखा, नाक, कान, घाँटिका स्वास्थ्य सेवा लगायतका उपचार सेवालाई बिकास र बिस्तार गरिनेछ। यसैगरि नीतिका प्रमुख रणनीति अर्न्तगत ६(१७) ५ मा ज्ञान, सीप हस्तान्तरण र सीप मिश्रीत सेवाको अवधारणा मार्फत बिशेष थप तालिम मार्फत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक अस्पतालहरु मार्फत सबै नागरीकको पहुँचु सुनिश्चीत गररनेछ। यसैगरि ६(२३)३ अशक्त र अपाङ्गता भएकाहरुको स्वास्थय सेवाहरुमा पहुँच सुनिश्चित गर्न  अपाङ्गता मैत्री संरचना र संयन्त्रको बिकास गरि लागू गरिनेछ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले स्वास्थ्य तथा पुर्नःस्थापना सेवालाई स्वास्थ्य सेवाका प्रर्वद्धनात्मक, निदानात्मक, उपचारात्मक सेवा सरहकै मान्यतामा सँगसगै जाने उल्लेख रेको छ। मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई र अपाङ्गता सिर्जना गर्ने ईन्द्रियहरु मध्ये आँखा र कान सँग सम्बन्धितका बिरामीहरुको उपचारको सेवामा बिस्तार गर्ने र अपाङ्गतामैत्री भौतिक संरचना र संयन्त्रको बिकास र बिस्तार गर्दै जाने कुरा उल्लेख भएको हुदा केही मात्रमा यो ऐनले सम्बोधन गर्न खोजेको देखिन्छ तर समग्र अपाङ्गता भएका व्यक्तिहरुको हकमा भने यो ऐन मैन देखिन्छ। यसै सर्न्दभमा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचार सेवा र उनीहरुको पुर्नःस्थापना सम्बन्धी गम्भीर अवस्थाका सेवाग्राहीहरुलाई यस महामारीको सर्न्दभमा स्वास्थ्य तथा पुर्नःस्थापना सेवा अत्यन्त जरुरी छ त्यसैले सवै अस्पतालहरुमा अपाङ्गता भएका व्यक्तिको अत्यावश्यक स्वास्थ्य तथा पुर्नःस्थापना सेवाको प्रवाहमा एक रुपता हुन आवश्यक छ।

## ४.९.) स्वास्थ्य बिमा ऐन २०७४:

यस ऐनको परिच्छेद २ को स्वास्थ्य बिमा कार्यक्रम अर्न्तगत स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुने सर्न्दभमा अपाङ्गता भएका व्यक्तिलाईको स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्नु निजको संरक्षक वा अभिभावकको कर्तव्य हुनेछ भन्ने कुरा उल्लेख गरेको छ।

यस ऐनको बिश्लेषण गर्नु पर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई अन्यलाई भन्दा धेरै र निरन्तर स्वास्थ्य उपचार चाहिरहेको र उनीहरुको नियमित उपचारमा खर्च गरिरहनु परेको कारण  आर्थिक अवस्था पनि

कमजोर भई सकेको हुँदा स्वास्थ्य बिमा झन अनिवार्य भएको छ तर ऐनले त अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई नै मुख्य जिम्मेवारी बनाएको देखिन्छ। तर अपाङ्गता भएका व्यक्तिलाई केही मात्रमा मात्रै भए पनि यस ऐनमा पहिचान गरेको कुरालाई भने सकारात्मक रुपमा लिन सकिन्छ। यसर्थ अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य बिमा गर्ने सन्र्दभमा राज्य आफ्नो जिम्मेवारी पन्छिएको देखिन्छ।

## ४.१०.) मुलुकी अपराध (संहिता) ऐन, २०७४

२०७५ भाद्र १ बाट लागु हुने यस अपराध संहितामा छरिएको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरुको बारेमा प्रावधानहरु उल्लेख गरिएका छन्।

दफा १६० मा कानुनमा अन्यथा...लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति...आधारमा कुनै पनि नागरिकमाथि जानी जानी भेदभावपुर्ण व्यवहार गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ।

त्यस्तै दफा २१९(७) मा सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमाकानुनमा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछभनी उल्लेखगरेको छ। यो व्यवस्था स्वागत योग्य छ।

दफा ३८ मा कसुरको गाम्भीरता बढाउने अवस्थाहरुमा “पचहत्तर बर्ष माथिको बृद्धवस्था वा शारिरीक वा मानसिक अस्वस्थ्यताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारण आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकाको बिरुद्ध कसुर गरेको”मा अपराधको गम्भीयता बढेको मानिने ।

दफा ३९(ज) मा यदि शारिरीक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसुरदारको क्षमता ह्रास भएको अवस्थामा कसुरको गम्भीरता घटाउने आधार भएको उल्लेख गरिएको छ।

## ४.११.) मुलुकी देवानी (संहिता) ऐन २०७४

यदी कुनै व्यक्तिको छोरा छोरी अशक्त वा अपाङ्गता भएमा निजको बिशेष हेरचाह गर्नु पर्ने व्यवस्था उल्लेख गरीएको छ। तर यदी कसैको बाबुआमा वा अन्य परिवारजनमा अशक्तता वा अपाङ्गता भएको खण्डमा कस्ले जिम्मेवारी लिने भन्ने सन्दर्भ भने अनुत्तरित छ। बुबा आमाको मृत्यु पश्चात कसले हेरचाह गर्ने भन्ने बिषयमा केही प्रावधान उल्लेख गरेको छैन। अपाङ्गता भएको व्यक्ति विशेष गरी अपाङ्गता भएका महिलाहरुलाई हेरचाह गर्ने जिम्मा बाबु आमा भए बाबु आमा र बाबु आमा नभए नजिकको अन्य परिवारका सदस्यले हेरचाह गर्ने व्यवस्था गर्नुपर्दछ।

समानताको अधिकार सम्बन्धी व्यवस्था निकै सराहनिय प्रावधान हो। संबिधान प्रदत्त अधिकारलाई यस ऐनले अझ बलियो बनाएको छ। तर समान व्यवहार गरिनुपर्ने र भेदभाव गर्न नहुने भनिएता पनि यदि

कुनै समुदायका लागि बिशेष व्यवस्था गरीएको खण्डमा सो व्यवस्थालाई भेदभाव गरिएको मानिने छैन भनि उल्लेख गरीएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन भनी अपाङ्गता भएका व्यक्तिहरुको लागि सकारात्मक विभेदको अवधारणा यसमा उल्लेख गरीएको छ ।

कुनै व्यत्तिको छोराछोरी अति अशक्त वा अपाङ्गता भएका निजको बिशेष हेरचाह गर्नु पर्ने व्यवस्था उल्लेख गरिएको छ । तर यदी कसैको बुवा आमा वा अन्य परिवारमा अशक्तता वा अपाङ्गता भएको खण्डमा कसले जिम्मेवारी लिने भन्ने सन्र्दभमा भने संहिता अनुत्तरित छ । बुवाआमाको मृत्यु पश्चात कसले हेरचाह गर्ने भन्ने बिषयमा केही प्रावधान उल्लेख गर्नु पर्ने अपाङ्गता भएका व्यक्तिलाई कार्यगत सीमितताको दृष्टिकोणबाट हेरिनु पर्नेमा असक्षम र अर्धसक्षमको दृष्टिकोणबाट हेर्न खोजिएको छ ।

अपाङ्गता जन्मजात नि हुनसक्छ भने जीवनका केही कालखण्ड पछि पनि हुन सक्छ तर कानुनले आमाबुवाको सन्तान प्रतिको दायित्व त सिर्जना गर्‍यो, जुन कारण बालबालिका एवंम वयस्क सन्तानलाई आमाबुवाले हेरचाह गर्ने दायित्व बहन गर्ने भए तर बुवाआमाको मृत्यु पश्चात के हुने हो र कानुनले यस बिषयमा केही प्रावधान उल्लेख गरेको छैन । अझ यदी हेरबिचार गर्ने दायित्व भएको मान्छेले दायित्व वहन गर्न ईन्कार गरेमा, यदि कुनै व्यत्तिले सो अपाङ्गता भएको व्यक्तिको हेरचाह गरे बापतको खर्च शोधभर्ना लिन पाउने व्यबस्था छ । यस्तो व्यवस्था राख्नु भन्दा कुनै पनि किसिमको अपाङ्गता भएको व्यक्तिलाई परिवारका सदस्यहरुले नै हेरचाह गनु पर्ने भनी व्यवस्था भएको भए परिवारका सबै व्यक्तिहरु जिम्मेवार हुने थिए र आमाबुवाको मृत्यु पश्चात् पनि उनीहरुको सहज जीवन यापनका लागि सुनिश्चितताको सवाल उठने थिएन ।

यस ऐनको करारीय दायित्वको बिषयमा रहेको प्रावधानले नेपाली काररीय कानुनमा नया आयाम थपेको छ ।

## परिच्छेद - ५

## प्रमुख नियमावलीहरुमा अपाङ्गताको आधारमा गरिएको बिभेदकारी व्यवस्थाहरु:

**५.१.) कारागार नियमावली, २०२०:**

दफा १६ ख) मा खुला कारागार सम्बन्धी व्यवस्था : (१) (५) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिइने छैन :-

मानसिक सन्तुलन ठिक नभएको भनी चिकित्सकले प्रमाणित गरी दिएको कैदी,

**५.२.) धितोपत्र कारोबार नियमावली, २०५०:**

दफा ३३ मा अयोग्यता : धितोपत्र व्यवसायीको रूपमा दर्ता हुन चाहने संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख देहायका कुनै अयोग्यता भएको हुनु हुँदैन :-

बहुलाएको वा मगज बिग्रेको,

**५.३.) राष्ट्र ऋण नियमावली, २०५९:**

दफा १४ मा अन्य व्यक्ति संरक्षक हुने व्यवस्था : नाबालकको हकमा आमा वा बाबु र बहुलाएको व्यक्तिको हकमा आमा वा बाबु वा पति वा पत्नी नभएको अवस्थामा सो व्यहोरा खुलाई त्यस्तो नाबालक वा बहुलाएको व्यक्तिको हेरचाह गर्ने कुनै व्यक्तिलाई त्यस्तो नाबालक वा बहुलाएको व्यक्तिको ऋणपत्रको सम्बन्धमा संरक्षक हुनको लागि सम्बन्धित स्थानिय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो नाबालक वा बहुलाएको व्यक्तिको निज संरक्षक भएको व्यहोरा प्रमाणित गरिदिएको पत्रको आधारमा विभागले त्यस्तो व्यक्तिलाई संरक्षक धनी रहने गरी व्यवस्था गर्न सक्नेछ ।

दफा १५ मा बहुलाएको व्यक्तिको ऋणपत्रको साँवा ब्याज भुक्तानीः ऋणपत्रको धनी बहुलाएकोमा त्यस्तो ऋणपत्रको साँवा ब्याजको भुक्तानी निजको संरक्षकलाई दिइनेछ । निजको मानसिक अवस्था ठीक भई निजले त्यस्तो ठीक भएको व्यहोरा लेखिएको मेडिकल बोर्डको प्रमाणपत्र पेश गरेमा सो साँवा ब्याजको भुक्तानी निजलाई नै दिनुपर्नेछ ।

**५.४.) वैदेशिक रोजगार नियमावली, २०६४:**

कार्यकारी निर्देशकको योग्यता : कार्यकारी निर्देशकको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ:- (छ) मगज नबिग्रिएको ।

### ५.५.) शिक्षक सेवा आयोग नियमावली, २०५७:

अध्यापन अनुमति पत्र लिनको लागि उम्मेदवार हुन नसक्ने: (१) देहायको व्यक्ति अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछैन:- (ग) मगज बिग्रेको,

उम्मेदवारको लागि अयोग्यता: देहायका व्यक्तिहरू शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन्: मगज बिग्रेको,

### ५.६.) सहकारी नियमावली, २०४९:

शेयरको नामसारी : (३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत सदस्यको हकवाला नाबालिक रहेछ वा निजको मानसिक सन्तुलन ठीक रहेनछ भने मृत सदस्यले पाउने शेयर रकम कम्तिमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता दिनु पर्नेछ ।

### ५.७.) सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६०:

दफा ९ मा चिकित्सकको राय : (१) कुनै गर्भवती महिलाको गर्भपात नगराएमा देहायको कुनै परिणाम हुन सक्तछ भनी चिकित्सकीय पद्धति तथा सो कुरालाई समर्थन हुने अन्य कुनै आधारमा सम्बन्धित महिलाको मन्जुरीले गर्भपतन गराउनु पर्दा चिकित्सकले अनुसूची-७ बमोजिमको ढाँचामा राय लेखिदिनु पर्नेछ ।

सम्बन्धित गर्भवती महिलाको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खराब हुने, विकलाङ्ग बच्चा जन्मने ।

दफा १० मा मन्जुरीनामा तथा अन्य कागजात : (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शारीरक वा मानसिक कारणले होस ठेगाना नभएकी र १६ वर्ष उमेर पूरा नगरेकी महिलाको हकमा त्यस्तो मन्जुरीनामा सम्बन्धित गर्भवती नजिकको नातेदारले लेखिदिन सक्नेछ ।

शाररिक वा मानसिक अपाङ्गता भएमा निर्णय गर्ने क्षमतामा पर्न सक्ने अवस्था बारे कल्पना गरी गर्भपतन गर्नु पूर्व मंजुरिनामा तथा अन्य कागजात हुनु पर्ने भनी ब्यवस्था गरिएको छ ।यो ब्यवस्था अपांगता भएको व्यक्तिहरुको सुरक्षाको दृस्टीकोणले ठीक नै भए पनि यसमा प्रयोग भएको 'होस् ठेगाना नभएकी 'भन्ने शब्द अमर्यादित छ ।

### ५.८.) सैनिक सेवा नियमावली, २०६९:

द्यफा ४७ मा आधार तालिम वा मेडिकल बोर्डबाट अयोग्य (अनफिट) भएमासेवाबाट हटाउन सकिने: (१) कुनै पनि सैनिक व्यक्ति तालिमको सिलसिलामा तीन पटकसम्म रेलिगेट भई कमिशन अधिकृत तथा

सिपाही बन्न योग्यता नभएको वा नरहेको तथा नियम १०७ बमोजिमको मेडिकल बोर्डबाट अयोग्य ( अनफिट) हुने प्रकृतिको रोगी तथा अपाङ्ग भएको कुरा प्रमाणित भएमा निजको नियुक्ति वदर हुन सक्नेछ ।

बस्तुत :यसमा भएको ब्यवस्था ठिक नै देखिएपनि कहिले काही मेडिकल बोर्डको निर्णय स्वेच्छाचारी हुन सक्ने हुदा त्यस्तो अवस्थामा क् गर्ने भन्ने कुराको समेत ब्यवस्था गरिनु पर्ने देखिन्छ

मेडिकल बोर्डको निर्णय उपर पुनरावेदन लाग्न सक्ने गरी व्यवस्था गरिनु पर्छ l**५.९.**) **स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४:**

दफा २१५ मा बरबुझारथ : यस नियम बमोजिम बरबुझारथ गर्ने कर्तव्य भएका पदाधिकारी वा कर्मचारी पदबाट अलग भैसकेको वा पत्ता नलागेको वा मरेको वा स्वास्थ्यका कारणबाट होस् ठेगान नभएको वा बहुलाएको रहेछ र त्यस्तो पदाधिकारी वा कर्मचारीले गर्नु पर्ने बरबुझारथ निजको परिवारका सदस्यले गर्न चाहेमा निज वा निजले मञ्जुर गरी पठाएको व्यक्तिबाट सम्बन्धित स्थानीय निकायले खटाएको व्यक्तिको रोहबरमा जसले बुझी लिनु पर्ने हो बुझी लिनु पर्नेछ ।

यसमा प्रयोग भएको होस् ठेगान नभएको , बहुलाएको भन्ने जस्तो शब्दहरु अमर्यादित छन् l

अपाङ्ग मैत्री भाषाको प्रयोग गरिनुपर्छ lयसका लागि सचेतना अभिबृद्धि गरिनुपर्ने देखिन्छ l

## ५.१०. धनादेश नियमावली, २०३१:

दफा ८ मा नाबालक अपाङ्ग वा मानसिक अवस्था ठीक नभएको व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी : (२) अपाङ्ग वा मानसिक अवस्था ठीक नभएको व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी निज आमा बाबुको साथमा बसेको रहेछ भने आमा वा बाबुको दस्तखत गराइ भुक्तानी दिईनेछ । निज अन्य कुनै व्यक्तिको साथमा रहे बसेको भए एकजना साक्षी राखी त्यस्तो साथमा राख्ने व्यक्तिको दस्तखत गराई भुक्तानी दिइनेछ ।

तर धनादेशको भुक्तानी सम्बन्धी सबै प्रक्रियाको ज्ञान भएको अपाङ्ग व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी निजलाई नै दिइनेछ । यस व्यवस्थालाई सकरात्मकरूपमा लिन सकिन्छ

# परिच्छेद - ६

# अन्य ऐन र नियमावलीहरुमा सुधार गर्नुपर्ने कानुनी प्रावधानहरू

## ६.१.) भाषिक विभेद र अपमानजनक शब्दाबलीः

अध्यायन गर्ने हो भने धेरै जसो ऐनहरुका प्रावधानमा मानवअधिकारको दृष्टिकोणले निकृष्ट शब्दहरु प्रयोग भएका छन् । त्यसैगरि अपाङ्गता भएका व्यक्तिहरुको आत्मासम्मानमा ठेस पुग्ने खालका भाषिक विभेद र अपमानजनक शब्दाबलीको प्रयोग प्रयोग गरिएको छ त्यस्ता शब्द एवंम भाषिक बिभेद हटाउनका लागि अपाङ्गता अधिकारकर्मी, संघ संस्थाका प्रतिनिधिहरुले सम्बन्धित सरोकारबाला निकायहरुमा वकालतका माध्यमबाट पहल गरिनु पर्दछ ।
धेरै जसो अपाङ्ग मात्र शब्द प्रयोग भएको छ यो आफैमा पुर्ण शब्द मानिदैन तसर्थ अपागता शब्द लेखिनु पर्ने, बहुलाएको, मगज बिग्रीएको, मानसिक सन्तुलन ठिक नभएको, पागल र अर्ध पागल भन्ने शब्द प्रयोग गरिनुको सटट्ा मनोसामाजिक अपाङ्गता भएको व्यक्ति भन्ने शब्द त्यसैगरि लाटालाटिको सट्टा बहिरा वा बहिरा अपाङ्गता भएका व्यक्ति वा सुनाइबोलाई सम्बन्धी अपाङ्गता भएको व्यक्ति भन्ने जस्ता सम्मानजनक एवंम अपाङ्गतामैत्री शब्दावलीहरु प्रयोगमा ल्याउनु पर्छ ।
तसर्थ प्रावधानमा प्रयोग भएका अपमानजनक, विभेदकारी र मनोसामाजिक अपाङ्गता तथा सुनाइबोलाई सम्बन्धी अपाङ्गता जस्ता अपाङ्गता मैत्री शब्दको शब्द प्रयोग गरिनुपर्छ ।

अपाङ्गता भएका व्यक्तिलाई सम्बोधन गर्ने क्रममा निम्न लिखित ऐनहरुमा भाषिक बिभेद र अपमानजनक शब्दावलीहरु निम्न अनुसार सम्बोधन गरिएको छ ।

१) करार ऐन, २०५६ को दफा १४ (२) (आ) मा शारीरिक वा मानसिक दुर्बलता भन्ने शब्दको प्रयोग भएको छ ।

२) कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ५ (ख) मा बहुलाएको भन्ने शब्दको प्रयोग भएको छ ।

३) कारागार ऐन, २०१९ को दफा ६ (च) मा पागल र अर्धपागल भन्ने शब्दको प्रयोग भएको छ ।

४) खेलकूद विकास ऐन, २०४८ को दफा ७ (ङ) र १० मा क्रमश मगज विग्रेको र मानसिक रुपमा विकलाङ्ग भन्ने शब्दको प्रयोग भएको छ ।

५) घर जग्गा कर ऐन, २०१९ को दफा ४ मा बौलाहा वा लाटालाटी भन्ने शब्दको प्रयोग भएको छ ।

६) छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३क मा अपाङ्ग भन्ने शब्दको प्रयोग भएको छ ।

७) दूरसञ्चार ऐन, २०५३ को दफा ९ मा मानसिक सन्तुलन ठीक नभएमा वा मगज बिग्रेमा भन्ने शब्दको प्रयोग भएको छ ।

८) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११ मा बहुलाएको व्यक्ति भन्ने शब्दको प्रयोग भएको छ ।

९) नागरिक लगानी कोष ऐन, २०४७ को दफा २६ मा मगज बिग्रेको वा बहुलाएका भन्ने शब्दको प्रयोग भएको छ ।

१०) निजामती सेवा ऐन, २०४९ को दफा ७ मा अपांग भन्ने शब्दको प्रयोग भएको छ ।

११) नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ७ र १८ मा मगज बिग्रेको भन्ने शब्दको प्रयोग भएको छ ।

१२) नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२, नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५, नेपाल फार्मेसी परिषद् ऐन, २०५७, सबैको दफा ७, नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १८, नेपाल कानून आयोग ऐन, २०६३ को दफा ६ मा मगज बिग्रेका भन्ने शब्दको प्रयोग भएको छ ।

१४) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ मा अपाङ्ग भन्ने शब्दको प्रयोग भएको छ ।

१५) नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा १३ मा मानसिक सन्तुलन ठीक नभएका भन्ने शब्दको प्रयोग भएको छ ।

१६) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ : मानसिक सन्तुलन ठीक नभएको भन्ने शब्दको प्रयोग भएको छ ।

१७) बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४३ मा सुस्त मनस्थिति भन्ने शब्दको प्रयोग भएको छ जुन अवधारणा नै गलत छ।

१८) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ मा मगज बिग्रिएको वा मानसिक सन्तुलन ठीक नभएका भन्ने शब्दको प्रयोग भएको छ ।

१९) मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा १५ मा अपाङ्ग भन्ने शब्दको प्रयोग भएको छ ।

२०) राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ को दफा ७ मा बौलाएको वा मगज बिग्रेका व्यक्ति भन्ने शब्दको प्रयोग भएको छ ।

२१) राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ९ मा बहुला वा मानसिक सन्तुलनरहित व्यक्ति भन्ने शब्दको प्रयोग भएको छ ।

२२) लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा ३३ मा अपाङ्ग भन्ने शब्दको प्रयोग भएको छ ।

२३) व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ७ मा अपाङ्ग भन्ने शब्दको प्रयोग भएको छ ।

२४) सञ्चार संस्थान ऐन, २०२८ को दफा ११ मा बहुला वा मानसिक सन्तुलन रहित ब्यक्ति भन्ने शब्दको प्रयोग भएको छ ।

२५) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ मा बहिरो भएको व्यक्ति भन्ने शब्दको प्रयोग भएको छ ।

२६) अध्यागमन नियमावली, २०५१ को नियम २८ मा मगज विग्रेमा वा बहुलाएमा भन्ने शब्दको प्रयोग भएको छ ।

२७) क्यासिनो नियमावली, २०७० को नियम ७ मगज बिग्रिएको वा मानसिक सन्तुलन ठीक नभएको भन्ने शब्दको प्रयोग भएको छ ।

२८) गैर सैनिक हवाई उडान नियमावली, २०५२ को नियम २२ मा मानसिक स्थिति ठीक नभई होस ठेगाना नभएको वा बहुलाएका भन्ने शब्दको प्रयोग भएको छ ।

२९) धितोपत्र कारोबार नियमावली, २०५० को नियम ३३ मा बहुलाएको वा मगज बिग्रेको भन्ने शब्दको प्रयोग भएको छ ।

३०) राष्ट्र ऋण नियमावली,  २०५९ को नियम १४, १५ मा बहुलाएको व्यक्ति भन्ने शब्दको प्रयोग भएको छ ।

३१) वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३० मा मगज नबिग्रिएको भन्ने शब्दको प्रयोग भएको छ ।

३२) शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. मा मगज बिग्रेको भन्ने शब्दको प्रयोग भएको छ ।

३३) सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० को नियम ९ मा विकलाङ्ग बच्चा भन्ने शब्दको प्रयोग भएको छ ।

३४) नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को ५४ नं मा अन्धा, अपाङ्ग, अशक्त भन्ने शब्दको प्रयोग भएको छ ।

३५) शिक्षक सेवा आयोगको परीक्षा सञ्चालन निर्देशिका, २०६८ को ४ नं मा अन्धा/अपाङग भन्ने शब्दको प्रयोग भएको छ ।

**६.२.) अयोग्य ठहरिने व्यवस्थाः**

१) कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ५ : संचालकको अयोग्यता : देहायको व्यक्ति समितिको संचालक हुन अयोग्य मानिनेछ :- (ख) बहुलाएको,

२) खेलकूद विकास ऐन, २०४८ को दफा ७ : सदस्यको अयोग्यता : देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन :- (ङ) मगज विग्रेको ।

३) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११ : अध्यक्ष तथा सदस्यको अयोग्यता :(घ) बहुलाएको व्यक्ति ।

४) नागरिक लगानी कोष ऐन, २०४७ को दफा २६ : सञ्चालकको पदमा नियुक्ति हुन वा बहाल रहन अयोग्यता :(१) देहायको कुनै व्यक्ति सञ्चालक को पदमा मनोनीत वा निर्वाचित हुन सक्ने छैन :-(ख) मगज बिग्रेको वा बहुलाएको ।

५) नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ७ : सदस्यको निमित्त अयोग्यता : (ङ) मगज बिग्रेको ।

६) नेपाल कानून आयोग ऐन, २०६३ को दफा ६: आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्यमा नियुक्त तथा मनोनयन हुनको लागि मगज नबिग्रेका हुनु पर्नेछ ।

७) नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा ७ : मगज बिग्रेको व्यक्ति परिषद्को सदस्यमा मनोनीत वा निर्वाचित हुन वा सदस्यमा बहाल रहन अयोग्य मानिनेछ ।

८) नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ७ : मगज बिग्रेका व्यक्ति परिषद्को सदस्य पदमा मनोनीत वा निर्वाचित हुन सक्ने छैन ।

९) नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ८ : बहुलाएको वा मानसिक सन्तुलन रहित व्यक्ति महाप्रबन्धक वा सञ्चालक हुन सक्ने छैन ।

१०) नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १० : बहुलाएको वा मानसिक सन्तुलन नभएको, व्यक्ति सञ्चालक हुन वा कायम रहन सक्दैन

११) नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा १३ : मानसिक सन्तुलन ठीक नभएको व्यक्ति नोटरी पब्लिकको लागि अयोग्य हुनेछ ।

१२) न्याय परिषद ऐन, २०७३ को दफा ७ : मानसिक सन्तुलन ठीक नभएमा न्यायाधीश पदमा नियुक्त हुन नसक्ने ।

१३) पर्यटन ऐन, २०३५ को दफा ४० : कुनै मानसिक वा सरुवा रोग लागेका व्यक्तिलाई पथ प्रदर्शकको इजाजतपत्र दिइने छैन ।

१४) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ : मानसिक सन्तुलन ठीक नभएको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ ।

१५) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ : मगज बिग्रिएको वा मानसिक सन्तुलन ठीक नभएका व्यक्ति बैंक वा वित्तीय संस्थाको सञ्चालक हुन योग्य हुने छैन ।

१६) मतदाता नामावली ऐन, २०७३ को दफा २६ : मानसिक सन्तुलन ठीक नभएका मतदाताले मतदान गर्न पाउने छैनन् ।

१७) राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १२ : मानसिक सन्तुलन ठीक नभएको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ ।

१८) राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ को दफा ७ : बौलाएको वा मगज बिग्रेका व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन पाउने छैन

१९) राष्ट्रिय समाचार समिति ऐन, २०१९  दफा ९: बहुला वा मानसिक सन्तुलनरहित व्यक्ति सञ्चालक हुन वा रहन सक्ने छैन ।

२०) विमा ऐन, २०४९ को दफा ३२: मानसिक स्थिति ठिक नभएको कुनैपनि व्यक्ति विमा अभिकर्ता, सर्भेयर वा दलाल हुन सक्ने छैन ।

२१) सञ्चार संस्थान ऐन, २०२८ को दफा ११ : बहुला वा मानसिक सन्तुलन रहित ब्यक्ति सञ्चालक हुन वा रहन सक्नेछैन ।

२२) स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १३ : मानसिक सन्तुलन ठीक नभएको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ ।

२३) क्यासिनो नियमावली, २०७० को नियम ७ मगज बिग्रिएको वा मानसिक सन्तुलन ठीक नभएको व्यक्ति क्यासिनो सञ्चालन गर्ने कम्पनीको सञ्चालक हुन योग्य हुने छैन ।

२४) जलयात्रा नियमावली,  २०६३ को नियम १३ : कुनै मानसिक वा सरुवा रोग लागेका व्यक्ति रिभर गाइडको अनुमतिपत्रको लागि योग्य हुने छैन ।

२५) धितोपत्र कारोबार नियमावली, २०५० को नियम ३३ : धितोपत्र व्यवसायीको रूपमा दर्ता हुन चाहने संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख बहुलाएको वा मगज बिग्रेको हुनु हुँदैन ।

२६) वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३० : कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनमगज नबिग्रिएको व्यक्ति हुनु पर्नेछ ।

२७) शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. : मगज बिग्रेको व्यक्ति अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछैन ।

२८) सैनिक सेवा नियमावली, २०६९ को नियम ४७ : मेडिकल बोर्डबाट अयोग्य (अनफिट) हुने प्रकृतिको रोगी तथा अपाङ्ग भएको कुरा प्रमाणित भएमा निजको नियुक्ति वदर हुन सक्नेछ ।

२९)गैर सैनिक हवाई उडान नियमावली, २०५२ को नियम २२ : मानसिक स्थिति ठीक नभई होस ठेगाना नभएको वा बहुलाएको व्यक्तिहरूलाई जानी जानी वायुयानमा राखी कसैले पनि वायुयान उडान गर्न हुँदैन भन्ने व्यवस्था गरेको छ । त्यसैगरी नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को नियम ७२ ले पनि मानसिक स्थिति ठिक नभई होस ठेगानमा नभएको वा बहुलाएको व्यक्तिहरुलाई जानी जानी वायुयानमा राखी कसैले पनि वायुयान उडान गर्न हुँदैन भन्ने व्यवस्था गरेको छ । यो प्राबधान विभेदकारी हुनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको भिन्नताको सम्मान समेत भएको छैन । यसले उनीहरुको सामाजिक जीवनमा सक्रिय सहभागितालाई असर पर्ने देखिन्छ । त्यसैले अपङ्गता भएका व्यक्तिहरुको भिन्नता सम्बोधन हुने गरी व्यवस्था मिलाउदै जानुपर्ने र सरोकारवाला व्यक्ति साथमा भए त्यस प्रकारको निषेध समेत गर्नु नहुने ।

३०) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ : साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छन भनी व्यवस्था गरेको भएता पनि नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघको हाल परिवर्तित राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष कल्पना शाक्य समेत बिरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नि. नं. ८९३९ को मुद्दामा सम्मानित सर्वोच्च अदालतले सडकको भौतिक पूर्वाधार, सवारी साधनको मापदण्ड, सवारीसम्बन्धी नियमहरूको व्यवस्था लगायतका भौतिक एवं कानूनी पूर्वाधारहरूको विकास भएका समाजमा बहिरोपनबाट प्रभावित व्यक्तिलाई पनि सवारी चलाउन योग्य मानिएको देखिएबाट बहिरोपन सवारी चलाउनको लागि अयोग्य हुने कुनै वैज्ञानिक आधार रहेभएको मान्न नमिल्ने र सडक सुरक्षाको बहानामा अपाङ्ग वर्गलाई सवारी चलाउन सधैंको लागि अयोग्य मान्नु पर्ने तर्कसंगत कारण नहुने भनी स्थापित गरिसकेको छ ।

मथि उल्लेखित व्यवस्थाहरुले मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी सिफारिस गर्दा पूर्वाग्रहका कारण यो प्रावधानको दुरुपयोग हुनसक्ने खतरा देखिन्छ । त्यसैगरी मनोसामाजिक अपाङ्गताका कारण पदमा नियुक्त हुन अयोग्य ठहर गर्दा गलत आरोप वा स्वेच्छाचारी निर्णय नहोस भन्ने सुनिश्चित गरिनुपर्छ । कानूनमा नै योग्यता तोकिएपछि त्यसको पुष्टिको के आवश्यकता रह्यो भन्ने एउटा कुरा हो, तर स्वयं कानून पनि विज्ञान, विवेक, औचित्य र व्यवहारसम्मत हुनु नपर्ने होइन । कानूनद्वारा नै कुनै वर्गलाई राज्यको कुनै सुविधाको लाभ पाउन अयोग्य घोषित गर्नुपूर्व त्यस्तो अयोग्यताको औचित्य र आवश्यकताको बारेमा विवेकसम्मत र वैज्ञानिक अनुसन्धानबाट पुष्ट्याँई गर्नु जरुरी हुन्छ ।

तसर्थ मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी सिफारिस गर्दा अनिवार्य रुपमा मान्यता प्राप्त चिकित्सकले काम गर्न नसक्ने गरी अस्वस्थ रहेको भनि प्रमाणित गरेको हुनुपर्ने र त्यसरी पदमुक्त गरेको कुरा चित्त नबुझेमा पुनरावेदन गर्नसक्ने प्रावधान हुनुपर्छ । त्यसैगरी

उपचार पश्चात काम गर्ने सक्ने भइसकेपछि भेदभाव र पूर्वाग्रह नगरी काम गर्ने वातावरण सुनिश्चित गरिनुपर्छ । साथै मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई अयोग्यको पर्यायको रुपमा प्रयोग गरिएको हुदा सुधार गर्दै लैजानु पर्ने देखिन्छ र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई मानसिक अस्वस्थ भएपछिको निश्चित अवधि तोकेर निजलाई उक्त पदमा पुनर्स्थापनाको सुनिश्चितता हुने व्यवस्था गर्न आवश्यक छ ।

## ६.३.) पद रिक्त हुने, पदबाट हटाइने, पदमा कायम नरहने, पदमा नियुक्त नहुनेः

१) आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ४ र मुस्लिम आयोग ऐन, २०७४ को दफा ४ अनुसार शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिस बमोजिम राष्ट्रपतिले पदमुक्त गरेमा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ, । यसरी संवैधानिक परिषद्ले शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी सिफारिस गर्दा पूर्वाग्रहका कारण यो प्रावधानको दुरुपयोग हुनसक्ने खतरा देखिन्छ । तसर्थ संवैधानिक परिषद्ले शारीरिक वा मानसिक अस्वस्थता वा मनोसामाजिक अपाङ्गताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी सिफारिस गर्दा अनिवार्य रुपमा मान्यता प्राप्त चिकित्सकले काम गर्न नसक्ने गरी अस्वस्थ रहेको भनि प्रमाणित गरेको हुनुपर्ने र त्यसरी पदमुक्त गरेको कुरा चित्त नबुझेमा पुनरावेदन गर्नसक्ने प्रावधान हुनुपर्छ ।

२) दूरसञ्चार ऐन, २०५३ को दफा ९ः मानसिक सन्तुलन ठीक नभएमा वा मगज बिग्रेमा अध्यक्ष तथा सदस्यलाई पदबाट हटाउने । थारु आयोग ऐन, २०७४ को दफा ४ : शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिस बमोजिम राष्ट्रपतिले पदमुक्त गरेमा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ । राष्ट्रिय महिला आयोग ऐन, २०६३ को दफा ९मानसिक सन्तुलन नरहेमा अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ । व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ४७ : शारिरिक वा मानसिक रोगको कारणबाट नियमित रुपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भएमा कर्मचारीलाई समितिले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

यसरी मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी सिफारिस गर्दा पूर्वाग्रहका कारण यो प्रावधानको दुरुपयोग हुनसक्ने खतरा देखिन्छ । तसर्थ मनोसामाजिक अपाङ्गताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी पदबाट हटाउँदा अनिवार्य रुपमा मान्यता प्राप्त चिकित्सकले काम गर्न नसक्ने गरी अस्वस्थ रहेको भनि प्रमाणित गरेको हुनुपर्ने र त्यसरी पदमुक्त गरेको कुरा चित्त नबुझेमा पुनरावेदन गर्नसक्ने प्रावधान हुनुपर्छ ।

३) नेपाल प्रज्ञा प्रतिष्ठान  ऐन, २०६४ को दफा २२ : मानसिक सन्तुलन ठीक नभएमा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछ ।  नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान  ऐन, २०६४ को दफा २२ :

मानसिक सन्तुलन ठीक नभएमा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २२ : मानसिक सन्तुलन ठीक नभएमा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछ । लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा २७ : मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा विश्वविद्यालयका पदाधिकारीहरुको पद रिक्त भएको मानिनेछ । व्यक्तिमा मनोसामाजिक समस्या आएमा पद स्वतः रिक्त हुने व्यवस्था गरिएको छ तर उपचारपछि काम गर्नसक्ने भएमा पुर्नवहाली हुने व्यवस्था छैन । तसर्थ मनोसामाजिक समस्या आइ पद रिक्त भएकोमा उपचारपछि काम गर्नसक्ने भएमा पुर्नवहाली हुने व्यवस्था गरिनुपर्छ ।

४) नेपाल स्काउट ऐन, २०५० को दफा १८ : कुनै आयुक्त शारीरिक वा मानसिक रोग लागि आफ्नो पदीय दायित्व निर्वाह गर्न असक्षम भएको कुरा राष्ट्रिय कार्यकारी समितिबाट ठहर भएमा प्रमुख स्काउटले निजलाई आयुक्त पदबाट हटाउनेछ । तर यसरी राष्ट्रिय कार्यकारी समितिबाट शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी ठहर गरी पदबाट हटाउँदा गर्दा पूर्वाग्रहका कारण यो प्रावधानको दुरुपयोग हुनसक्ने खतरा देखिन्छ । तसर्थ शारीरिक वा मानसिक अस्वस्थता वा मनोसामाजिक अपाङ्गताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी सिफारिस गर्दा अनिवार्य रुपमा मान्यता प्राप्त चिकित्सकले काम गर्न नसक्ने गरी अस्वस्थ रहेको भनि प्रमाणित गरेको हुनुपर्ने र त्यसरी पदमुक्त गरेको कुरा चित्त नबुझेमा पुनरावेदन गर्नसक्ने प्रावधान हुनुपर्छ ।

५) मधेशी आयोग ऐन, २०७४ को दफा १८ मा व्यक्तिमा मनोसामाजिक समस्या आएमा आयोगका अध्यक्ष वा सदस्यका पद स्वतः रिक्त हुने व्यवस्था गरिएको छ तर उपचारपछि काम गर्नसक्ने भएमा पुर्नवहाली हुने व्यवस्था छैन । मनोसामाजिक समस्या आइ पद रिक्त भएकोमा उपचारपछि काम गर्नसक्ने भएमा पुर्नवहाली हुने व्यवस्था गरिनुपर्छ ।

६) श्रम ऐन, २०७४ को दफा १४३ अनुसार कुनै श्रमिक शाररिक वा मानसिक रुपले अशक्त वा अंगभंग वा घाइते भई काम गर्न नसक्ने भएमा वा उपचारको लागि लामो समय लाग्ने भई काममा असर पर्ने भएमा चिकित्सकको सिफारिसका आधारमा रोजगारदाताले त्यस्तो श्रमिकको रोजगारी अन्त्य गर्न सक्ने भनी ब्यवस्था गरेकोले यहा रोजगारदाता र चिकित्सकले चाहेमा श्रमिकको रोजगारी अन्त्य हुन सक्ने देखिन्छ । यस्तो अवस्थामा पूर्वाग्रह वा आत्मपरक शैलीमा श्रमिकलाई हटाउन सकिने सम्भावनालाई नकार्न सकिन्न । यस्तो अवस्थामा श्रमिकलाई हटाउन अघि रोजगारदाता, चिकित्सकका साथै ट्रेड यूनियनको प्रतिनिधित्व र श्रमिक आफै वा सरोकारवालाको प्रतिनिधित्व समेत हुनुपर्दछ ।

### ७.४.) नाम खारेज गर्ने, दर्ता खारेज गर्ने, दर्ता किताबबाट नाम हटाइने, प्रमाणपत्र रद्द हुनेः

१) नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ : मगज बिग्रेमा परिषद्ले सदस्यको नाम सदस्यता दर्ता किताबबाट हटाउने आदेश दिन सक्नेछः ।

२) नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा १८ : मगज बिग्रेमा दर्तावाला इन्जिनियरको नाम दर्ता किताबबाट हटाइने

३) नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा १८ : मगज बिग्रेम दर्तावाला फर्मासिष्ट तथा फार्मेसी सहायकको नाम दर्ता किताबबाट हटाइने ।

४) नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १८ : मगज बिग्रेको वा शारीरिक अवस्थाले पेशा गर्न असमर्थ भएमा परिषद्ले कुनै दर्तावाला स्वास्थ्य व्यवसायीको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछ । यसरी मनोसामाजिक अपाङ्गता भएको आधारमा दर्ता किताबबाट नाम हटाइने व्यवस्था व्यक्तिको भविष्यमाथि खेलबाड हो किनकी मनोसामाजिक अपाङ्गताभएको व्यक्ति उपचारपछि कामगर्न सक्ने हुनसक्छ । दर्ता किताबबाट नाम हटाइसकेपछि फेरी नाम दता गर्नुपर्ने भयो भने प्रक्रिया के हो उल्लेख छैन । त्यसैले मनोसामाजिक समस्या आइ पद रिक्त भएकोमा उपचारपछि काम गर्नसक्ने भएमा पुर्नवहाली हुने व्यवस्था गरिनुपर्छ ।

५) नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा १८ ले मनोसामाजिक अपाङ्गताभएका कारण ले प्रमाणपत्र रद्द गरिने व्यवस्था गरेको छ । यस्तो व्यवस्थाले व्यक्तिको भविष्यमाथि खेलबाड भरेको छ । किनकी मनोसामाजिक अपाङ्गता भएको व्यक्ति उपचारपछि कामगर्न सक्ने हुनसक्छ । प्रमाणपत्र रद्द भएपछि फेरी प्रमाणपत्र लिनुपर्ने भयो भने प्रक्रिया केहो उल्लेख छैन । तसर्थ मनोसामाजिक अपाङ्गताभएका कारण प्रमाणपत्र रद्द गरिने व्यवस्था हटाइनुपर्छ ।

साथै यसै ऐनको दफा २४ मा मनोसामाजिक अपाङ्गताका कारण नोटरी पब्लिक भई काम गर्न नसक्ने भएमा नोटरी पब्लिकका हैसियतले राखेको फाइल निजको नजिकको हकवालाले परिषद् समक्ष तोकिए बमोजिम बुझाउनु पर्ने व्यवस्था भएको त छ तर फेरी काम गर्न सक्ने भएपछि ति फाइल कसरी पुनः प्राप्त गर्न सकिन्छ भन्ने कुरा उल्लेख छैन । तसर्थ फेरी काम गर्न सक्ने भएपछि ति फाइल कसरी पुनः प्राप्त गर्न सकिन्छ भन्ने कुरा उल्लेख गर्नुपर्छ ।

### ६.५.) भिसा रद्द गर्न सकिने व्यवस्थाः

अध्यागमन नियमावली, २०५१ को नियम २८ ले मगज विग्रेमा वा बहुलाएमा विभागले विदेशीको भिसा रद्द गर्न सक्नेछ । यहा मगज विग्रेमा वा बहुलाएको आधारमै भिसा रद्द गर्न सकिने अवस्थाले अपाङ्गता भएको व्यक्ति प्रति भेदभावपूर्ण व्यबहार भएको देखिन्छ । यो व्यवस्था अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बधी महासंधीले धारा ३ मा र नेपालको संबिधानले व्यवस्था गरे बमोजिमको भेदभावपूर्ण छ । अपाङ्गता भएका व्यक्तिहरुलाइ समेत अन्य व्यक्ति सरह नियम २८ (१) बमोजिमका अन्य अवस्थामा मात्र भिसा रद्द गर्नुपर्छ । अपाङ्गता भएकै कारणले भिसा रद्द गरीनु हुदैन ।

### ६.६.) गर्भपतन गराउन सक्नेः

नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को नियम २२ ले जन्मिने बालक अपाहिच बन्ने सम्भावना भएमा गर्भपतन गराउन सक्ने कुरा भनेको छ । यो प्रावधानले अपाहिच ब्यक्तिहरुलाई अरु ब्यक्ती भन्दा मुनिको दर्जा दिएको देखिन्छ जुन कुरा समानताको सिद्धात प्रतिकुल छ । विश्व परिबेशमा गर्भपतन गराउने कुरा अझैपनी बिबादमा छ तर अपाहिचको हकमा बाँच्न पाउने हक छ के छैन भने प्रश्न खडा गर्दछ जुन विशेष ध्यान दिईनुपर्ने कुरा हो ।

### ६.७.) प्रमाण कानुन संग सम्बन्धित व्यवस्थाः

प्रमाण ऐन,२०३१ को दफा १० : कुनै व्यक्ति शारीरिक वा मानसिक अवस्था स्पष्टरूपमा बोध हुने अवस्थामा रही निजले त्यस्तो अवस्थामा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने व्यवस्था भनेको व्यक्तिलाई व्यक्तिको सम्मान दिइएको अवस्था हो । तर शारीरिक वा मानसिक अवस्था स्पष्टरूपमा बोध हुने र कुन बेलादेखि बोध नहुने अवस्था थियो भन्ने कुरा विवाद रहीत हुनेगरी छुट्याउने गरी कानुनी व्यवस्था हुनुपर्छ ।

सोही ऐनको दफा ३८ : शारीरिक वा मानसिक रोगको कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनि अदालतले ठहराएको व्यक्ति साक्षी हुन नसक्ने । यहा मनोसामानिक अपाङ्गता भएका व्यक्तिलाई साक्षी रुपमा स्वीकार नगरिने परिपाटीले गर्दा त्यस्ता व्यक्तिहरु आफुलाई थाहा भएका कुराहरुपनि भन्न पाउँदैनन् । त्यसकारण मनोसामानिक अपाङ्गता तथा मानसिक रोग लागेका व्यक्तिलाई साक्षीको रुपमा विल्कुलै नबुझ्ने परिपाटीको अन्त्य गरी ऊ साक्षी बस्न उपयुक्त छ वा छैन भन्नेकुरा चिकित्सकले प्रमाणित गर्नुपर्ने प्रवन्ध गर्नुपर्छ ।

### ६.८.) कारागारमा राख्न सक्ने सम्बन्धि व्यवस्थाः

कारागार ऐन, २०१९ को दफा ६ अनुसार पागल र अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा राखिनेछ । यो प्रावधानले मानसिक अपाङ्गता भएको व्यक्तिलाई कारागारमा राख्न सक्ने व्यवस्था गरेको छ । निकृष्ट भाषाको प्रयोग भएको छ । तर्सथ मानसिक अपाङ्गता वा अस्वस्थता भएका व्यक्तिलाई कारागारमा राख्न सक्ने व्यवस्था हटाई उनीहरुलाई अस्पताल वा घरमै राखी उपाचार दिनुपर्ने व्यवस्था गर्नुपर्ने ।

कारागार नियमावली, २०२० को नियम १६ ख. अनुसार मानसिक सन्तुलन ठिक नभएको भनी चिकित्सकले प्रमाणित गरी दिएको कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिइने छैन भनी व्यवस्था गरेको छ । तर मानसिक सन्तुलन ठीक नभएको ब्यक्तीको लागि उपयुक्त ठाउँ मानसिक अस्पातल हो। कारागार सुधारको निम्ती हो तर मानसिक सन्तुलन गुमेका ब्यक्तिलाई कारागारमा राखेर सुधार गर्न सकिन्न। तसर्थ सो ब्यक्तिहरुलाई मानसिक अस्पातलमा राखिनुपर्छ । त्यसैले मानसिक सन्तुलन ठीक नभएको ब्यक्तिलाई मानसिक अस्पातलमा राख्ने ब्यबस्था मिलाइनुपर्छ ।

## परिच्छेद -७

# अन्य ऐनहरुमा भएका अपाङ्गता भएका व्यक्तिलाई गरिएको बिभेदकारी व्यवस्थाको बिश्लेषण र उनीहरुको अधिकार संरक्षणका लागि गर्नुपर्ने कानुनी सुधारहरु सम्बन्धी सुझावहरु

नेपाल सरकारले सदैव मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरुमा प्रतिबद्धता जनाउन तत्परता देखाएको छ। यसैको प्रतिफलस्वरुप "अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि २००६" पनि अनुमोदन गरी सोही अनुरुपको कानुनी प्रावधान बनाउने आस जारी छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्न विभिन्न कानुनहरु बनाउने, भएका कानुनहरुमा संसोधन गर्ने, विभिन्न निति तथा कार्यक्रम बनाइ लागु गर्ने जस्ता कार्य भइरहेका छन् । त्यसैगरी महिला अधिकारको क्षेत्रमा पनि नयाँ नयाँ ऐन कानुनहरु निर्माण हुने क्रममा छन् । तथापी अपाङ्गता भएका महिलाको अधिकारको सवाललाई न अपाङ्गता सम्बन्धी बनेका ऐन नियमहरुमा समेटिएको छ, न महिला अधिकारका विषयहरुले अपाङ्गता भएका महिलाको अधिकार संबोधन गर्न सकेका छन् । परिणामस्वरुप अपाङ्गता भएका महिलाहरु आज पनि बहु विभेदमा छन्, हिंसाको अत्यन्त जोखिममा परेका छन् तथापी यस्तो अवस्थामा रहँदापनि यसको गाम्भिर्यतालाई सम्बन्धीत पक्षले सरोकार राखेको देखिदैन । वास्तवमा समग्र अपाङ्गता भएका महिलाहरु न्यायका दृष्टिमा ज्यादै पछाडि छन् र कानुनी सहायताको अभावमा अनेक समस्यामा झेलिएर जीवन व्यथीत गरिरहेका छन् ।

धेरै जसो ऐनहरुमा अयोग्य, असक्षम, भाषिक बिभेद, अपमानजक शब्दहरु प्रयोग भएका देखिन्छन् । जस्तैः मानसिक सन्तुलन ठिक नभए, बहुलाएको, मगज बिग्रको, पागल जस्ता शब्दहरु प्रयोग भएका छन् तसर्थ यी सबै शब्दहरु प्रयोग गरिनुको सट्टा मनोसामाजिक अपाङ्गता भएका व्यक्ति भनेर शब्दको प्रयोग गर्नुपर्छ । मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई अयोग्यको पर्यायको रुपमा प्रयोग भएको छ तर यदि उ बिशेषज्ञ डाक्टरको निगरानीमा नियमित रुपमा औषधिको सेवन गरिरहेको अवस्थामा छन निको भई पहिलेकै अवस्थामा आई आफ्नो कार्य गर्न सक्षम भएका हुनेछन अथवा उनीहरुलाई औषधि सेवन पश्चात कुनै पनि कुरामा समस्या आएको पाईदैन् । त्यसैगरि लाटालाटि जस्तो शब्द प्रयोग गर्नुको सट्टा बहिरा वा बोलाई र सुनाई सम्बन्धीको अपाङ्गता भएका व्यक्ति भनी प्रयोग गरिनु पर्छ । त्यसैगरि ठाउँ ठाउँमा अपाङ्ग शब्द मात्र प्रयोग गरिएको छ तर यो शब्द मात्रले अर्थ पुर्ण हुँदैन किनभने महासन्धिमा पनि अपाङ्ग मात्र शब्द प्रयोग गरिएको पाईदै त्यसैले यो शब्द प्रयोग गरिनुको सट्टा अपाङ्गता भएका व्यक्ति भन्ने शब्द प्रयोग गरिनु पर्छ ।

### ७.१.) नेपालको संबिधान २०७२

- महिला भित्र पनि अपाङ्गता भएका महिलाहरुको अधिकारका बारेमा प्रत्याभूत गरेको पाईदैन । सबै पीछडिएका वर्गहरुलाई एकै ठाँउमा राखिएको छ, जसको कारण अपङ्गता भएको व्यक्ति त्यसमा पनि अपङ्गता भएका महिलाहरुले यस्ता अधिकार उपभोग गर्न पाउनेमा शंका व्यक्त गर्न सकिन्छ ।
- समानताका आधारमा सबैलाई समान व्यवहार गर्नु निकै राम्रो प्रावधान हो । महिला र पुरुष बिचको समानताको लागि समान अधिकारको प्रत्याभूत संविधानमा गरीएको छ। सोही समानताको अधिकारको व्याख्या खण्डमा सकारात्मक विभेद गर्नु भेदभाव मानिने छैन भनि उल्लेख गरीएको छ । यसैका आधारमा महिला महिला बिचमा पनि महिलाको अवस्था हेरी सकारात्मक विभेदको प्रावधान राख्न आवश्यक छ । जस्तै : समान्य र अपाङ्गता भएका महिलाहरुको बिचमा सेवा प्रदान गर्दा अपाङ्गता भएका महिलाहरुलाई प्राथमिकता दिने ।
- त्यस्तै गरी निम्नानुसारको धाराहरुमा निम्नानुसार परिमार्जन गर्न सकिए अपाङ्गता भएका महिलाहरुको हक प्रत्याभूत भएको आभाष हुने थियो :

  धारा १८(३) राज्यले नागरिकहरुका बिच उत्पत्ति, धर्म..., आस्था, शारिरीक वा मानसिक अपाङ्गता वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन

  तर सामाजिक वा ... अपाङ्गता भएका व्यक्ति... अपाङ्गता भएका महिला, गर्भावस्थाका व्यक्ति आदिका हकमा रोक लगाएको मानिने छैन ।
- धारा १८(४) समान कामका लागि लैगिंक वा आपाङ्गताका आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।
- धारा २४(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक वा बौद्धिक अपाङ्गताको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।
- धारा ३१(३) शारीरीक वा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई उच्च शिक्षा निशुल्क पाउने हक हुनेछ ।
- धारा ३१(४) दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बोलाई वा सुनाइ सम्वन्धि अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क शिक्षा पाउने हक हुनेछ ।
- धारा ३८(१) प्रत्येक महिलालाई लैंगिक एवं अपाङ्गताको आधारमा गरिने भेदभाव विना समान वंशीय हक हुनेछ ।
- महिला महिला बिचमा अपाङ्गताको आधारमा कुनै विभेद गरिने छैन । तर अपाङ्गता भएका महिलाहरुको उत्थानको लागि गरिएको सकारात्मक विभेदलाई भेदभाव मानिने छैन ।
- धारा ३८(३) महिला विरुद्ध धार्मिक सास्कृतिक...अपाङ्गता, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य... शोषण गरिने छैन ।

## ७.२.) सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ ले पनि अपाङ्गता भएका व्यक्तिहरुलाई यो सेवा प्रदान गरी अपाङ्गता मैत्री र सुरक्षित हुनुपर्ने गरी अधिकार सुरक्षित गरेको व्यहोरा दफा २८ मा उल्लेख गरेको छ । अपाङ्गता मैत्री भन्नाले के हो भन्ने कुरा **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ अर्न्तगत बन्ने को नियमावलीका** स्पष्ट रुपमा खुलाउनु पर्ने हुन्छ, जसअन्तर्गत अपाङ्गता मैत्री भन्नाले अपाङ्गताको बर्गिकरण त्यस भित्रको विविधतालाई मध्यनजर गरि अपाङ्गता मैत्री सेवा सुबिधा दिनु पर्छ जस्तै निम्न लिखित कुरामा ध्यान दिनु पर्छ ।

- **बहिरा व्यक्तिका लागिः** सेवा प्रदान गर्दा हरेक अस्पतालहरुमा र सेवा सम्बन्धी सुचना तथा शिक्षा दिने जस्ता जनचेतनामुलक कार्यक्रमहरुमा सांकेतिक भाषाको दोभाषे, तस्विर सहितको व्याख्या, श्रृब्य दृश्य, लिखित दस्तावेज हुनुपर्ने,

- **पुर्ण दृष्टिबिहिनका लागिः** गाईडिङ् ब्लक, ब्रेलमा सुचना तथा संञ्चारका सामाग्री, अस्पताल भित्र कुन सेवा दिने स्थान कता छ भन्ने कुरा बुझाउन ब्रेलमा साईड म्याप, भरयाङमा रेलिङ, ट्वाईलेट मा ब्रेल स्क्रिष्टमा महिला पुरुष छुट्टियाउनु पर्ने, सहयोगी, काउन्टरमा अडियोमा आवश्यक जानकारी तथा सुचना प्रदान गरिरहने, चित्र सहितको टयाकटायल मेटेरियल र अल्प दृष्टियुक्तहरुका लागि ठूला अक्षरमा सुचना तथा सञ्चारका सामग्री आदि हुनुपर्ने,

- **शारीरिक अपाङ्गता भित्रका होचापुड्का भएकाको लागिः** होचो कद भएका व्यक्तिहरुका लागि होचो टिकट काउन्टर, ट्वाईलेटको ढोकामा तल चुकुलको व्यवस्था, होचो धारा, व्यक्तिको स्वीच र बेसिनको व्यवस्था होचो गरि बनाउनु पर्ने, होचो लेवरबेड अनिवार्य हुनुपर्ने आदि,

- **शारीरिक अपाङ्गता भित्रका व्हिलचियर प्रयोगकर्ताका लागिः** र्‍याम्प, लिफ्ट सहयोगी, व्हिलचियर घुम्न सक्ने ठाँउ र चुकल तलको व्यवस्था, व्हिल चियर गुडाउन सक्ने खालको बाटो, होचो लेवरबेड आदि अनिवार्य हुनुपर्ने,

- **वैशाखी प्रयोगकर्ता वा कृतिम हात खुटट्ा प्रयोगकताका लागिः** लिफ्ट, अस्पतालको भुई र ट्वाईलेट नचिप्लीने भुई हुनुपर्ने, होचो लेवरवेड, रेलिगं, सहायक सामग्रीहरु, सहयोगी आदि ।

**अपाङ्गतामैत्री वातावरण भन्नालेः**

- भौतिक संरचना, सुचना तथा सञ्चार, नीतिगत वा संस्थागत र सोचाईजन्य अवरोधहरु काही कतै नभएको अवस्था हो जहा जस्तो जुकै अपाङ्गता भएका व्यक्तिहरु पनि स्वतन्त्र रुपमा आवात जावत वा हिडडुल गर्न सक्ने, अरुको साहारा नलिई आफनो काम आफै गर्न सक्ने, अपाङ्गतामैत्री सुचना प्रणाली भएको अवस्था साथै परिवार र समाजले अपाङ्गता भएका महिला, बालबालिका र व्यक्तिहरुलाई हेर्ने दृष्टिकोण वा सोचाई नकारात्मक नभएको अवस्था हो जस्तै अपाङ्गतामैत्री भन्नाले माथि उल्लेखित कुराहरुलाई नियमावली बनाउँदा बिशेष ध्यानमा राखिनु पर्ने ।

***अस्पतालले शिक्षा, परामर्श, सुचना तथा सञ्चारको सामाग्री अपाङ्गता मैत्री बनाउन निम्न लिखित कुरामा ध्यान दिनु पर्ने हुन्छ ।***

- पूर्ण दृष्टिविहिनका लागिः ब्रेल स्क्रिप्ट र अडियोमा सुचना तथा संञ्चारका सामाग्री, चित्र सहितको टयाकटायल मेटेरियल, कम्प्युटरको माध्यमबाट स्कीन रिडर दस्तावेज, शरीरको अंग वा बनावट अनुसारको अंगहरुको छाम्न सक्ने खालको आकारहरु हुनुपर्ने,

- अल्प दृष्टियुक्त भएकाहरुका लागि फन्ट ठूलो सानो बढाउन घटाउन मिल्ने वेभसाईड आदि ।

- बहिरा व्यक्तिहरुका लागि सांकेतिक भाषा, सांकेतिक भाषाको दोभाषे, संकेत प्रयोग, क्याप्सन सहितको अडियो भिडियो, सामाजिक सञ्जाल वा मोवाईलमा लिखित मेसेज, चिन्ह, बहु भाषिक संकेत चिन्ह, क्याप्सन सहितको चित्र आदि ।

- बौद्धिक अपाङ्गता भएकाहरुको लागि सरल भाषाको प्रयोग र चित्रमा सुचना तथा सञ्चारका सामाग्रीहरुको निर्माण, कोड र नंम्बर, संकेत, चिन्ह, बहु भाषिक संकेत चिन्ह, भिडियो,

- बहिरा दृष्टिविहिनहरुका लागि स्पर्स संकेत आदि,

- सुस्तश्रवण भएका हरुका लागि क्याप्सन सहितको सूचना तथा सञ्चार सामग्रि, क्याप्सनिष्ट, बोलेको कुरा बुझ्न लिप रिड गर्न सक्ने गरि देखिने ठाउमा बस्ने, फन्टलाईन वा नजिकै राखेर ठूलो स्वरमा बोल्नु पर्ने आदि ।

- स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु र कर्मचारीहरुलाई अपाङ्गतामैत्री सेवा र व्यवहार, अपाङ्गता अधिकार सम्बन्धि, अपाङ्गताको विविधताका सम्बन्धि, सहयोगीको सेवा सम्बन्धि, अपाङ्गता मनोसामाजिक परामर्श सेवा, सांकेतिक भाषा दोभाषे सम्बन्धि ज्ञान दिनका लागि अभिमुखिकरण तालिम दिनुपर्ने,

- एम्बुलेन्स, सैया लगायत सुरक्षित आवास गृह अपाङ्गताको प्रकृति अनुसार उनीहरु मैत्रि बनाईनु पर्ने साथै अपाङ्गता मैत्री बिशेषज्ञ डाक्टरको व्यवस्था गर्नु पर्ने,

- लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरु लगायत परिवार नियोजन सम्बन्धि सेवा सुविधाहरु, मनोसामाजिक परामर्श, सुरक्षित मातृत्व, यौनिकता र प्रजनन् स्वास्थ्य अधिकारका बिषय जस्ता तालिम तथा जनचेतनामुलक कार्यक्रमहरु स्वास्थ्य सम्बन्धिका कार्यक्रमहरुमा अपाङ्गता भएका महिला, अभिभावक र सहयोगीहरुलाई अनिवार्य सहभागी गराई सञ्चालन गर्नु पर्ने,

- अपाङ्गता भएका महिला माथि जर्वजस्ति ईच्छा विपरित प्रयोग गर्ने गरिएका महिलाका परिवार नियोजनका साधनहरु, पाठेघर वा यौन अंगहरु निकाल्ने र स्वंय व्यक्तिलाई थाहा नदिई गर्भपतन गराउने आदि महिला हिंसा भित्र राखिनु पर्ने र यस्ता कार्य रोक्ने व्यवस्था हुनुपर्ने,

- ईच्छा विपरीत परिवार नियोजनका साधन प्रयोग गर्न निरुत्साहित हुने खालको कार्यक्रम सञ्चालन गरिनु पर्ने,

- अपाङ्गता भएका महिलालाई अतिरिक्त थप सुत्केरी बिदा, दोहोरो भत्ताको व्यवस्था, गर्भावस्था देखि सुत्केरी भई सकेपछि ६ महिना सम्म पौष्टिक तत्व र सन्तुलित आहारा वितरणको व्यवस्था गरिनु पर्ने,

- नेपालबाट उत्पादन हुने औषधिहरुको नाममा दृष्टिबिहिन अपाङ्गता भएका व्यक्तिहरुले पनि बुझ्ने भाषामा ब्रेलमा लेखिनु पर्ने,

- यौनिकता र प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धिका सचेतनामुलक कार्यक्रम र तालिमहरु जस्ता कार्यक्रमहरुमा अपाङ्गता भएका महिलाहरुलाई अनिवार्य सहभागिता गर्नुपर्ने,

- आकस्मिक सेवालाई अत्यावश्यक हुने साधन तथा सेवाहरु जस्तैः अपाङ्गता मैत्री एमबुलेन्स्, अस्पतालमा र्याम्प, ठुला छापामा सूचना, दोभाषे, पहुँचयुक्त शैया र अपाङ्गताको विविधताको जानकारी भएका स्वास्थ्यकर्मी अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने छ,

- आकस्मिक प्रसुती तथा नवजात शिशु सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले अपाङ्गता भएका गर्भवती महिलाहरुलाई अपाङ्गता मैत्री आराम स्थलको व्यवस्था गर्न पर्ने छ,

- स्वास्थ्य संस्थाले आफुले सेवा प्रदान गर्दा आइ पर्ने जटिलताको व्यवस्थापन गर्न नसकेमा अपाङ्गता भएका सेवा ग्राहीको हकमा अपाङ्गता मैत्री संरचना भएका स्वास्थ्य संस्थामा प्रेषण ( रिफर) गर्नु पर्नेछ,

- प्रत्येक स्वास्थ्य संस्थाले अपाङ्गता भएका महिलाको अभिलेख राख्नु पर्ने साथै नवजात शिशुहरुको अभिलेख राख्दा उक्त स्वास्थ्य संस्थामा जन्मिएका नवजात शिशुमा अपाङ्गताको पहिचान भएमा अपाङ्गताको प्रकृतिलाई उल्लेख गरी अभिलेखिकरण अनिवार्य रुपमा गरिनु पर्ने,

- बौद्धिक, श्रवणदृष्टिविहिन र मनोसामाजिक, अटिजम अपाङ्गताको हकमा उसको संरक्षकको मन्जुरीमा गर्भपन गर्न पाउने भन्ने व्यवस्था नियमावलीमा हुनुपर्ने,

- अपाङ्गता भएका महिलाहरुको अपाङ्गतालाई आधार बनाई बलपूर्वक गर्भपतन गराउन नपाइने व्यवस्था हुनुपर्ने,

- अपाङ्गता भएका महिलालाई पुरा सूचना नदिइकन तथा झुक्काएर गर्भपतन गर्न नपाईने व्यवस्था हुनु पर्ने,

- प्रत्येक महिलालाई स्वास्थ्य संस्थाबाट प्रजनन् स्वास्थ्य रुग्णता सम्बन्धी परीक्षण हुनुपर्ने, परामर्श लिने संस्था उपचार प्राप्त गर्ने अधिकार हुने छ भन्ने बुँदामा अपाङ्गता भएको महिलालाई उच्च प्राथामिकता दिनु पर्ने कुरा नियमावलीमा व्यवस्था गर्नुपर्ने,

- अपाङ्गता भएका महिलालाई प्रजनन् स्वास्थ्यको रुग्णताको कारण देखाई कसैलाई पनि सम्बन्ध विच्छेद गर्न वा घरबाट निकाला गर्न वा विस्थापन गर्न वा गराउन नहुने व्यवस्था हुनुपर्ने,

- सबै स्थानीय तह स्थित स्वास्थ्य केन्द्र र अस्पतालमा एक द्वारा संकट व्यवस्थापन केन्द्रको व्यवस्था गर्ने र उक्त केन्द्रमा अपाङ्गता मैत्री सुचकहरु अवलम्बन गर्नु पर्ने,

- हिंसा प्रभावित अपाङ्गता भएका महिलाहरुको सम्पूर्ण सेवाहरु निः शुल्क उपलब्ध गराउने व्यवस्था हुनुपर्ने,

## ७.३.) घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ तथा नियमावली २०६७

अपाङ्गता भएका महिलाहरु पनि घरेलु हिंसाका सिकार हुन सक्छन् भन्ने यर्थाथतालाई यस ऐनले भुलेको छ। साथै सामान्य व्यक्ति माथि हुने हिंसा भन्दा अपाङ्गता भएका महिला वा पुरुष वा बालबालिका बिरुद्ध हुने हिंसाको गाम्भिरयता पक्कै पनि बढी नै रहेको हुन्छ। कानुनका मान्य सिद्धान्तका आधारमा पनि यदि कुनै प्रतिरक्षा गर्नु नसक्ने व्यक्ति माथि कुनै अपराध हुन्छ वा हिंसा हुन्छ भने सो कार्यको गाम्भिरयता बढी हुन्छ। तर यस घरेलु हिंसा ऐनले सो बिषयलाई सम्बोधन गरेको छैन। सबै प्रकारका अपाङ्गता भएका महिलाहरु विभिन्न किसिमका हिंसाहरुबाट पीडित हुन सक्ने जोखिमको न्युनीकरण गर्ने हेतुको कानुनी प्रावधान भने रहेको पाइदैन। यो ऐनले अपाङ्गता भएका महिलालाई हुने घरेलु हिंसामा थप ५०% सजाय हुने व्यवस्था गर्नुपर्दछ।

घरेलु हिंसा पीडितको लागि सेवा केन्द्रको व्यवस्था छ तर अपाङ्गता भएका महिलाको लागि सो सेवा केन्द्रमा आवश्यक पूर्वाधारको व्यवस्था साथै दक्ष जनशक्तिको हुनु पर्ने प्रावधान छैन। पीडित व्यक्तिलाई राख्ने सेवा केन्द्र, संरक्षण गृह, पुर्नस्थापना केन्द्र, बाल गृह लगायतका सम्पूर्ण आश्रय स्थलहरु अपाङ्गताको विविधता मैत्री पूर्वाधारहरु सम्पन्न हुनुपर्ने व्यवस्था गर्नुपर्दछ।

पीडित व्यक्तिलाई राख्ने सेवा केन्द्र, संरक्षण गृह, पुर्नस्थापना केन्द्र, बाल गृह लगायतका सम्पूर्ण आश्रय स्थलहरुका व्यवस्थापक एवम् कर्मचारीहरु अपाङ्गताको विविधतामा संवेदनशील हुनुपर्ने व्यवस्था गर्नुपर्दछ। साथै यस्ता आश्रयस्थलहरुमा बस्ने व्यक्तिहरुको कोटा निर्धारण गरिएकोमा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने व्यवस्था गर्नुपर्दछ एवम् अपाङ्गता भएको व्यक्तिको हकमा वैकल्पिक व्यवस्थापन नभई त्यस्तो आश्रयस्थलबाट ननिकालिने सुनिश्चित गर्नुपर्दछ।

- सबै प्रकारका अपाङ्गता भएका महिलाहरुलाई न्यायमा पहुँच वृद्धि गर्न विशेष प्रावधान उल्लेख हुनु आवश्यक छ। जस्तैः दफा ४ र दफा ५ मा "अपाङ्गता भएका महिलाका घरेलु हिंसा सम्बन्धी उजुरीलाई प्राथमिकतामा राखिने छ।" भन्ने व्यवस्था समावेश गर्नु उपयुक्त हुने।

- अपाङ्गता भएका महिलाहरुलाई कानुन कार्यान्वयन गर्ने क्रममा विभिन्न कठिनाइ व्यर्होनु पर्ने हुदा यसको लागि सरल प्रक्रिया व्यवस्था गर्नुपर्ने साथै आवश्यक पुर्वाधार तथा दक्ष मानव स्रोतको व्यवस्था गर्नु पर्ने। त्यस्तै बहिरा तथा सुस्त श्रवण महिलाहरुका लागि दोभासेको व्यवस्था कानुनमा नै उल्लेख हुनु पर्ने।

- कानुनी सहायतामा निशुल्क र सहज पहुँच हुनुपर्ने। सामान्यतया कानुनी सहायता आर्थिक रुपमा विपन्न वर्गप्रति लक्षित गरी निर्धारण गरिएको हुन्छ। तर, कानुनी सहायता अन्तर्गत आर्थिक

विपन्नको साथै सामाजिक रुपमा पछाडि पारिएको वर्ग जस्तै अपाङ्गता भएका महिलाको लागि समेत कानुनी सहायतामा प्राथमिकता दिनु पर्ने व्यवस्था राख्ने ।

- दफा ११ मा सेवा केन्द्रको व्यवस्था छ । सो दफामा "सेवा केन्द्र अपाङ्ग मैत्री हुनु पर्ने र अपाङ्गता भएका घरेलु हिंसाका पिडितहरुलाई प्राथमिकताका साथ आश्रय दिनु पर्ने"व्यवस्था थप गर्नु पर्ने । साथै अर्को दफा थप गरी सेवा केन्द्रमा अपाङ्गता सम्बन्धी ज्ञान भएको दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्ने प्रावधान राख्नु पर्छ ।

- हिंसाको कारण अपाङ्गता भएमा वा अपाङ्गता भएका महिला माथि हिंसा भएमा हिसांको मात्रा हेरि सजाय थप गरिनु पर्छ । दफा १३ मा अपाङ्गता भएका महिला वा अन्य व्यक्तिहरु माथि घरेलु हिंसा गरेको खण्डमा थप सजायको व्यवस्थाको पनि प्रावधान राखिनु आवश्यक हुन्छ, किनकी अपाङ्गता भएका महिलाहरु मानसिक, आर्थिक, शारीरिक तथा यौनजन्य हिंसाको जोखिममा रहेका छन् ।

- दफा १० मा व्यवस्था भएको क्षतिपूर्तिको हकको बिषयमा पनि अपाङ्गता भएका महिलाहरु माथि गरिएको हिंसाको हकमा क्षतिपूर्तिको रकम पनि बढाउनु पर्ने व्यवस्था गरिनु आवश्यक छ ।

- त्यस्तै गरी उपचार खर्च पीडकले भराउनु पर्ने व्यवस्था छ तर यदि उपचार गर्दा निको नहुने भई अङ्गभङ्ग भई सदाका लागि अपाङ्गतामा जीवन बिताउनु परेको खण्डमा पुनः अङ्गभङ्गमा मुद्दा चलाईयो भने "दोहोरो खतरा" को सिद्धान्तले सो मुद्दा रोकिन्छ कि रोकिँदैन त भन्ने कुरा स्पष्ट आउन सकेको छैन । सो बिषयलाई स्पष्ट रुपमा उल्लेख गरिनु आवश्यक छ ।

ऐनको दफा ६ अन्तर्गत अन्तरिम संरक्षणात्मक आदेश गर्न सक्ने क्षेत्राधिकार भित्र अपाङ्गता भएको महिला पीडित भएको मुद्दामा उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा आदेश दिन सक्ने व्यवस्था गर्नु आवश्यक छ ।

### ७.४.) मुलुकी अपराध (संहिता) ऐन २०७४

क) मुलुकी अपराध संहिताको भाग २ मा फौजदारी कसुरहरुको प्रावधानहरुको व्यवस्था गरिएको छ । तथापि अपाङ्गता भएका व्यक्ति बिरुद्ध हुने अपराधको गम्भीरता "करणी सम्बन्धी कसूर"मा मात्रै समावेश गरिएको छ । अन्यत्र अपाङ्गता भएका महिला वा अन्य कुनै अपाङ्गता भएका व्यक्तिहरुको बिरुद्धमा अपराध गरेको खण्डमा दफा ३८ ले सजायको गम्भीरता बढाउने तत्वको रुपमा व्याख्या गर्न सकिन्छ ।

*अपाङ्गता भएका महिला विरुद्ध हुने कसुरका कसुरदारलाई सजाय बढाउने वा क्षतिपूर्तिको रकम बृद्धि गर्ने बिषयमा ऐन मौन रहेको छ । अतः प्रत्येक फौजदारी दायित्वको उल्लेख गर्दा अपाङ्गता भएका महिला वा पुरुष वा अन्यका बिरुद्ध अपराध गरेकोमा थप सजायको व्यवस्था गर्नु उपयुक्त हुन्छ । किनभने अपाङ्गता भएका व्यक्तिहरुको अपराध पीडित हुने जोखिमता बढि रहेका तथा अपाङ्गता भएका महिलाहरु बहु जोखिममा रहेको यर्थाथता भुल्नु हुँदैन । अपाङ्गता भएको महिला विरुद्ध भएका कसूरमा हुने सजायमा थप दोब्बर प्रतिशत सजाय हुने व्यवस्था गर्न आवश्यक छ ।*

**दफा १४ मा फौजदारी न्यायका सामान्य सिद्धान्तहरुः**

होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिने : कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर मानिने छैन ।

*मनोसामाजिक अपाङ्गता भएको व्यक्तिलाई कसूरदार नठहऱ्याइने कुरा सकारात्मक छ । होस ठेगान नरहेको वा मानसिक भन्ने शब्दको सट्टा मनोसामाजिक अपाङ्गता भएको भन्ने शब्दावली प्रयोग गरिनुपर्छ ।*

दफा १७ मा भलाईका लागि संरक्षकको मञ्जुरी लिई गरेको काम कसूर नहुने : अठार वर्ष ननाघेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिको भलाईका लागि निजको संरक्षकले वा त्यस्तो संरक्षकको मञ्जुरी लिएर अरु कसैले असल नियतले होसियारी साथ गरेको कुनै कामबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा त्यस्तो काम कसूर मानिने छैन । तर ज्यान जान वा अङ्गभङ्ग हुनबाट रोक्ने उद्देश्यले गरेकोमा बाहेक ज्यान जान सक्छ वा अङ्गभङ्ग हुन सक्छ भन्ने जानीजानी त्यस्तो कुनै काम गर्ने व्यक्तिले आपराधिक दायित्वबाट छुट पाउने छैन ।

*यो प्रावधानको भाषा गोलमटोल, अलमलिने र झुक्किने खालको छ । अपाङ्गता भएको व्यक्तिको ज्यान जान सक्छ वा अङ्गभङ्ग हुन सक्छ भन्ने जानीजानी त्यस्तो कुनै काम गर्ने व्यक्तिले आपराधिक दायित्वबाट छुट नदिएको सकारात्मक छ ।*

*यो प्रावधानको भाषा अलि स्पष्ट हुने गरी पुर्नलेखन गर्नुपर्ने देखिन्छ । मञ्जुरी : मञ्जुरी मौखिक वा लिखित रुपमा वा इशारा वा आचरणद्वारा व्यक्त गर्न सकिनेछ ।*

दफा २० मा मञ्जुरी : क) मञ्जुरी मौखिक वा लिखित रुपमा वा इशारा वा आचरणद्वारा व्यक्त गर्न सकिनेछ

ख) मानसिक अस्वस्थताको कारणले आफूले दिएको मञ्जुरीको गुण, दोष र परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेका बखत कुनै व्यक्तिले मञ्जुरी दिएकोमा,

*मानसिक अस्वस्थताको अवस्था भएमा मौखिक वा लिखित रुपमा वा इशारा वा आचरणद्वारा मञ्जुरी व्यक्त गर्न सकिने प्रावधान सकारात्मक छ । मानसिक अस्वस्थताको कारणले आफूले दिएको मञ्जुरीको गुण, दोष र परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेका बखत कुनै व्यक्तिले मञ्जुरी दिएकोमा त्यस्तो मञ्जुरीको मान्यता नहुने व्यवस्था सकारात्मक छ । तर मानसिक शब्दको सटट्ा मनोसामाजिक शब्द बदल्नु पर्ने देखिन्छ ।*

*दफा ३८ मा* कसूरको गम्भीरता बढाउने अवस्था : यस ऐनको प्रयोजनका लागि देहायका अवस्थाहरु विद्यमान रहेमा कसूरको गम्भीरता बढाएको मानिने छ :-

(ब) पचहत्तर वर्षमाथिको वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकाको विरुद्ध कसूर गरेको,

*शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति लगायतका व्यक्तिहरुमाथि अपराध गरेमा कसूरको गाम्भिर्यता बढ्ने कुरा सकारात्मक छ ।*

*दफा ३९ मा* कसूरको गम्भीरता घटाउने अवस्था : यस संहिताको प्रयोजनको लागि देहायका अवस्थाहरु विद्यमान रहेमा कसूरको गम्भीरता घटाएको मानिनेछ :-

(ज) शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,

*शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएमा कसूरको गाम्भीर्यता घट्ने कुरा सकारात्मक छ ।*

दफा ५२ मा जातिहत्या गर्न नहुने : (२) उपदफा (१) को प्रयोजनका लागि कुनै जात, जाति, सम्प्रदाय वा धर्मिक समूहको अस्तित्व पूर्ण वा आंशिक रुपमा विनाश गर्ने नियतले देहायको कुनै काम गरेमा वा त्यसको उद्योग वा षडयन्त्र गरेमा जातिहत्याको कसूर गरेको मानिनेछ :-

(ख) एकै पटक वा पटकपटक गरी योजनाबद्ध रुपमा त्यस्तो समूहका सदस्यहरुको शारीरिक अङ्गभङ्ग गरेमा वा निजहरुलाई शारीरिक वा मानसिक अशक्त बनाएमा,

*एकै पटक वा पटकपटक गरी योजनाबद्ध रुपमा त्यस्तो समूहका सदस्यहरुको शारीरिक अङ्गभङ्ग गरेमा वा निजहरुलाई शारीरिक वा मानसिक अशक्त बनाएमा जातिहत्याको कसूर गरेको मानिने प्रावधान सकारात्मक छ ।*

दफा ११८ मा अभद्र व्यवहार गर्न नहुने : (१) कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रुपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुँदैन ।

***अपांगता भएको व्यक्ति माथि*** *अभद्र व्यवहार हुनबाट संरक्षण गरिएको व्यवस्था सकारात्मक छ ।*

दफा १६० मा **भेदभावपूर्ण व्यवहार गर्न नहुने :** (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।

*शारीरिक अवस्था वा अपाङ्गता समेतको आधारमा भेदभावपूर्ण व्यवहार गर्न नहुने व्यवस्था सकारात्मक छ । तर जानीजानी शब्द हटाउनु पर्छ ।*

दफा २६ मा पुनर्स्थापना केन्द्रमा पठाउन सकिने : (१) लागू औषधको सेवनको कसूरदार वा शारीरिक वा मानसिक दुर्वलताबाट पीडित कसूरदार वा अन्य यस्तै कसूरदारलाई निजको उमेर, कसूर गर्दाको परिस्थितिलाई विचार गर्दा निजलाई कारागारमा नपठाई पुनर्स्थापना केन्द्रमा पठाउन उपयुक्त देखिएमा प्रोवेशन अधिकृतको सिफारिसमा अदालतले त्यस्तो कसूरदारलाई पुनर्स्थापना केन्द्रमा पठाउन सक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "पुनर्स्थापना केन्द्र" भन्नाले लागू औषध वा अन्य दूर्व्यसनी वा शारीरिक वा मानसिक दुर्बलताबाट पीडित कसूरदारलाई उपचार तथा पुनर्स्थापना सेवा प्रदान गर्ने उद्देश्यले स्थापित संस्था सम्झनु पर्छ ।

*शारीरिक वा मानसिक दुर्वलताभएका कसूरदारलाई समुदाय वा परिवारकै निगरानीमा राख्ने व्यवस्था भएका भएमा उसको शारिरिक तथा मानसिक स्वास्थ्यमा चाडै सुधार आउनसक्छ ।*

*शारीरिक वा मानसिक दुर्वलता भई अरु कैदी सरह कारागारमा राख्न उपयुक्त नहुने कसुरदारलाई प्यारोल वा प्रोवेसनमा राख्ने व्यवस्थ गर्नुपर्ने ।*

दफा ४१ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाको उल्लेख गरिएको छ । त्यस्तै दफा ४१ (२) मा क्षतिपूर्ति निर्धारण गर्दा बिचार गर्नु पर्ने आधारहरु उल्लेख गरिएको छ ।

*सो प्रावधानमा "पीडितको शारीरिक वा मानसिक अपाङ्गता" लाई गम्भीरता निर्धारण गर्ने बिषयलाई नजरअन्दाज गरेको छ । कसूरदारबाट पीडित व्यक्तिलाई सो व्यक्तिको शारीरिक तथा मानसिक अवस्था वा अपाङ्गताको समेतको आधारमा मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ भनि व्यवस्था गर्नु उपयुक्त हुन्छ ।*

ख) फौजदारी मुद्दाको सुनुवाई गर्दा अपाङ्गता भएको व्यक्तिहरु वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकतामा राखेर हेर्नुपर्छ भन्ने व्यवस्था छ ।

*यो व्यवस्था अपाङ्गता भएको महिलाहरुकै लागि भनेर गरिएको छैन । तसर्थ अदालती कारवाहीमा मुद्दाको पेशी तोक्दा अपाङ्गता भएका महिला सम्बन्धित मुद्दाहरुलाई अग्राधिकार सहित प्राथमिकतामा राख्ने व्यवस्था कानुनमै व्यवस्था गरिनु पर्दछ ।*

*अदालत तथा अन्य न्यायीक निकायहरुमा अपाङ्गता भएका महिलाहरु पीडित भएको वा पक्ष भएको मुद्दा तथा अन्य कानुनी प्रक्रियाहरुलाई द्रुत कार्यविधी (fast track procedural) वा निरन्तर सुनुवाईको माध्यमबाट निर्णयको व्यवस्था गरिनु पर्दछ ।*

ग) विवाहको सन्दर्भमा झुक्याई बिवाह बदर हुन्छ भन्ने व्यवस्था राम्रो हो । तर यसमा केही अन्योलता देख्न सकिन्छ ।

घ) ऐनमा कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्ने व्यवस्था गरेको छ।

*कसूरबाट पीडित वा निजका आश्रित व्यक्ति अपाङ्गता भएको महिला भएमा पीडित राहत कोषबाट तत्काल क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था गर्नु आवश्यक छ ।*

- फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को परिच्छेद ६ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाको उल्लेख गरिएको छ । त्यस्तै दफा ४१(२) मा क्षतिपूर्ति निर्धारण गर्दा बिचार गर्नु पर्ने आधारहरु उल्लेख गरिएको छ । तर सो प्रावधानमा "पीडितको शारीरिक वा मानसिक अपाङ्गता"लाई गम्भीरता निर्धारण गर्ने बिषयलाई नजरअन्दाज गरेको छ । कसूरदारबाट पीडित व्यक्तिलाई सो व्यक्तिको शारीरिक तथा मानसिक अवस्था वा अपाङ्गताको समेतको आधारमा मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ भनि व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

- फौजदारी मुद्दाको सुनुवाई गर्दा अपाङ्गता भएको व्यक्तिहरु वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकतामा राखेर हेर्नुपर्छ भन्ने व्यवस्था छ । तर यो व्यवस्था अपाङ्गता भएको महिलाहरुकै लागि भनेर गरिएको छैन । तसर्थ अदालती कारवाहीमा मुद्दाको पेशी तोक्दा अपाङ्गता भएका महिला सम्बन्धित मुद्दाहरुलाई अग्राधिकार सहित प्राथमिकतामा राख्ने व्यवस्था कानुनमै व्यवस्था गरिनु पर्दछ ।

- अदालत तथा अन्य न्यायीक निकायहरुमा अपाङ्गता भएका महिलाहरु पीडित भएको वा पक्ष भएको मुद्दा तथा अन्य कानुनी प्रक्रियाहरुलाई द्रुत कार्यविधी (fast track procedural) वा निरन्तर सुनुवाईको माध्यमबाट निर्णयको व्यवस्था गरिनु पर्दछ ।

- विवाहको सन्दर्भमा केही अन्योलता देख्न सकिन्छ । झुक्यानमा पारी अरुले विवाह गरीदिएको खण्डमा विवाह बदर गर्ने प्रसंगमा यदि झुक्यानमा पार्ने व्यक्तिले नै विवाह गरेकोमा झुक्यानमा परेको विवाह बदर गर्ने प्रावधान सही रहेको छ तर सो कुरा थाहा पाउँदा पाउँदै गरेकोमा दुवै पक्ष पीडित हुन तसर्थ दुवै पक्षले क्षतिपूर्ति पाउनु पर्ने देखिन्छ । तसर्थ विहावारीको परिच्छेदमा झुक्यानमा पारी बिवाह गरेको खण्डमा यदि अपाङ्गता भएको व्यक्ति स्वयम्ले जानी जानी झुक्यानमा पारेको नभइ अरुले नै गरेको खण्डमा विवाह बदर गर्न सकिने र अपाङ्गता भएको व्यक्तिले पनि विवाहको अन्य पक्ष (पीडित) ले जस्तै क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । तर यदि अपाङ्गता भएका व्यक्तिसँग बिवाह गरेर केही समय पश्चात श्रीमान श्रीमति बिचमा मनमुटाव हुँदै गयो भने अपाङ्गतालाई आधार मानि झुक्याएर बिवाह गरेको भनि उजुर बाजुर गरेको खण्डमा बिवाह बदर हुने सम्भावना देखिन्छ जसले गर्दा अपाङ्गता भएका महिला वा व्यक्ति बढि पिडित भएको अवस्था आई सकेको छ र अर्कोकुरा बिवाह बदर गर्ने अवस्थामा अपाङ्गता मात्र राखिनुको पछाडि अपाङ्गता भएका व्यक्तिलाई सिधै बिभेद गरेको कुरा बुझ्न सकिन्छ किनकी झुक्याएर बिवाह त अन्य कसैले पनि कसैसँग गर्नु भनेको अपराध नै हो । यदि झुक्याएर गरेको ठहरेमा अन्य बिवाह पनि बदर हुने कुरा उल्लेख हुनु पर्ने हो तर अपाङ्गतालाई मात्र तोक्नाले  अपाङ्गता भएक व्यक्तिलाई मात्र सिधै बिभेद गरेको सहजै बुझ्न सकिन्छ ।

यो व्यवस्था रही रहने हो भने एकातिर अपाङ्गता भएका महिलाहरुको बिवाह नहुने अर्कोतर्फ सहमतिमा नै बिवाह भै हाले तापनि यदि कुनै कारणबस श्रीमति श्रीमान मन परेन वा मन मिल्न छाड्यो भने यो व्यवस्थाको दुरुप्रयोग गरि धेरै दम्पतिको सम्बन्ध बिर्गन वा झुक्याई बिवाह गरेको पनि बिवाह बदर गरेको घटनाबाट प्रष्ट हुन्छ । यसर्थ बिवाहवारीको परिच्छेदमा झुक्यानमा पारी बिवाह गरेको नभई अरुले नै गरेको बिवाह बदर गर्न सकिने र अपाङ्गता भएको व्यक्तिले पनि बिवाहको अन्य पक्ष पीडितले जस्तै मानसिक क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ साथै झुक्याई बिवाहमा अपाङ्गता भएका व्यक्तिको अवस्थालाई मात्र राखिनु हुदैन अर्थात अपाङ्गताको अवस्थाई हटाईनु पर्नेछ ।

## ७.५.) मुलुकी देवानी (संहिता) ऐन २०७४

समानताको अधिकार सम्बन्धी व्यवस्था निकै सराहनिय प्रावधान हो । संबिधान प्रदत्त अधिकारलाई यस ऐनले अझ बलियो बनाएको छ । तर समान व्यवहार गरिनुपर्ने र भेदभाव गर्न नहुने भनिएता पनि यदि कुनै समुदायका लागि बिशेष व्यवस्था गरीएको खण्डमा सो व्यवस्थालाई भेदभाव गरिएको मानिने छैन भनि उल्लेख गरीएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन भनी अपाङ्गता भएका व्यक्तिहरुको लागि सकारात्मक विभेदको अवधारणा यसमा उल्लेख गरीएको छ ।

कुनै व्यत्तिको छोराछोरी अति अशक्त वा अपाङ्गता भएका निजको बिशेष हेरचाह गर्नु पर्ने व्यवस्था उल्लेख गरिएको छ । तर यदी कसैको बुवा आमा वा अन्य परिवारमा अशक्तता वा अपाङ्गता भएको खण्डमा कसले जिम्मेवारी लिने भन्ने सर्न्दभमा भने संहिता अनुत्तरित छ । वुवाआमाको मृत्यु पश्चात कसले हेरचाह गर्ने भन्ने बिषयमा केही प्रावधान उल्लेख गर्नु पर्ने अपाङ्गता भएका व्यक्तिलाई कार्यगत सीमितताको दृष्टिकोणबाट हेरिनु पर्नेमा असक्षम र अर्धसक्षमको दृष्टिकोणबाट हेर्न खोजिएको छ ।

अपाङ्गता जन्मजात नि हुनसक्छ भने जीवनका केही कालखण्ड पछि पनि हुन सक्छ तर कानुनले आमाबुवाको सन्तान प्रतिको दायित्व त सिर्जना गर्‍यो, जुन कारण बालबालिका एवंम वयस्क सन्तानलाई आमाबुवाले हेरचाह गर्ने दायित्व बहन गर्ने भए तर बुवाआमाको मृत्यु पश्चात के हुने हो र कानुनले यस बिषयमा केही प्रावधान उल्लेख गरेको छैन । अझ यदी हेरबिचार गर्ने दायित्व भएको मान्छेले दायित्व वहन गर्न ईन्कार गरेमा, यदि कुनै व्यत्तिले सो अपाङ्गता भएको व्यक्तिको हेरचाह गरे बापतको खर्च शोधभर्ना लिन पाउने व्यबस्था छ । यस्तो व्यवस्था राख्नु भन्दा कुनै पनि किसिमको अपाङ्गता भएको व्यक्तिलाई परिवारका सदस्यहरुले नै हेरचाह गनु पर्ने भनी व्यवस्था भएको भए परिवारका सबै व्यक्तिहरु जिम्मेवार हुने थिए र आमाबुवाको मृत्यु पश्चात् पनि उनीहरुको सहज जीवन यापनका लागि सुनिश्चितताको सवाल उठने थिएन ।

यस ऐनको करारीय दायित्वको बिषयमा रहेको प्रावधानले नेपाली काररीय कानुनमा नया आयाम थपेको छ ।

- संरक्षणको अधिकार, अन्तर्गत शारीरिक वा मानसिक रुपमा "अशक्त वा अपाङ्ग" व्यक्तिलाई बाबु आमाले विशेष संरक्षण गर्नुपर्ने भन्ने कुरा उल्लेख भएतापनि अपाङ्गता भएका महिला र बालिकाहरुलाई संरक्षकले विशेष संरक्षण गर्नुपर्ने कानूनी व्यवस्था नहुँदा महिला र बालिकाहरुका अधिकार सम्बोधन हुन सकेका छैनन्। तसर्थ महिलाहरुको लागि लैंगिक तथा अपाङ्गता दुवै दृष्टिकोणबाट विशेष संरक्षण सहितको कानूनी व्यवस्था हुनुपर्दछ।

- अपाङ्गता भएका व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकेको मुद्दा दोहोऱ्याई हेर्ने अधिकारका सम्बन्धमा अपाङ्गता भएका महिलाको पनि उचित प्रतिनिधित्व हुन नसकेको मुद्दा भनेर दोहोऱ्याई हेर्ने विषयमा प्राथमिकता दिने उल्लेख गर्नुपर्दछ।

- अपाङ्गता भएका व्यक्ति तथा महिला सम्मिलित मुद्दाहरुको सुनवाईको क्रममा आवश्यकताको आधारमा उपकरणहरु, दोभाषे सहित सांकेतिक भाषाको अपाङ्गता मैत्री सूचना सेवा उपलब्ध गराउनु पर्दछ।

- अड्डा अदालतबाट अपाङ्गता भएका व्यक्तिको नाममा म्याद पूर्जा लगायतको सूचना जारी हुँदा अपाङ्गता मैत्री सूचना सम्प्रेषण गर्ने व्यवस्था हुनुपर्दछ। जस्तैः दृष्टिविहिनको हकमा ब्रेन लिपिमा सूचना जारी गर्ने।

- अपाङ्गता भएको व्यक्तिको नाममा जारी भएको सूचनाको म्याद तथा अपाङ्गता भएको व्यक्तिलाई लागू हुने हदम्यादमा अन्य व्यक्तिको म्याद वा हदम्यादको समयभन्दा १५ दिन थप म्याद सुविधा पाउने व्यवस्था गर्नुपर्दछ।

- अपाङ्गता भएको व्यक्तिको अदालतमा पीडित वा साक्षीको रुपमा बयान वकपत्र गराउँदा अपाङ्गता मैत्री उपयुक्त प्रविधि अवलम्बन गर्ने व्यवस्था हुनुपर्दछ। त्यस्तै मनोसामाजिक वा बौद्धिक अपाङ्गता भएको व्यक्तिको अभिभावक वा सहयोगीको उपस्थितिमा बयान बकपत्र गर्ने व्यवस्था हुनुपर्दछ।

- अपाङ्गता भएका महिला पक्ष भएको मुद्दाको कागजातको नक्कल निःशुल्क उपलब्ध गराउने तथा मुद्दा दर्ता गर्दा लाग्ने दस्तुर मिनाहा गर्ने व्यवस्था हुनुपर्दछ।

- अपाङ्गता भएका महिलाको नाममा अचल सम्पत्ति रजिष्ट्रेसन गर्दा लाग्ने शुल्कमा ५०% छुट हुने व्यवस्था गर्नुपर्दछ।

- अदालत, सरकारी वकिल कार्यालय तथा प्रहरी लगायत न्याय प्रशासनसँग सम्बन्धित सम्पूर्ण निकायहरु अपाङ्गता मैत्री पहुँचयुक्त र प्रविधियुक्त हुने व्यवस्था गर्नुपर्दछ।

**७.६.) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४:**

**यस ऐनको दफा १३ मा** उम्मेदवारको अयोग्यता सम्बन्धमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :- ( ञ) मानसिक सन्तुलन ठीक नभएको ।

*मानव अधिकारको दृष्टिकोणले कुनै मानिसको मस्तिष्कमा आउन सक्ने बिचलन वा अवस्थाका कारण उनीहरुलाई उम्मेदवार हुन पाउने अधिकारबाट बन्चित गरेको छ साथै यहा अव्यवहारीक शब्दको प्रयोग भएको छ । मनोसामाजिक अपाङ्गताका कारण निर्वाचनमा उम्मेदवार हुन अयोग्य ठहर गर्दा निजको अवस्थालाई गलत आरोप वा स्वेच्छाचारी निर्णय नहोस भन्ने सुनिश्चित गरिनुपर्छ ।*

*मानसिक सन्तुलन ठिक नभएको भनिनुको सट्टा मनोसामाजिक अपाङ्गता शब्दको प्रयोग गर्नुपर्छ ।*

दफा २८ मा उम्मेदवारको बन्दसूची तयार गर्ने : (६) दलले उम्मेदवारको बन्दसूची तयार गर्दा पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी उम्मेदवारको बन्दसूची तयार गर्नुपर्ने व्यवस्था सकारात्मक छ । यस ऐन, २०७४ को दफा ६० (६) मा उपदफा (५) बमोजिम दलले सूची पेश गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा अनुसूची-१ मा तोकिएको प्रतिशत अनुरुप दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु तथा मुस्लिमको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ । त्यस्तो सूचीमा यथासम्भव पिछडिएको क्षेत्र तथा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ भनि उल्लेख गरेको छ । समानुपातिक निर्वाचनकालागि सूची पेशगर्दा यथासम्भव अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ भन्ने व्यवस्था सकारतत्मक छ । तर यस प्रावधानले अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता गरेको छैन ।

*यो माथि उल्लेखित व्यवस्था अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नु पर्नेछ भन्ने शब्दले अनिवार्य समावेश गर्नै पर्छ भन्ने कुरा बुझिदैन जसले गर्दा समावेश गरे पनि हुने नगरे पनि हुने भन्ने कुरा प्रष्ट हुन्छ त्यसलै अनिवार्य समावेश गर्नु पर्छ भन्ने शब्द राखिनु पर्छ ।*

दफा ४१ मा मतदान केन्द्रमा प्रवेश : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन : (छ) दृष्टिविहीन वा शारीरिक रुपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

मतदान गर्नुपर्ने व्यक्तिले मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा परिचय खुल्ने प्रमाणको आधारमा परिवारको सदस्यलाई सहयोग गर्न अनुमति दिनसक्ने प्रावधानले मतदान अधिकृतलाई धेरै अधिकार दिई तजबिजि अधिकार प्रयोग गर्नसक्ने व्यवस्था गरिदिएको छ ।

*यो प्रावधानले दृष्टि अपाङ्गता वा अन्य प्रकारको अपाङ्गता भएका व्यक्तिलाई मताधिकार प्रयोग गर्न अर्को व्यक्तिको सहयोग लिन सक्ने व्यवस्था त गरेको छ निर्वाचन अधिकृत वा एकाघरको परिवारको सदस्य मात्र भनेको हुँदा सम्बन्धित व्यक्तिले ईच्छाएको बिश्वासिलो व्यक्ति छान्न नपाउदा यो अधिकार*

*संकुचित देखिन्छ साथै त्यस्तो व्यक्ति आफैंले कसैको सहयोग बिना मताधिकार प्रयोग गर्न सक्ने प्रबन्ध गर्नेतर्फ पनि केही सोचेको छैन । दृष्टि अपाङ्गता वा अन्य प्रकारको अपाङ्गता भएका व्यक्तिलाई मताधिकार प्रयोग गर्न अर्को व्यक्तिको सहयोग लिनु नपर्ने गरी प्रविधिको विकास र प्रयोग गरिनुपर्छ । मताधिकार प्रयोग गर्न परिवारको सदस्यको सहयोग पाउने कुरा मतदान अधिकृतको तजबिजि अधिकारको रुपमा राखिनुहुन्न ।*

*दफा ४२ मा अशक्त मतदाता : दृष्टिविहीन, शारीरिक अशक्तता वा अरु कुनै कारणवश कुनै मतदाता आफैँले मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा निजको परिचय खुल्ने प्रमाणको आधारमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्केत गरिदिन सक्नेछ भन्ने बिश्वास गर्न सक्ने अवस्था छैन ।*

दफा ६० मा समानुपातिक निर्वाचनको परिणामको घोषणा : (६) उपदफा (५) बमोजिम दलले सूची पेश गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा अनुसूची-१ मा तोकिएको प्रतिशत अनुरुप दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु तथा मुस्लिमको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ । त्यस्तो सूचीमा यथासम्भव पिछडिएको क्षेत्र तथा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ ।

*समानुपातिक निर्वाचनकालागि सूची पेशगर्दा यथासम्भव अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ भन्ने व्यवस्था सकारतत्मक छ । तर यस प्रावधानले अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता गरेको छैन । अपाङ्गता भएको व्यक्तिलाई यथासम्भव प्रतिनिधित्व गराउनु पर्नेछ भन्ने शब्दको ठाउँमा अनिवार्य सामेल गर्नुपर्नेछ भन्ने उल्लेख हुनुपर्छ ।*

**७.७.) प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४:**

दफा १३ मा उम्मेदवारको अयोग्यता : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :- ( ञ) मानसिक सन्तुलन ठीक नभएको ।

*मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई अयोग्यको पर्यायको रुपमा प्रयोग भएको छ ।*

*अपमानजनक शब्दको प्रयोग भएको छ । मनोसामाजिक अपाङ्गताका कारण निर्वाचनमा उम्मेदवार हुन अयोग्य ठहर गर्दा गलत आरोप वा स्वेच्छाचारी निर्णय नहोस भन्ने सुनिश्चित गरिनुपर्छ ।*

*अपमानजनक शब्दको सट्टा मनोसामाजिक अपाङ्गताका जस्ता शब्दको प्रयोग गर्नुपर्छ ।*

दफा २८ मा उम्मेदवारको बन्दसूची तयार गर्ने : (६) दलले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नु पर्नेछ ।

*दलले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नु पर्नेछ भन्ने व्यवस्था सकारात्मक छ तर यो व्यवस्था फितलो अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नु पर्नेछ भन्ने शब्दले अनिवार्य समावेश गर्नै पर्छ भन्ने कुरा बुझिदैन जसले गर्दा समावेश गरे पनि हुने नगरे पनि हुने भन्ने कुरा प्रष्ट हुन्छ त्यसलै अनिवार्य समावेश गर्नु पर्छ भन्ने शब्द राखिनु पर्छ ।*

दफा ४१ मा मतदान केन्द्रमा प्रवेश : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन : (छ) दृष्टिविहीन वा शारीरिक रुपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

*यो प्रावधानले दृष्टि अपाङ्गता वा अन्य प्रकारको अपाङ्गता भएका व्यक्तिलाई मताधिकार प्रयोग गर्न अर्को व्यक्तिको सहयोग लिन सक्ने व्यवस्था त गरेको छ निर्वाचन अधिकृत वा एकाघरको परिवारको सदस्य मात्र भनेको हुँदा सम्बन्धित व्यक्तिले ईच्छाएको बिश्वासिलो व्यक्ति छान्न नपाउदा यो अधिकार संकुचित देखिन्छ साथै त्यस्तो व्यक्ति आफैंले कसैको सहयोग बिना मताधिकार प्रयोग गर्न सक्ने प्रबन्ध गर्नेतर्फ पनि केही सोचेको छैन । दृष्टि अपाङ्गता वा अन्य प्रकारको अपाङ्गता भएका व्यक्तिलाई मताधिकार प्रयोग गर्न अर्को व्यक्तिको सहयोग लिनु नपर्ने गरी प्रविधिको विकास र प्रयोग गरिनुपर्छ । मताधिकार प्रयोग गर्न परिवारको सदस्यको सहयोग पाउने कुरा मतदान अधिकृतको तजबिजि अधिकारको रुपमा राखिनुहुन्न ।*

*अशक्त मतदाता : दृष्टिविहीन, शारीरिक अशक्तता वा अरु कुनै कारणवश कुनै मतदाता आफैँले मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा निजको परिचय खुल्ने प्रमाणको आधारमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्केत गरिदिन सक्नेछ भन्ने बिश्वास गर्न सक्ने अवस्था छैन ।*

दफा ४२ मा अशक्त मतदाता : दृष्टिविहीन, शारीरिक अशक्तता वा अरु कुनै कारणवश कुनै मतदाता आफैँले मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा निजको परिचय खुल्ने प्रमाणको आधारमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्केत गरिदिन सक्नेछ ।

*दृष्टि अपाङ्गता वा अन्य प्रकारको अपाङ्गता भएका व्यक्तिलाई मताधिकार प्रयोग गर्न अर्को व्यक्तिको सहयोग लिनु नपर्ने गरी प्रविधिको विकास र प्रयोग गरिनुपर्छ ।*

*मताधिकार प्रयोग गर्न परिवारको सदस्यको सहयोग पाउने कुरा मतदान अधिकृतको तजबिजि अधिकारको रुपमा राखिनुहुन्न ।*

*यो प्रावधान झट्ट हेर्दा सकारात्मक पक्ष हो तर यो अधिकार एकाघरका सदस्य वा मतदान अधिकृतलाई दिने भनिएको व्यवस्थाले कतै एकघरको सदस्य वा निर्वाचन अधिकृतले आफ्नै तजबिजमा मत संकेत गर्ने हो की भन्ने कुरामा बिश्वासनिय छैन त्यसैले स्वंय व्यत्तिले ईच्छाएको वा बिश्वास गरिएको सहयोगी छान्न पाउने जसले उसको मत सकेत गर्ने व्यवस्था राखिनु पर्छ ।*

दफा ६० मा समानुपातिक निर्वाचनको परिणामको घोषणा : (६) उपदफा (५) बमोजिम दलले सूची पेश गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा अनुसूची-१ मा तोकिएको प्रतिशत अनुरुप दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु तथा मुस्लिमको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ । त्यस्तो सूचीमा यथासम्भव पिछडिएको क्षेत्र तथा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ ।

*समानुपातिक निर्वाचनकालागि सूची पेशगर्दा यथासम्भव अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्नेछ भन्ने व्यवस्था सकारतत्मक छ । तर यस प्रावधानले अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता गरेको छैन । अपाङ्गता भएको व्यक्तिलाई यथासम्भव प्रतिनिधित्व गराउनु पर्नेछ भन्ने शब्दको ठाउँमा अनिवार्य सामेल गर्नुपर्नेछ भन्ने उल्लेख हुनुपर्छ ।*

### ७.८.) मतदाता नामावली ऐन, २०७३ :

दफा २३ मा मतदाताले मतदान गर्न सक्ने :(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मतदाताले मतदान गर्न पाउने छैनन् :- (क) मानसिक सन्तुलन ठीक नभएको,

*मनोसामाजिक अपाङ्गता भएकै कारण व्यक्तिलाई अयोग्यको पर्यायको रुपमा प्रयोग भएको छ, लोकतन्त्रमा कनै पनि जनतालाई मतदान गर्न अयोग्य ठहर गर्न पाईदैन यसको अर्थ नागरिकको मतदान गर्ने हक अधिकारबाट कसैलाई मनोसामाजिक अपाङ्गता भएकै कारण मतदान गर्न बन्चित गर्न पाईदैन । यसो गर्दै गर्दा गलत आरोप वा स्वेच्छाचारी निर्णय नहोस भन्ने सुनिश्चित गरिनुपर्छ । अपमानजनक शब्दको सट्टा मनोसामाजिक अपाङ्गताका जस्ता शब्दको प्रयोग गर्नुपर्छ ।*

### ७.९.) स्थानीय तह निर्वाचन ऐन, २०७३

दफा १३ मा उम्मेदवारको अयोग्यता : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

*मानसिक सन्तुलन ठीक नभएको, यस दफाले अल्पकालीन र स्थिर प्रकृतिको मानसिक अस्वस्थतालाई बुझ्न सकेको छैन ।*

*सामन्य प्रकृतिको मानसिक अस्वस्थता हो भने त्यस्ता व्यक्तिहरुलाई राजनीतिक जीवनमा सहभागी हुनबाट बन्चित नगरी उनीहरुको संरक्षण, सशक्तिकरण र बिकासका लागि बिशेष ब्यवस्था गरिनु पर्छ ।*

दफा ३६ मा मतदान केन्द्रमा प्रवेश : मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :- दृष्टिविहीन वा शारीरिक

*दृस्टीबिहिन र शाररिकरुपमा अशक्त मतदाताको मतदानको अधिकारलाई सुनिश्चित गर्ने प्रयास गरेको छ, यो अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धि महासन्धिको धारा २९ (क) अनुकुल रहेको छ .यस दफाले मानसिक अशक्तता भएका व्यक्तिहरुले मतदान गर्न सक्छन भन्ने कुरा तर्फ ध्यान दिएको छैन तसर्थ त्यस प्रकारको अशक्तताको गम्भीरता हेरी उनीहरुको मतदान गर्न पाउने अधिकारको सम्बन्धमा बिशेष ब्यवस्था गरिनु पर्छ ।*

**दफा ३८ मा अशक्त मतदाता :** कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता वा अरु कुनै कारणवश आफैँ मत सङ्कते गर्न नसक्ने भई मत सङ्कते गर्ने काममा सहयोग पुऱ्याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सङ्कते गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सङ्कते गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्कते गरिदिन सक्नेछ ।

*यो प्रावधान झट्ट हेर्दा सकारात्मक पक्ष हो तर यो अधिकार एकाघरका सदस्य वा मतदान अधिकृतलाई दिने भनिएको व्यवस्थाले कतै एकघरको सदस्य वा निर्वाचन अधिकृतले आफ्नै तजबिजमा मत संकेत गर्ने हो की भन्ने कुरामा बिश्वासनिय छैन त्यसैले स्वंय व्यत्तिले ईच्छाएको वा बिश्वास गरिएको सहयोगी छान्न पाउने जसले उसको मत सकेत गर्ने व्यवस्था राखिनु पर्छ ।*

### ७.१०.) प्रमाण ऐन, २०३१ :

दफा १० मा मौकामा व्यक्त गरेको कुरा : (२) कुनै व्यक्तिले निजको शारीरिक वा मानसिक अवस्था स्पष्ट रूपमा बोध हुने गरी त्यस्तो अवस्था कायम छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ ।

*कुनै व्यक्ति शारीरिक वा मानसिक अवस्था स्पष्ट रूपमा बोध हुने अवस्थामा रही निजले त्यस्तो अवस्थामा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने व्यवस्था भनेको व्यक्तिलाई व्यक्तिको सम्मान दिइएको अवस्था हो तर शारीरिक वा मानसिक अवस्थाकै कारण प्रमाण लिन हुनु हुँदैन । कुनै व्यक्तिको कुन बेलासम्म शारीरिक वा मानसिक अवस्था स्पष्टरूपमा बोध हुने र कुन बेलादेखि बोध नहुने अवस्था थियो भन्ने कुरा विवाद रहीत हुनेगरी छुट्याउने गरी कानुनी व्यवस्था हुनुपर्छ ।*

दफा ३८ मा साक्षी हुन सक्ने व्यक्ति : कलिलो उमेर, अति बृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनि अदालतले ठहराएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ ।

*मनोसामानिक अपाङ्गता भएका व्यक्तिलाई साक्षी रुपमा स्वीकार नगरिने परिपाटीले गर्दा त्यस्ता व्यक्तिहरु आफुलाई थाहा भएका कुराहरुपनि भन्न पाउँदैनन् । मनोसामानिक अपाङ्गता तथा मानसिक रोगलागेका व्यक्तिलाई साक्षीको रुपमा विल्कुलै नबुझ्ने परिपाटीको अन्त्य गरी ऊ साक्षी बस्न उपयुक्त छ वा छैन भन्नेकुरा चिकित्सकले प्रमाणित गर्नुपर्ने प्रवन्ध गर्नुपर्छ ।*

**७.११.) बालबालिका सम्बन्धी ऐन, २०४८:**

दफा २२ मा संरक्षकको नियुक्ति : (१) बाबु आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित रहेको भए पनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालकलाई कुनै संरक्षकको जिम्मा लगाउनको निमित्त जोसुकैले पनि बाल कल्याण अधिकारी समक्ष निवेदन दिन सक्नेछ । यस्तो निवेदन पर्न आएमा बाल कल्याण अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो बालकको निमित्त यस दफाको अन्य कुराको अधिनमा रही संरक्षक नियुक्त गरिदिनु पर्छ । बाबु आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित रहेको भए पनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालकलाई कुनै संरक्षकको जिम्मा लगाउने व्यवस्था सकारात्मक नै हो ।

*तर त्यस्ता बाबुआमालाई कुनै सहयोग गर्ने प्रणाली नभइ खाली बालकलाई संरक्षको जिम्मा लगाउनाले बालबालिकाको उचित हेरविचार हुन सक्दैन । बालबालिकाको स्याहार गर्न नसक्ने अवस्थाका बाबुआमालाई राज्यबाट सहयोग गरिने सुनिश्चितता हुनुपर्छ ।*

दफा ३६ मा बाल कल्याण गृहमा राखिने अवधिः (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्धा, अपाङ वा सुस्त मनस्थिति भएका बेवारीस बालकको हकमा तिनीहरुलाई राख्नको निमित्त व्यवस्था गरिएको बाल कल्याण गृहमा नपठाइएसम्म त्यस्ता व्यक्तिको हकमा बाल कल्याण गृहमा बस्ने उमेरको बन्देज लागू हुने छैन ।

*अपाङ्गता भएका वेवारिसे बालबालिकाको उचित स्याहारको लागि बालकल्याण गृहको व्यवस्था भएपनि त्यस्ता गृहहरु बालबालिकालाई राख्ने खाने र सुत्ने मात्र प्रवन्ध नगरी उचित शिक्षा, खानपान र विकाशका समग्र दृटिकोणबाट उपयुक्त हुनुपर्छ । बालबालिकाका लागि बालगृह अन्तिम विकल्प हुनुपर्छ । पहिले पारिवारिक आफन्तबाटै रेखदेख को प्रबन्ध मिलाउनुपर्छ । मनोसामाजिक अपाङ्गता भएका बालबालिकालाई समुदायमा आधारित पुर्नस्थापना केन्द्रमा राखी उपचार गरिनुपर्छ ।*

दफा ४३ मा अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना र संचालनः (१) बाबु, आमा नभएको अनाथ, अपाङ्ग वा सुस्त मनस्थितिका बालकहरुको पालनपोषण तथा वासस्थानको निमित्त आवश्यकतानुसार नेपाल सरकारले अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना गर्नेछ ।

*सुस्त मनस्थिति केन्द्र भन्ने अवधारणा नै गलत छ । सुस्त मनस्थिति भन्ने शब्दको सट्टा बौद्धिक अपाङ्गता भएका व्यक्ति भन्ने शब्द परिवर्तन गरिनु पर्छ । बालबालिकाका लागि बालगृह अन्तिम विकल्प हुनुपर्छ । पहिले पारिवारिक आफन्तबाटै रेखदेखको प्रबन्ध मिलाउनुपर्छ । मनोसामाजिक अपाङ्गता भएका बालबालिकालाई समुदायमा आधारित पुर्नस्थापना केन्द्रमा राखी उपचार गरिनुपर्छ ।*

दफा ५३ मा दण्ड सजाय : (६) दफा १६ बमोजिम कसैले कुनै बालकलाई निषेधित काममा लगाएको कारण निजको चरित्रमा कुनै आघात पुग्न गएको रहेछ वा निजको स्वास्थ्यमा प्रतिकूल प्रभाव वा शारीरिक अंगभंग भएको रहेछ भने उपदफा (१) वा (४) बमोजिम हुने सजायको अतिरिक्त त्यसरी भएको क्षतिको अनुपातमा मुनासिव माफिकको क्षतिपूर्ति रकम समेत मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिबाट बालकलाई भराई दिन सक्नेछ ।

*क्षतिपूर्ति निर्धारण गर्दा पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति*

*समेतलाई विचारगर्नुपर्ने प्रावधान सकारात्मक छ ।*

### ७.१२.) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ :

दफा १८ मा सञ्चालकको अयोग्यता : (१) बैंक वा वित्तीय संस्थाको सञ्चालक हुन देहायको व्यक्ति योग्य हुने छैनः- मगज बिग्रिएको वा मानसिक सन्तुलन ठीक नभएको,

*यहा असभ्य र अपमानजनक शब्दको प्रयोग भएको छ । मनोसामाजिक अपाङ्गताका कारण संचालक हुन अयोग्य ठहर गर्दा गलत आरोप वा स्वेच्छाचारी निर्णय नहोस भन्ने सुनिश्चित गरिनुपर्छ । मगज बिग्रीएको वा मानसिक सन्तुलन ठिक नभएको जस्ता अपमानजनक शब्दको सट्टा मनोसामाजिक अपाङ्गता जस्ता शब्दको प्रयोग गर्नुपर्छ । मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई अयोग्यको पर्यायको रुपमा प्रयोग भएको छ तर उनीहरुलाई अयोग्य रुपमा ठानि बिभेद गरिनु हुँदैन । उनीहरुको पनि उचित रुपमा उपचार भयो र नियमित रुपमा औषधि सेवन गरिरहेका छन भने उनीहरु पहिल्यैकै अवस्था वा मनोसामाजिक अपाङ्गता नभएको अवस्थामा आउन सकेका हुन्छन् ।*

### ७.१३.) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ :

**दफा ४७ मा चालकको लागि अयोग्यता :** देहायका व्यक्तिहरू चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छन्:-

ग) छारे रोग भएको वा बौलाएको वा एकाएक रिङ्गटा लाग्ने वा मूर्छा हुने किसिमको रोग भएको व्यक्ति ।

घ) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति ।

ङ) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति ।[ट]

च) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरून्त छुट्याउन नसक्ने दृष्टिदोष भएको व्यक्ति ।

छ) रतन्धो भएको व्यक्ति, वा

ज) हात खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको व्यक्ति तर अपाङ्गको निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन ।

*यहाँ उल्लेख भएको बौलाएको भन्ने शब्दले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको मर्यादित रूपमा बाँच्न पाउने हकको उल्लङ्घन गरेको छ ।*

*त्यसैगरी नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघको हाल परिवर्तित राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष कल्पना शाक्य समेत बिरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नि. नं. ८९३९ को मुद्दामा सम्मानित सर्वोच्च अदालतले सडकको भौतिक पूर्वाधार, सवारी साधनको मापदण्ड, सवारी सम्बन्धी नियमहरूको व्यवस्था लगायतका भौतिक एवं कानूनी पूर्वाधारहरूको विकास भएका समाजमा बहिरोपनबाट प्रभावित व्यक्तिलाई पनि सवारी चलाउन योग्य मानिएको देखिएबाट बहिरोपन सवारी चलाउनको लागि अयोग्य हुने कुनै वैज्ञानिक आधार रहेभएको मान्न नमिल्ने र सडक सुरक्षाको बहानामा अपाङ्ग वर्गलाई सवारी चलाउन सधैंको लागि अयोग्य मान्नु पर्ने तर्कसंगत कारण नहुने भनी स्थापित गरिसकेको छ । त्यसैले यस व्यवस्थामा उल्लेख भएका अमर्यादित शब्दहरुको पुनरावलोकन हुनु जरुरी छ ।*

*कानूनमा नै योग्यता तोकिएपछि त्यसको पुष्टिको के आवश्यकता रह्यो भन्ने एउटा कुरा हो, तर स्वयं कानून पनि विज्ञान, विवेक, औचित्य र व्यवहारसम्मत हुनु नपर्ने होइन । कानूनद्वारा नै कुनै वर्गलाई राज्यको कुनै सुविधाको लाभ पाउन अयोग्य घोषित गर्नुपूर्व त्यस्तो अयोग्यताको औचित्य र आवश्यकताको बारेमा विवेकसम्मत र वैज्ञानिक अनुसन्धानबाट पुष्ट्याँई गर्नु जरुरी हुने ।*

### ७.१४.) घर जग्गा कर ऐन, २०१९

दफा ४ मा विवरण दाखिल गर्ने कर्तव्य: (१) प्रत्येक सालको आश्विन मसान्तसम्ममा यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम घर जग्गा कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्तिले आफू साधारणतः बसोबास गरेको

इलाकाको कर अधिकृत छेउ आफ्नु घर जग्गाहरूको विवरण तोकिएको ढाँचामा दाखिल गर्नु गराउनु पर्छ भनिएको छ तर यो ऐनबमोजिम घर जग्गाको तिर्नु पर्ने व्यक्ति नाबालक वा बौलाहा वा लाटालाटी भएमा निजको घर जग्गाको विवरण दाखिल गर्ने कर्तव्य निजको संरक्षकको हुनेछ भन्ने व्यवस्था गरेको छ ।

*तर यसमा अपाङ्गता भएका व्यक्तिहरुलाई अपमानजनक शब्द प्रयोग गरेको छ जस्तै बौलाहा र लाटालाटि भन्ने ठाउमा मनोसामाजिक अपाङ्गता भएका व्यक्ति र बहिरा भनेर सम्बोधन गरिनु पर्छ । उनीहरुको घर जग्गा किन्ने स्वतन्त्रतालाई कुठराघात गर्न खोजिएको छ किनभने आफूले सम्पति घर जग्गा किन्न र बेच्न समेत स्वतन्त्र नभएको देखिन्छ। अर्कोतिर उनीहरुलाई आफ्नो घर जग्गाको कर तिर्न समेतमा रोक लगाएकोछ संरक्षक नै चाहिने कुरा उल्लेख गरिएको छ । यदि बहिरा, मनोसामाजिक अपाङ्गता भएका व्यक्ति स्वतन्त्र रुपमा एक्लै आत्मानिर्भर भएर बसीरहेको छ र उसको नाममा घर जग्गा छ भने उसले स्वतन्त्र रुपले आफ्नो कर तिर्न समेत रोक लगाएको छ। यसको अर्थ के बुझ्न सकिन्छ भने बहिरा र मनोसामाजिक अपागंता भएका व्यक्ति एक्लै बस्न, घर  जग्गा किन्न र कमाउन समेत संरक्षक खोज्दै हिडनु पर्ने बाध्यता बनाएको सहजै अनुमान गर्न सकिन्छ । तसर्थ यो व्यवस्थामा अपाङ्गता भएका व्यक्तिहरुलाई संरक्षक नै चाहिने कुरा हटाईनु पर्छ ताकि उसले स्वतन्त्र रुपमा आय आर्जन गरेर आफ्नो नाममा बिना संरक्षक पनि घर जग्गा खरिद गर्न कर तिर्न पाउनु पर्छ ।*

# परिच्छेद -८

# अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि बनेका ऐन, नियमावली र निर्देशिकामा संसोधनका लागि सुझावहरुः

## ८.१. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४:

**सुझावहरुः**

अपाङ्गता भएका महिलाको मानव अधिकार तथा आधारभुत स्वतन्त्रता उपभोग गर्न यस ऐनले स्पष्ट व्यवस्था गरेको पाइदैन । अपाङ्गता भएका महिला र पुरुषका बिचमा पनि विभेद हुनसक्छ भन्ने वास्तविकतालाई यस ऐनले समेट्न सकेको पाइएन ।

अन्य व्यक्तिहरु सरह समान आधारमा विवाह, परिवार, पितृत्व वा मातृत्व र नातासम्वन्धहरुसँग सम्वन्धित सवै कुराहरुमा अपाङ्गता भएका महिला विरुद्ध भेदभाव हटाउने कुनै प्रावधान भएको पाइएन ।

- यस ऐनमा "अपाङ्गताका आधारमा भेदभाव" लाई परिभाषा खण्डमा परिभाषित गरिएको छैन । सो शब्दावलीलाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको खण्डमा स्पष्टिकरणमा उल्लेख गरेको छ । तथापि दफा ८ को स्पष्टिकरणमा "उपयुक्त अनुकूलताको अस्वीकारको विभेदलाई समेत जनाउँछ" भनि उल्लेख गरिए पनि सो उपयुक्त अनुकूलताको भने परिभाषा दिइएको छैन । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि २००६ ले धारा २ मा "उपयुक्त अनुकूलता" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्ति सरह समान अधिकारमा सम्पुर्ण मानव अधिकार तथा आधरभूत स्वतन्त्रताहरुको उपयोग वा प्रयोगको सुनिश्चितता गर्नका लागि कुनै निश्चित अवस्थामा भएकोमा असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिने आवश्यक र उपयुक्त सुधार वा अनुकूलता सम्झनु पर्छ भनी परिभाषित गरेको छ। यस ऐनले पनि "उपयुक्त अनुकूलता" लाई परिभाषित गर्नु पर्ने ।
- साथै दफा ८ मा भेदभाव बिरुद्धको अधिकारको प्रावधान उल्लेख गरिएको छ तर सो दफाले "महिला र पुरुष" बिचमा हुन सक्ने विभेदको उल्लेख गरेको छैन । यस दफा ८ मा अपाङ्गता भएका महिला र पुरुष बिचमा पनि कुनै भेदभाव गर्न नहुने प्रावधान उल्लेख गरिनुपर्छ। अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि २००६ ले धारा ३ मा उल्लेखित आधारभूत सिद्धान्तहरुमा सो कुरा प्रष्ट उल्लेख भएर पनि यस ऐनले सो कुरा उल्लेख गरेको पाइएन । अपाङ्गता भएका महिला र पुरुषका बिचमा पनि विभेद हुन सक्छ भन्ने वास्तविकतालाई यस ऐनले समेट्न सकेको पाइएन । नेपाली समाज तथा समुदायमा हेर्ने हो भने अपाङ्गता भएका पुरुषहरु भन्दा महिलाहरु अझ जोखिममा परेको र विभेदको सिकार भएको पाउँछौं ।
- त्यस्तै गरी महासन्धिको धारा ५ मा अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक समानताको गति बढाउन वा प्राप्त गर्न आवश्यक पर्ने बिशेष उपायहरुलाई विभेद मानिने छैन भनि उल्लेख गरिएको छ र सोही अनुरुप गर्नु पर्छ । तर यस ऐनले बिशेष उपायहरुलाई अपनाउने प्रावधान उल्लेख गरेको छैन । साथै धारा ६ मा अपाङ्गता भएका महिला तथा बालिकाहरु विविध भेदभावको भागीदार भएका छन् भनी स्वीकार गर्छन् तथा यस सम्बन्धमा उनीहरुले सबै मानव अधिकार

तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण र समान उपभोग गरेको सुनिश्चित गर्न उपायहरु अवलम्बन गर्नेछन् भनि उल्लेख गरेकोले ऐनमा बालिका र महिलाको सारभूत समानता प्रदान गर्ने बिशेष प्रावधानहरु राख्न आवश्यक छ ।

- साथै दफा ३६ मा मानसिक वा मनोसामाजिक आपाङ्गता भएको व्यक्तिलाई कारागारमा नराख्ने प्रावधान पनि उल्लेखनिय छ । तर कारागारहरु अपाङ्गता मैत्री नभएसम्म अपाङ्गता भएका व्यक्तिलाई कारागारमा नराखिने व्यवस्था गर्न आवश्यक छ । यस्तै बाल बिज्याईं गरेका अपाङ्गता भएका बालबालिका लाई पनि कुनै पनि किसिमको सजाय दिन नहुने वा बाल सुधार गृहमा राख्ने जस्ता फैसला गर्न समेत नहुने भन्ने प्रावधान राख्नु आवश्यक छ ।

- ऐन कार्यन्वयन गर्ने सिलसिलामा ऐनले नै व्यवस्था गरे बमोजिम अपाङ्गता समन्वय समितिलाई परिचयपत्र बितरण गर्ने कार्यमा मात्र सिमिति गरिनु हुँदैन किनभने यसको कार्य क्षेत्र ऐनमा तोके बमोजिम फराकिलो रुपमा प्रयोग गरि कार्यन्वयन गर्नका लागि सरोकारवाला निकायहरुले आफ्नो स्थानिय निकायहरुमा वकालत तथा पैरवी गर्नुपर्ने आवश्यक देखिन्छ ।

**८.२. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली, २०७७ :**

**सुझावहरुः**

- यस नियमावलीले अति र पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्ने अभिप्रायले पुर्ण र अति असक्तको बिषयमा मात्र केन्द्रित भएर बनाएको देखिन्छ । जसले गर्दा पहिल्यै देखि अपाङ्गता भएका व्यक्तिले प्राप्त गरिरहेका सेवा सुबिधाहरुमा प्रश्न उठने वा कटौति हुने सम्भावना देखिएको छ । त्यसैले यस नियमावलीलाई पुर्नबिचार गर्नु पर्ने देखिन्छ । यसैगरि अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिने सामुदायिक सेवा, सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था, निशुल्क शिक्षा, खेलकुद, कर छुट, सहुलियत सुबिधा लगायतमा तोकिए अनुसार हुने भन्ने वाक्याशंहरुमा ऐनको भावना बमोजिम सवै प्रकारमा अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गर्ने गरि पुर्नबिचार गर्नु पर्ने देखिन्छ साथै अपाङ्गता भएका व्यक्तिले प्राप्त गरिरहेका सेवा सुबिधाहरुमा प्रश्न उठने वा कटौति हुने व्यवस्थाहर सच्याई पहिलेदेखि नै प्राप्त गरिरहेको सेवा सुबिधाहरुलाई निरन्तरता दिन बाझिएका व्यवस्था संशोधन गर्न जरुरी देखिन्छ ।
  - परिभाषा खण्डमा अभिभावक भन्नाले अटिजम भएका व्यक्तिको अभिभावक पनि थप्नु पर्ने ।
  - परिभाषा खण्डमा २ वटा बुदाहरु स्पष्ट रुपमा खुलाएर थप्नु पर्ने जस्तै बुदा १. सर्पोट डिसिजन मेकिङ (Support decision Making) भन्नाले आफ्नो निर्णय आफै गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिका बारेमा तोकिए बमोजिम अधिकार प्राप्त सिमितले गरेको निर्णय जनाउँछ । त्यसैगरि बुदा नं. २ मा सिघ्र पहिचान र हस्तक्षेप (Early identification and Intervention ) भन्नाले नवजात शिशु जन्मदेखी ६ बर्ष उमेर सम्मको बच्चाको शारीरिक, मानसिक, बौद्धिक तथा बिकासात्मक अवस्थाको सर्वाङगीण बिकास लेखाजोखा र त्यसका आधारमा अपाङ्गताको पहिचान सिघ्र पहिचान हो र सो अवस्थाको पहिचान पछिको न्यूनिकरण तथा उमेर सापेक्ष बिकासका लागि गरिने कार्यहरु समेतलाई सिघ्र हस्तक्षेधप जनाउनेछ ।

- परिच्छेद २ को ७ नम्बर बुदामा अपाङ्गता भएका व्यक्तिको अभिलेख राख्ने बिषयमा अनुसुचि ४ बमोजिमको ढाँचामा तयार गरि राख्नु पर्छ भनी लेख्नु पर्ने र अनुसुचि ४ बनाईनु पर्ने त्यसका लागि बिबरण बिस्तृत रूपमा रहने गरि पुनर्लेखन गर्नु पर्ने ।
- सामुदायिक सहायता सेवा सम्बन्धि स्थानीय तहको वडास्तरमा देहायबमोजिम सामुदायिक सहायता सेवाहरू निःशुल्क उपलब्ध गराइनेछ ।

क. व्यक्तिगत सहयोगी सेवा

अ. सघन (२४ घण्टा अवश्यक पर्ने) सहयोगी सेवा

आ. आंशिक सहयोगी सेवा ( कम्तीमा ६ घन्टा प्रिति हप्ता अवश्यक पर्ने)

इ. पटके सहयोगी सेवा (आवश्यकता अनुसार, तर निरन्तर नचाहिने)

ख. अपांगता हेरचाह तथा तालिम केन्द्र

अ. हेरचाह तथा स्याहार

आ. थेपरापी तथा दैनिक जीवनयापन सीप

इ. सामाजिकीकरण सीप

इ व्यवसायीक सीप

ग. परामर्श सेवा

अ. सामान्य/निरन्तर परामर्श सेवा

आ. दउतरी परामर्श

इ. अभिभावक / परिवार परामर्श

इ क्लिनिकल परामर्श सेवा

उ. अन्य परामर्श सेवा

घ. सपोर्ट डिसिजन मेकिङ सेवा

१. स्थानीय तह (वडा कार्यालय) ले यस्ता सेवा सुविधाको प्रचार प्रसार गर्नु पर्छ । प्रचार प्रसार र अन्य जुनसुकै माध्यमबाट कार्यालयमा प्राप्त सुचना व्यवस्थित तरिकाले विस्तृत जानकारी हुनेगरी अनुशुचि ४ अनुशार राख्ने व्यवस्था गर्नु पर्छ ।  संकलन भएका विवरणलाइ विश्लेषण गरी उपयुक्त सामूदायीक सेवाको लागि सिफारिस सहित वडा समितिमा पेश गर्नु पर्छ । वडा समितिले सामूदायीक सहायता सेवा पाउने वा नपाउने निर्णय गर्नु पर्छ । निर्णय अनुसारको सेवा वडा कार्यालयले उपलब्ध गराउनु पर्दछ । यस्तो सेवा दिँदा अपांगताको गाम्भिर्यता ख्याल गरी अपांगता हेरचाह तथा तालिम केन्द्र मार्फत सेवा सरूवात गर्नु पर्नेछ । केन्द्र स्थापना भइनसकेको अबस्थामा कम्तिमा त्यस्तो ब्यक्तिले पाउने सामाजिक सुरक्षा भत्ता भन्दा कम नहुने गरि परिवारलाइ हेरचाह तथा स्याहार खर्च उपलब्ध गराउनु पर्ने छ र यथासिघ्र केन्द्र सञ्चालन गरि केन्द्र मार्फत सेवा दिनु पर्दछ । केन्द्रबाट प्रदान गरिने सेवा अल्पकालीन (व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउन नसके सम्म) हुने छ, व्यक्तिगत सहयोगी सेवा यथाशक्य चाँडो नियम ९.१(क). बमोजिम उपलब्ध गराउनु पर्ने छ ।

२.सामूदायीक सहायता सेवा सञ्चालन, व्यवस्थापन, व्यक्तिगत सहयोगी, हेरचाहकर्ताको योग्यता, तालिम, गुणस्तर, अनुगमण लगायतका विषयमा सामूदायीक सहायता सेवा सञ्चालन निर्देशिका बमोजिम हुनेछ । जुन मन्त्रालयले यो नियमावली जारी भएको ९० दिन भित्र वा यथाशिघ्र जारी गर्ने छ ।

३. सपोर्ट डिसिजन मेकिङका लागि स्थानिय तहको वडा स्तरमा देहाय बमोजिमको एक समिति रहने छ

अ. वडाको अध्यक्ष वा निजले तोकेको वडा सदश्य ‘‘‘संयोजक

आ. त्यस्तो ब्यक्तिको परिवारको मुख्य ब्यक्ति ‘‘‘‘ सदस्य

इ. त्यस्तो ब्यक्तिको अपांगताको प्रकृति अनुसार वा अपांगताका क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि वा अपांगता बुझेको ब्यक्ति ‘‘‘ सदस्य

इ. निर्णय गर्नुपर्ने बिषयको बिज्ञ ‘‘‘‘‘‘‘‘..आमन्त्रित

यस समितिले सपोर्ट डिसिजन मेकिङ सेवा दिन अवश्यक पर्ने ब्यक्तिलाइ त्यस्तो ब्यक्तिको रोहवरमा त्यस्तो ब्यक्तिको सर्बोपरि हितलाइ ध्यानमा राखि सम्भब भएसम्मका प्रबिधि वा उत्तम बिकल्पहरूको प्रयोग गरि नर्णय गर्ने छ । बौद्धिक तथा बिकासात्मक अपांगता भएका ब्यक्तिहरू तथा अपांगताको रातो परिचय पत्र प्राप्त ब्यक्तिहरू यस्तो सेवाका हकदार हुनेछन् र यस्तो सेवाका हकदार ब्यक्तिका हकमा लिइने सबै निर्णयहरूमा यस समितिको निर्णय आवश्यक हुनेछ । यस्तो निर्णय बिनाको कुनैपनि कार्यले कानूनी मान्यता पाउने छैन ।

४. सामूदायीक सेवा उपलब्ध गराउँदा सम्भव भएसम्म सामूदायमा आधारित पुनस्थार्पना कार्यक्रम, अपांगता भएका व्यक्तिहरूका संस्था, विभिन्न विश्वविध्यालय तथा कलेजसँग समन्वय गरी गर्ने ब्याबस्था मिलाउनु पर्नेछ ।

- अपांगता भएको कारण सामान्य प्रकारका सवारी साधन चलाउन नसक्ने भइ मोडिफाइ गरी अपांगता भएका व्यक्तिले चलाउने सक्ने गरी बनाइएको अपांगतामैत्री सवारी साधन तथा चारपाङ्गे सवारी साधनको अवश्यकता पर्ने प्रकृतिका अपांगता भएका व्यक्तिका लागि त्यस्तो व्यक्ति वा परिवारले त्यस्तो व्यक्तिको आवागमनको लागि चारपाङ्गे सवारी साधन लिन चाहेमा त्यस्तो व्यक्तिकै नाममा कम्तिमा ५ बर्षसम्म बेचबिखन गर्न र अन्य प्रयोजनमा प्रयोग गर्न नपाउने गरी वडा अध्यक्षको सिफारिसमा नेपाल सरकारले सबै प्रकारका करहरू छुट गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।
- संरक्षक तथा अभिभावक बिना व्यवसाय गर्न नसक्ने पूर्ण अशक्त, बौद्धिक, अटिजम, बहुअपांगता, श्रवणदृष्टिविहिन लगायतका अपांगता भएका व्यक्ति वा त्यस्तो व्यक्तिका अभिभावक वा संरक्षकले व्यवसाय गर्न चाहेमा अभिभावक वा संरक्षकले त्यस्तो व्यक्तिका हितमा काम गर्ने गरि उल्लेखित सम्पूर्ण सुविधाहरू पाउने ब्याबस्था मिलाउने ।
- सिघ्र पहिचान तथा हस्तक्षेपका लागि स्थानीय तहमा सम्भव भएसम्म बसेषज्ञ वा तालिमप्राप्त स्वास्थ्यकर्मीको ब्याबस्था, उपयूक्त सिघ्र पहिचान तथा हस्तक्षप सामग्रिको बिकास र अन्य उपयूक्त बिश्वासिलो ब्याबस्था मिलाउनु पदर्छ । यसका लागि मन्त्रालयले देहायका प्राबधानहरू समेत राखि यथासिघ्र स्वास्थ्य मन्त्रालय समेतसंग समन्वय गरि सिघ्र पहिचान तथा हस्तक्षेप निरदेशिका जारि गर्ने छ ।
- समान उमेरका अन्य बालबालिकामा विकास हुने उमेर अनुसारका लक्षणहरू नदेखिएमा अभिभावक वा सामाजिक कार्यकर्ता वा त्यस्तो बुझ्ने जो कसैले त्यस्तो बच्चा बसोबास गरिरहेको वडा कार्यालयमा सुचना गर्नु पर्ने,

- अपांगता पहिचान भएका बालबालिकाका परिवारलाइ परिवार सहायता कार्यक्रम जस्तै हेरचाह तालिम, सहयोगी ब्यक्ति वा  सामग्रीको ब्याबस्था लगायतका आबश्यकीय सहायता प्राकृतिक वाताबरण (Family support Approach) मा उपलब्ध गराउने,
- अवधिक रूपमा मुल्यांकन गर्ने, सेवा घटाउने, बढाउने, थेरापिहरूको ब्याबस्था लगायतका निर्णयहरू तिन तिन महिनामा गर्ने ब्याबस्था गर्ने ।
- अपांगता भएका बालबालिकाहरूलाइ पढाउने निजी विद्यालयलाइ सरकार तथा सरोकारवालाबाट सुबिधा, सहुलियत तथा सहयोग उपलब्ध गराउनु पर्दछ ।
- ब्यक्तिगत सहयोगी सेवा, दिवा खाजा, पोशाक सामग्री, सहयोगी शिक्षक, सम्बन्धित अपांगताको विज्ञ शिक्षक उपलब्ध गराउनेछ ।
- सूचना प्रविधिको माध्यमबाट अध्ययन अध्ययापनमा आवश्यक पर्ने  डेजि, युपिआर जस्ता कम्प्युटर, सरल भाषा तथा चित्रात्मक सामाग्री, श्रव्य दृष्य सामग्री वा सूचना प्रविधिका सामग्रीहरु ।
- अपांगता भएका व्यक्तिले अपांगता भएकै कारण खानु पर्ने औसधि तथा उपचारको व्यवस्था स्थानिय तहको वडा कार्यालयले उपलब्ध स्वास्थ्य संस्था मार्फत मिलाउनु पर्छ । चिकित्सकको सिफारिसमा त्यस्ता व्यक्तिले अपांगताका कारणले सेवन वा प्रयोग गर्नुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर निःशुल्क रुपमा उपलब्ध गराउने छ । त्यस्तो व्यवस्था गर्न नसकेमा वडा कार्यालयले औषधि उपचार खर्च रकम सोधभर्ना उपलब्ध गराउनेछ ।
- पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा समितिमा सञ्चालन गर्ने संस्थाले अभिभावकलाई पनि सदस्यमा राख्ने व्यवस्था गर्नुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले निर्णय गरे बमोजिमको जीवनयापन गर्न पुग्ने न्यूनतम रकम मासिक रुपमा जीवनयापन भत्ता उपलब्ध गराउनेछ ।
- कुनै व्यक्ति दुर्घटना वा अन्य कुनै कारणबाट अपांगता हुन गइ यस नियमावलीको सुविधा अकर्षित हुँदा अस्पतालले सम्बन्धित व्यक्ति बसोबास गर्ने वडामा लेखि पठाउनु पर्दछ र यसरी रिफर भइ भइ अएका व्यक्तिले अपांगता भएका व्यक्तिका सुविधाहरू पाउनेछन ।
- यात्रा गर्दा अपांगता भएका व्यक्तिको व्यक्तिगत सहयोगीलाइ समेत भाडामा पचास प्रतिशत छुट दिइनेछ ।
- गुणस्तरीय र उपयुक्त सहायक सामाग्री नेपालमै उत्पादन गर्न प्रोत्साहन गरिने छ र त्यस्ता सहायक समाग्री उत्पादन गर्ने उद्योग वा कम्पनीलाइ आयकरमा छुट दिइनेछ ।
- सहायक समाग्री उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ, मेसिन तथा औजार र उपकरणहरू खरिद वा आयात गर्दा नेपाल सरकारले सम्पूर्ण करहरू छुट दिने छ ।

### ८.३. **अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुनर्स्थापना) नीति, रणनीति तथा १० बर्षे कार्ययोजना २०७३- २०८२ :**

**सुझावहरुः**

- यो दस्तावेजको बिश्लेषण गर्दा देश संघिय संरचनामा गएपछि सरकार निर्माण भए सँगसगै कार्ययोजना कार्यान्वयनका सवालमा रहेका भिन्न भूमिका, कार्ययोजना भित्र भएका

क्रियाकलापहरुको मापनयोग्य सूचना सहितको कार्यन्वयन निर्देशिकाको अभावका कारण कार्ययोजना खासै व्यवहारिक रुपमा लागू हुन जटिलता देखिएको छ अर्कोकुरा यो दस्तावेजको बारेमा सरोकारवाला निकाय र सेवा प्रदायक निकायहरु माफ नै यो दस्तावेजको व्यापक रुपमा प्रचार प्रसार हुन नसकेको हुँदा अधिकांश निकायहरु यसको बारेमा अनभिज्ञ रहेको पाईन्छ तसर्थ आम जनसमुदाय, अधिकारकर्मी, अधिकारवाला, सरोकारवाला निकाय र सेवा प्रदायक निकायहरु सम्म व्यापक रुपमा प्रचार प्रसार गर्न आगमी दिनमा जनचेतनामुलक कार्यक्रम र सामग्रीहरु बनाई सूसुचित गराउदै यसको कार्यन्वयन गर्नेका लागि अपाङ्गता व्यवस्थापन सम्बन्धी कार्यन्वयन निर्देशिका बनाई लागू गर्नु पर्ने आवश्यकता देखिन्छ ।

- अपाङ्गता भएका महिलाको सवालमा हरेक कृयाकलापहरुमा लैगिंक दृष्टिकोणबाट बिशेष व्यवस्था र कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ किनभने अपाङ्गताको समग्रतामा भित्र पनि अपाङ्गता भएका महिला र बालिकाहरुले अझै पनि उचित स्वास्थ्य उपचार, पुर्नस्थापना, रोकथाम र स्वास्थ्य सहयोगी पाउने सर्न्दभमा निकै नै पछाडि परिरहेको अवस्था छ जसले गर्दा उनीहरुको अन्य क्षेत्रलाई पनि प्रभाव पार्ने भएकाले अपाङ्गता भएका महिलाहरुको स्वास्थ्य सम्बन्धि रोकथाम, प्रर्वद्धन र संरक्षण गर्ने खालका कृयाकलापहरु बनाईनु पर्छ ।
- बिद्यमान अवस्थामा स्थानिय स्तरमा समयमै अपाङ्गताको पहिचान गरि उपयुक्त परामर्श दिन सक्ने, प्रारम्भिक व्यवस्थापन र पुर्नस्थार्पनाका कामहरु गर्न सक्ने र प्रषण सेवा दिन सक्ने ज्ञान र सीपको कमी हुनुको साथै पर्याप्त स्वास्थ्य र पुर्नस्थापना सम्बन्धी बिज्ञ एवंम मानव स्रोतको व्यवस्था गर्नु पर्ने हुन्छ

## ८.४. अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९:

**सुझावहरुः**

यो ऐनलाई अपाङ्गताको पक्षमा वकालत गर्ने सामग्रीको रुपमा लिन सकिन्छ र तर यसको कार्यान्वयन पक्ष भने अझै पनि कमजोर अवस्थामा छ । यसको कार्यान्वयनका लागि राज्यका निकायहरुलाई समेत यसमा भएको व्यवस्थाको बारेमा सचेतीकरण गर्दै गराउदै कार्यान्वयन गराउनका लागि शासन सत्तामा रहेका व्यक्तिको आचरण, व्यवहार र आम नागरिकको दवावले पनि निर्धारण गर्न सक्दछ ।

निर्देशिकामा जे जति बुदाहरु उल्लेखित छन् त्यसका आधारमा पहुँचयुक्त संरचना निर्माण सम्बन्धी सचित्र पुस्तिका, पोष्टर, वा अन्य प्रकाशनहरु बनाउन सकिन्थ्यो ।

निर्देशिकामा शारीरिक अपाङ्गता, दृष्टि सम्बन्धी अपाङ्गता, र सुनाई सम्बन्धी अपाङ्गता सँग सम्बन्धीत बिषयबस्तुलाई मात्र बढी सम्बोधन गरिएको छ त्यसैले १० प्रकार अपाङ्गता भएका व्यक्तीहरुको पनि सरोकारवाला सँगको छलफल र परामर्शबाट अपाङ्गताका अरु आयामहरु, आवश्यकता र समस्या बिश्लेषण गरि सबैको लागि पहुँचयुक्त बनाउनका लागि निर्देशिका परिमार्जन गर्नु जरुरी देखिएको छ ।

राष्ट्रिय भवन संहिता (२०६) र महिला, बालबालिका तथा उक्त निर्देशिका २०६९ मा पहुँचयुक्ततका प्रावधानहरुमा एकरुपता नदेखिएकाले दुवै मन्त्रालयले समन्वय गरि एकरुपता दिनु जरुरी देखिन्छ ।

शहरी र ग्रामिण दुवै क्षेत्रका आवश्यकताहरु फरक/फरक छन् । भौगोलिक जटिलता, सामग्रीको उपलब्धता र प्रबिधिको उपलब्धता अनुरुप पहुँचयुक्त संरचना निर्माणका उपयुक्त बिकल्पहरुलाई निर्देशिकाले समेटन पर्दछ ।

ग्रामिण ढाँचामा स्थानीय सामग्रीको प्रयोग गरि पहुँचयुक्त संरचना निर्माण सम्बन्धी प्राबिधित निर्देशिका, पोष्टर, भिडियो सामग्री बनाई प्रचार प्रसार गर्नु जरुरी छ । स्थानीय जनप्रतिनिधि र प्राबिधिकहरुलाई पहुँचयुक्त संरचना निर्माण सम्बन्धी तालिम दिई क्षमता अभिबृद्धि गर्नु पनि जरुरी देखिएको छ ।

निर्देशिकामा नमूना नक्सा तथा चितहरुको प्रयोग असाध्य्र कम देखिएको छ । पहुँचयुक्तता प्रवर्धनका कुराहरुलाई नमूना नक्सा तथा चित्रहरु मर्फत थप प्रष्ट पार्नु जरुरी देखिएको छ । निर्देशिकामा प्रयोग भएका चित्रहरु प्रभावकारी देखिएका छैनन् । अन्तरार्ष्ट्रिय अभ्यासको समेत अध्यायन गरि तथा पहुँचयुक्तताको क्षेत्रमा काम गरिरहेका प्राबिधित ता सो सँग सम्बन्धित संस्थाहरुसँग समेत छलफल गरि प्रभावकारी नमूना नक्सा र चित्रहरु राख्न जरुरी देखिन्छ ।

प्राबिधिक बिवरणहरु उल्लेख गर्दा नापमा एकरुपता ल्याउन जरुरी छ । कतै फिट र ईन्च त कतै सेन्टिमिटर र मिलिमिटर लेखिएको छ । व्याख्यामा सेन्टिमिटर लेखेर नक्सामा मिलिमिटर पनि देखिएको छ ।

- पहुँचयुक्तताका सर्वव्यापी सिद्धान्तहरुलाई तथा युएनसीआरपिडिको मर्मलाई राम्ररी प्रतिबिम्वित गर्नु जरुरी छ ।
- भवनभित्र पहुँचयुक्त हुनेगरि रंग संयोजन गर्नुपर्ने, प्रकाश संयोजन गर्नुपर्ने जस्ता कुराहरु निर्देशिकामा राम्ररी खुलाउनु जरुरी छ ।
- गाईडिङ्ग ब्लकहरु र्ध्साहरु, दृष्टिबिहिन व्यक्तिले महसूस गर्न सक्नेगरि बनाउनु पर्ने कुरा उल्लेख गरिएपनि त्यसको नाप खुलाईएको छैन । सो नाप खुलाउन जरुरी छ ।
- भवन संरचना भित्र र्याम्प र ट्याकटायल टायलको प्रयोग बाहेक पहुँचयुक्त, संकेतपाटि, पहुँचयुक्त सुचनापाटि, आवाज, संकेत, दृश्य, अडियो गाईड आदि प्रबिधिहरुको प्रयोगबारे पनि निर्देशिकामा प्रष्टसँग समेटिनु जरुरी छ ।
- आईएसओ (ISO) कोडका प्राबधानहरु पहुँचयुक्तताका बिश्वव्यापी सिद्धान्त अनुरुप देखिएकाले त्यसमा उल्लेखित मापदण्डहरु हाम्रा लागि मार्गनिर्देशिक हुनेछन् ।
- मन्त्रालयको यो क्षेत्रलाई उच्च प्राथमिकता दिनु जरुरी देखिएको छ पहुँचयुक्तता परिक्षण, प्रशिक्षण, नमूना निर्माण कार्यहरुमा कार्यक्रम थप गरि देशभर नै पहुँचयुक्तता प्रर्वद्धन गर्ने कार्यक्रम बढाउनु जरुरी देखिएको छ ।

## ९. सन्दर्भ सामग्रीहरु


- मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र, १९६६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनतर्राष्ट्रिय अनुबन्धपत्र, १९६६
- महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९
- बाल अधिकार महासन्धि, १९८९
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २००६
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली, २०७७
- अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुनर्स्थापना) नीति, रणनीति तथा १० बर्षे कार्ययोजना २०७३- २०८२
- अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९
- अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र निर्देशिका २०६५ (पहिलो संसोधन २०७३) र कार्यबिधि
- अपाङ्गता समावेशी स्वास्थ्य सेवा राष्ट्रिय निर्देशिका, २०१९
- नेपालको संविधान २०७२
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७४
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५
- अपराध पिडित संरक्षण ऐन २०७५
- बालबालिका सम्बन्धी ऐन, २०७५
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
- राष्ट्रिय स्वास्थ्य नीति २०७६
- स्वास्थ्य बिमा ऐन २०७४
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी देवानी (संहिता) ऐन, २०७४
- घरेलु हिंसा (कसुर सजाय) ऐन २०६६ तथा नियमावली २०६७
- प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४
- प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४
- मतदाता नामावली ऐन २०७३
- स्थानिय तह निर्वाचन ऐन २०७३

- प्रमाण ऐन २०३१
- बालबालिका सम्बन्धि ऐन २०७४
- बैक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३
- सवारी यातायत व्यवस्था ऐन २०४९
- घर जग्गा कर ऐन २०१९
- कारागार नियमावली, २०२०
- धितोपत्र कारोबार नियमावली, २०५०
- राष्ट्र ऋण नियमावली, २०५९
- वैदेशिक रोजगार नियमावली, २०६४
- शिक्षक सेवा आयोग नियमावली, २०५७
- सहकारी  नियमावली, २०४९
- सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६०
- सैनिक सेवा नियमावली, २०६९
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४
- धनादेश नियमावली, २०३१